# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४०
पू
र्णा
ङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

१० वर्ष

४ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त
प्रकाशक—
देवीप्रसाद भण्डारी
( संशोधन-मण्डलद्वारा )
सहयोगी—
रामजी तेवारी

यस अङ्कको मूल्य रु. १२।

# विषयसूची


पृष्ठ

**१. श्री ३ महाराज पद्मशमशेरका कुरा** *नयराज पन्त* १५५–२७६

समर्पण १५६–१५७
प्रस्तावना १५८
कोतपर्व हुनुभन्दा केहीअगाडिको अवस्था १५९–१६१
कोतपर्व १६१–१६३
जङ्गबहादुरको चिन्तन १६४
भण्डारखालपर्व १६५
राजदम्पतीको काशीयात्रा १६६–१६७
श्री ५ सुरेन्द्रविक्रमको सिंहासनारोहण १६७–१७०
अलौपर्व १७०–१७५
जङ्गबहादुरको राजकाज १७५–१८२
बयालीस सालपर्व १८२–१८६
श्री ३ पद्मको वैधानिक कानून १८६–२१०
शिक्षा १८६–१८८
राजा १८८–१९०
परराष्ट्र १९०–१९१
ठचाहा मठचाहा राणासङ्घर्ष १९१–१९५
सुधार गर्ने इच्छा १९५
श्री ३ जुद्ध १९५–१९८
श्री ३ जुद्धको राजत्याग, श्री ३ पद्मको उदय १९९
आयव्ययविवरण १९९–२००
दरखास्तपरिषद् (लोकसेवाआयोग) २०१–२०२
राष्ट्रसभा २०२–२०३
न्यायालय २०३–२०४
श्री ३ पद्मको शासनसुधारको प्रस्ताव २०४–२०५
भारादारी सभाको बहस २०५–२०७
नेताहरूसँग भेट २०७
श्रीप्रकाशको आगमन २०७–२०८
वैधानिक कानूनको घोषणा तथा प्रकाशन २०८–२०९
श्री ३ पद्मको नेपाल छोडी भारतमा वास २०९–२१०

श्री ३ मोहनको राजकाज २१०–२३७
सल्लाह २१०–२१३
श्री ३ मोहनको उदय २१३–२१४
नेपाली सेनाको भारतगमन (श्री ३ जङ्गको पालामा) २१४
नेपाली सेनाको भारतगमन (श्री ३ चन्द्रको पालामा) २१५
नेपाली सेनाको भारतगमन (श्री ३ जुद्धको पालामा) २१५
नेपाली सेनाको भारतगमन (श्री ३ मोहनको पालामा) २१६–२१७
नेपालको स्वातन्त्र्यरक्षाको प्रयत्न २१७
राष्ट्राध्यक्ष बन्ने उद्योग २१७
श्री ३ मोहनको भारतयात्रा २१८
सात सालको क्रान्तिभन्दा केही पहिलेको अवस्था २१८–२२२
विरोधी मठयाहा राणाको सम्पत्ति रोक्का २१८–२१९
श्री ३ मोहनबाट राष्ट्रसभाको उद्घाटन २१९–२२०
नेपाली काङग्रेसको विद्रोह गर्ने निर्णय २२०–२२१
काठमाडौँमा खलबल २२१
श्री ५ त्रिभुवनको भारतीय प्रधानमन्त्री श्रीजवाहरलाल नेहरूसँग गुप्त चिठीपत्र २२१–२२२
७ सालको क्रान्ति २२२–२३७
श्री ५ त्रिभुवनको नेपालस्थित भारतीय दूतावासमा प्रवेश तथा सिंहदरबारमा सभा २२२–२२५
वि. सं. १९०४ मा प्रधानमन्त्री जङ्गबहादुरले श्री ५ सुरेन्द्रविक्रमलाई सिंहासनारोहण गराउँदाको अवस्थासँग वि सं. २००७ मा श्री ३ मोहनशमशेरले श्री ५ ज्ञानेन्द्रवीरविक्रमलाई सिंहासनारोहण गराउँदाको अवस्थाको तुलना २२५–२२७
श्री ५ ज्ञानेन्द्रको सिंहासनारोहण २२७–२२८
सशस्त्र विद्रोह २२८
विद्रोहीहरूका प्रचार २२८–२२९
श्री ५ त्रिभुवनको दिल्लीप्रस्थान २२९–२३०
राणासरकारको पक्षमा भारतसरकार रहेनछ भन्ने कुरा सबैले बुझे २३०–२३१
राणासरकारको पक्षमा अङग्रेजसरकार थियो, तर काम भएन २३१–२३२

नेपाली सेना राणाकै भक्त भईरह्यो २३२–२३३
विद्रोह बढ्दै गयो २३३–२३४
भारतसरकारको घोषणा २३४–२३५
कुनै पनि मित्रराष्ट्रले श्री ५ ज्ञानेन्द्रलाई राजा मानेन २३५
विद्रोहीको हौसला बढ्दै गयो, राणाका पक्षका मानिस पनि विपक्ष बन्न लागे २३५–२३६
श्री ३ मोहनलाई पछुतो पऱ्यो २३६
श्री ३ मोहनद्वारा श्री ५ त्रिभुवनको राज्याधिकारको स्वीकार २३६
राणा काङ्ग्रेसको सन्धि २३७
श्री ५ त्रिभुवनको फिर्ती सवारी २३७
प्रजातन्त्र २३८–२५०
राणा काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डल २३८
विद्रोह दबाउन भारतीय सेना ल्याइयो २३८–२३९
गोरखादल २३९–२४१
प्रजातन्त्रको अनुभव २४१
राणा काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डलको भङ्ग २४२
काङ्ग्रेसी मन्त्रिमण्डल २४२–२४३
श्री ३ मोहन, मिनिष्टर याण्ड कम्याण्डर इन–चीफ बबर तथा श्री ३ पद्मको उस्तै अवस्था २४३
श्री ३ मोहन र मिनिष्टर याण्ड कम्याण्डर इन–चीफ बबरका विचार २४३–२४४
श्री ३ चन्द्रको पालाको तथा श्री ३ मोहनको पालाको अवस्थाको तुलना २४४–२४५
श्री ३ पद्मको कुरा श्री ३ मोहन र मिनिष्टर याण्ड कम्याण्डर इन–चीफ बबरको मनले खाएन २४५
श्री ३ मोहनको अदूरदर्शिता २४६
राणाका दुष्कीर्तिको प्रचार २४६–२४८
काङ्ग्रेसी शासन २४८–२४९
थुप्रै दलको उत्पत्ति २४९–२५०
अहिलेको अवस्था राजाले मात्र सञ्चालन सक्छन् २५०
आशीर्वाद २५०
श्री ३ पद्मबाट राजकाजमा सुधार गर्नेबारे नेपालका मुख्य–मुख्य भारादारसँग गरिएका प्रश्न (१ परिशिष्ट) २५१–२५२
नेपालसरकारको वैधानिक–कानून संवत् २००४ (२ परिशिष्ट) २५३–२७६
**२. राणाजीका स्वास्नीमान्छेहरूले कल्की लाउने विषयमा** *–महेशराज पन्त* **२७७–२७९**

# श्री ३ महाराज पद्मशमशेरका कुरा

—नयराज पन्त

# समर्पण

राणाकालको *मुलुकी ऐन*को अदलको ३१ नं.

अबउप्रान्त जुनसुकै कुराको किताप छापनु छपाउनु पर्दा, गोर्खाभाषा प्रकास समितिमा लगी जँचाई, छापन छपाउन हुन्छ भन्न्ये निस्सा लगाई दिए पछि मात्र छपाउन हुन्छ; निस्सा नली तेसै छापने छपाउने गर्न हुँदैन. जँचाउन ल्याएमा, समीतिले पनी छपाउन दिन हुने लायक्को देखिए, छापन छपाउन हुन्छ भनी तेसै कितापमा लेखि हाकिमको र अड्डाको छाप समेत लगाई दिनू. सो निस्सा नली तेसै छापने छपाउने-लाई, छापी प्रकास गर्न हुने लाएक्को कुरा लेखिएको किताप भए ५० रुपैया दण्ड गर्नू; छापी प्रकास गर्न नहुने नालायक्का कुरा लेखिएको किताप भए, सो कितापहरू जफत गरीली, सजाय लाई कौसलमा जाहेर गरी निकासा भए बमोजिम गर्नू. यस्तो मुद्दामा बादि खडा नभएपनी सर्कार बादि भई तहकीकात गर्नुपर्छ.

श्री ३ चन्द्रको पालादेखि वि. सं. २००७ को परिवर्तन नभएसम्म यो नियम चलनचलतीमा रह्यो ।

*संवत् २००६ साल वैशाख ५ गते रोज १ देखि जारी भएको मौलिक हकसम्बन्धी ऐनको छापाखाना र प्रकाशन सम्बन्धी वाक्स्वतन्त्रता सम्बन्धी र सभा वा संघ सम्बन्धी विषयको नियम*

मुलुकी ऐनको अदलको नम्बर ३१ ले जुनसुकै कुराको किताप छपाउँदा समिति पास गराई मात्र छपाउनुपर्दछ भनी लेखिएकोबाट समितिमा पास भएको प्रुफबाट छपाई तयार भएका कितापहरू फेरि रुजु गर्ने नभै बीचमा घटी बढी पारी लेखिएको छापिन गएमा पनि थाहा हुन नआउने भैरहेकोले मौलिक हकसम्बन्धी ऐनको छापा र प्रकाशनसम्बन्धी ऐनको नम्बर १२ मा छापिएका किताप १ महीनाभित्र तोकिएका ठाउँमा दाखिल गर्ने भएबाट प्रुफमा रुजु गरी ठीक भए नभएको अड्डाबाट जाँचिन पाउने भै लेखिएको ऐन जारी भएकोमा सोही ऐनको नम्बर ३४ मा यो ऐन जारी भएपछि यो ऐनअनुसार बनेका नियमहरू मुलुकी ऐनमा वाझिएको भए वाझिएको जति ऐन खारेज भएको संझनुपर्छ भन्ने लेखिएबाट धेरै जसोले मुलुकी ऐन खारेज भएको संझी सो ऐन कायमगरी साविकवमोजिम पास गर्ने गरी पाउँ भन्ने दर्खास्त पर्न आएको हुनाले समेत लेखिएवमोजिम प्रष्ट नखुली दुविधा पर्न गएकोमा माथि लेखिएवमोजिम भएको कारणबाट मौलिक हकसम्बन्धी ऐन जारी भएको हुनाले सो दुबै ऐन कायमै

रहेको हुँदा जोसुकैले पनि जुन सुकै किताप अर्थात् पुस्तक पत्रपत्रिका इत्यादि छपाउन मनसुवा गर्नेहरुले २ प्रति लेखी सहिछाप गरी समितिमा दाखिल गर्नुपर्छ । समितिले पनि सो कापी दाखिल भएपछि जाँची वुझी छपाउन ठीक ठहरेकोमा १ प्रति अड्डामा राखी १ प्रतिमा छपाउन हुन्छ भन्ने अड्डाको निस्सा दिनू, सो निस्सा लगाईदिएको प्रुफ कापी बमोजिम छापी तयार भैसकेपछि सो छापिएको २ प्रति छापाखाना प्रकाशन सम्बन्धी ऐनको १२।१७ नं. मा लेखिएका टायमभित्र समितिमा दाखिल गर्नुपर्दछ । सो दाखिल भएपछि पहिले जाँची पास भएको प्रुफमा मिलाई मिलेकोमा १ प्रति समितिमा राखी १ प्रतिमा समितिले निस्सा लगाइदिएपछि मात्र सदर हुन्छ । यति रीत नपुऱ्याई छाप्ने छपाउने विक्री गर्ने प्रचार गरे गैरकानूनी ठहर्छ ११

यी अत्याचारदेखिन् अतिविकल भई काम्न छोड्दै गएका
दब्दै दब्दै गलेका पशुसदृश भई प्राण मात्रै बचेका।
यी हाम्रा लेखनीमा जुन उदित भई शक्ति केही दिलायो,
सो संवत् सालका ती प्रकरणहरुको सम्झनामा रहोस् यो ॥

– नयराज पन्त

संशोधन–मण्डल

वि. सं. २०३५ कार्तिक १ गते बुधवार

१०/३७४ वटु सवलबहाल

काठमाडौँ, नेपाल

# प्रस्तावना

जनसम्पर्कदेखि पर बसी लेखपढमा आफ्नो धेरै समय बिताउने सामान्य पण्डित म हुँ। राजनीतिज्ञ नेताहरूसँग मेरो सम्पर्क हुँदैन। *गोरखापत्र* आदि अखबार तथा पुस्तकहरूले बताएभन्दा बढ्ता राजनीतिका कुरा म थाहा पाउँदिनँ।

मैले टाढाबाट श्री ३ चन्द्रशमशेर तथा श्री ३ भीमशमशेरलाई देखेको हुँ। लम्बरी पण्डितको हैसियतले मैले श्री ३ जुद्धशमशेर, श्री ३ पद्मशमशेर तथा श्री ३ मोहनशमशेरका हातबाट टीका लाई दक्षिणा लिएको छु। मेरो लम्बरी दक्षिणा ३ रुपियाँ छ। वर्षको छ सात पटक लम्बरी दक्षिणा पाइने हुनाले प्रतिवर्ष श्री ३ बाट २१ रुपियाँ जति दक्षिणा म पाउँथेँ। विशेष उत्सव परेका वर्ष दक्षिणाको सङ्ख्या बाह्र चौधसम्म पुग्थ्यो।

श्री ३ पद्मले पनि मेरो कुनै उपकार गर्नुभएको होइन, श्री ३ मोहनले पनि मेरो कुनै अपकार गर्नुभएको होइन। तैपनि यस निबन्धमा श्री ३ पद्मको प्रशंसा र श्री ३ मोहनको निन्दा पर्न गए जस्तो भएको छ। त्यसको कारण सुनाउँछु।

मलाई लेखपढ गर्दा अत्यन्त आनन्द लाग्छ। आफूले जानेको विषयमा त्यस विषयलाई बुझ्ने मानिससँग छलफल गर्दा पनि मलाई आनन्द लाग्छ। परन्तु यस्तो छलफल गर्ने अवसर यहाँ उस्तो पाइँदैन।

मैले गणित ज्यौतिष केही पढेको हुनाले प्राचीनकालका त्यस विषयका विद्वान्का लेखसँग वर्तमानकालका त्यस विषयका विद्वान्का लेखलाई तुलना गरी लेखमाला चलाउने मेरो इच्छा उठेको हो। त्यस विषयमा दुइ चार निबन्ध प्रकाश गराउनुसिवाय अरू केही काम मैले अहिलेसम्म गर्न सकेको छैन।

आफ्नो जन्मभूमि नेपालको इतिहासविषयमा लेखमाला चलाउने इच्छा पनि मलाई लाग्यो र पाटनको इतिहासको आफूले गरेको अन्वेषणसम्बन्धी एउटा लेख *शारदा*मा छपाउन बि. सं. १९९६ मा दिएँ, तर सो लेख छापिएन। प्रा. तोत्रराज पाँडेसँग मिली *नेपालको संक्षिप्त इतिहास* लेखेँ। वि. सं. १९९९ मा सो ग्रन्थ तयार भयो, तर प्रकाश गर्न पाइएन। श्री ३ पद्मको पालामा वि. सं. २००४ मा सो ग्रन्थ प्रकाशित भयो। अरू लेख पनि प्रकाश गर्ने इच्छा त थियो, श्री ३ मोहनको शासनमा त्यसो गर्नु संभव भएन।

हाम्रो जस्ता साधारण लेखपढ गर्ने पण्डितहरूका लेख प्रकाश भएका भए तापनि राणाराज्यलाई केही हानि हुँदैनथ्यो। लेख प्रकाश गर्न नदिन कडा कानून बनाए तापनि राणाराज्य अडेन। यो कुरो मेरो मनमा वारंवार खेलिरहन्छ। त्यस कारण श्री ३ पद्म र श्री ३ मोहनका मनःस्थिति तथा राजकाजको विषयमा जानेबुझेसम्म विचार गर्नु मेरो लेखा अपरिहार्य हुन आउँछ। यसै कारण यो लेख यस रूपमा निस्केको हो।

विश्रामको समयमा चिन्तनको प्रवाहमा श्री ३ पद्मको भाषामा ढालेर मैले यी पद्य ४ महीना जति लगाई बनाएको हुँ। यसको साफी पनि मैले आफैँ गरेको हुँ। ठाउँठाउँमा हाल्नुपर्ने टिप्पणी हाल्न महेशराज पन्त र दिनेशराज पन्तबाट काम लिएको छु। अलिकता काम रामजी तेवारीबाट पनि लिएको छु। सबैलाई यथोचित धन्यवाद छ।

वि. सं. २०३५ कार्तिक १ गते बुधवार — नयराज पन्त

# श्री ३ महाराज पद्मशमशेरका कुरा

## कोतपर्व हुनुभन्दा केहीअगाडिको अवस्था[1]

जेठो छोरो यही हो, अधिकृति यसकै होस् भनी भूप खोज्थे,
कान्छीको प्रेमवर्षा सरस वचनले ती सधैँ मुग्ध हुन्थे।
छोरा रानी नमिल्दा कचपच घरमा नित्य भै नै रहन्थ्यो,
राजा राजेन्द्रलाई स्वगृहकलहले नित्य सन्ताप दिन्थ्यो ॥१॥

२०३४।११२।१

अधिकृति=अधिकार

जेठाको जन्मले नै नियत गरिदियो यौवराज्याधिकार,
त्यो खोस्नालाइ कान्छी नरपतिरमणी खेल्दथिन् खूप चाल।
छोरा रानी दुवैमा धरणिपति थिए उत्तिकै सक्तचित्त,
सौताने मामिलाले नृपतिगृह भयो छिद्रवाला तसर्थ ॥२॥

कान्छी नरपतिरमणी=श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाहका कान्छा बडामहारानी राज्यलक्ष्मी

---

१. वि. सं. २०३० मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* २५ अङ्कमा छापिएको वंशावली *नेपाल देशको इतिहास*, सो अङ्कका ४–१६ पृ.

वि. सं. २०२० मा ललितपुरबाट मदनपुरस्कारगूठीद्वारा प्रकाशित *नेपाली (त्रैमासिक)*को १७ पूर्णाङ्कका ३०–६६ पृष्ठमा छापिएको उत्तम कुँवरद्वारा अनूदित *सर हेनरी लरेन्सको जीवनी*

वि. सं. २०३१ मा दिल्लीबाट कस्मो पब्लिकेशन्जद्वारा पुनः प्रकाशित हेन्रि एम्ब्रोस ओल्डफील्डको *स्केच्इज् फ्रम् निपाल्* (नेपालको वर्णन) को १ भागका ३०६–३५६ पृ.

वि. सं. १९६६ मा इलाहाबादबाट प्रकाशित पद्मजङ्ग बहादुर राणाको *लाइफ् अफ् महाराज सर् जङ् बहादुर्* (महाराज जङ्गबहादुरको जीवनी) का १७–६६ पृ.

वि. सं. १९८३ मा काशीबाट काशी नागरीप्रचारिणी सभाद्वारा प्रकाशित जगन्मोहन वर्म्माको *राणा जंगबहादुर*का ११–८७ पृ.

वि. सं. २०१८ मा संशोधन-मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *अभिलेख-संग्रह* पहिलो भागमा छापिएको *इतिहासको खोजीमा मेरो अनुभव* भन्ने मेरो निबन्ध, सो भागका ३-४, १०–१२ पृ.

राजा राजेन्द्र आफैँ दृढहृदय भई गर्न भूपालकाज
गाह्रो मान्थे, अरूका वचनकन सुनी गर्दथे राजकाज।
राजाको चित्त ज्यादै तरल भइदिँदा बोल्न जान्ने मनुष्य
सौताने भामिलाले निजहित बहुधा गर्न हुन्थे समर्थ ॥३॥

राजाको चित्त ज्यादै अदृढ, नरपतिप्रेयसी स्वार्थसक्ता,
अल्लारे बैँसका नै युवनृपति हुँदा राज्यको ता अवस्था।
बिस्तारै बिग्रँदै गो, बहुत अनुभवी मारिए भारदार,
वैरीले हेप्न लागे, सकल जन भए त्रासको नै शिकार ॥४॥

युवनृपति =श्री ५ युवराजाधिराज सुरेन्द्रविक्रम शाह

हिन्दुस्थानी समस्त क्षितिपतिहरुका राज्य जित्तै क्रमैले
ठूलो साम्राज्य जोड्ने तरखरतिरमा आङ्ग्ल छन् सक्त ऐले।
देख्ता नेपालको यो विषम गति कुनै गर्दथे यो विचार,
"होला नेपाल चाँडै सितमुखहरुको एक मीठो शिकार" ॥५॥

आङ्ग्ल = सितमुख = अङ्ग्रेज

हाम्रा बाजेहरूमा कुँवर खलकमा सात भाई भएछन्,
जेठा बाठा सबैमा वचनपटु तथा जङ्ग शूरा रहेछन्।
रानीलाई रिझाई बहुत तरहले शौर्य चातुर्यबाट
भेट्टाएछन् तिनीले जनरल पद औ धेर पूर्णाधिकार ॥६॥

हाम्रा बाजेहरूमा कुँवर खलकमा सात भाई भएछन् = जङ्गबहादुर, बमबहादुर, बद्रीनरसिंह, कृष्णबहादुर, रणोद्दीपसिंह, जगत्शमशेर, धीरशमशेर। यिनको थर कुँवर हो। धीरशमशेरका छोरा भीमशमशेर, भीमशमशेरका छोरा पद्मशमशेर हुन्।

जङ्ग = जङ्गबहादुर

सौताको पुत्र जेठो छ त पनि नगरोस् राज्यमा त्यो बहाल,
होस् मेरै पुत्र राजा, नरपतिजननी भै गरूँ मै विहार।
यस्तो इच्छा भएकी नरपतिमहिषी काम त्यो पूर्ण गर्न
आफ्ना विश्वासवाला अनुचरसँग भै गर्दथिन् नित्य यत्न ॥७॥

रानीका यी कुराले नरपति अति नै चित्तमा खिन्न हुन्थे,
जाग्थे, नारी निमोठ्थे, हविगत नहुँदा किन्तु खुम्चेर बस्थे।
रानीको भाव बुझ्ने गगन हुन गए राज्यमा शक्तिशाली,
बिस्तारै शक्तिशाली जनरलहरुमा ती भए शक्तिशाली ।।८।।

गगन = गगनसिंह

## कोतपर्व[२]

गोली हानी कसैले गगनकन दियो रातमा स्वर्गवास,
यो सुन्दा राजपत्नीहृदय हुन गयो क्रोधको खास वास।
राजाका पक्षपातीहरुतिर उनको भिन्न शङ्का उदायो,
ज्यादै नै क्रोध चढ्दा मति पनि उनको चित्तदेखिन् हरायो ।।९।।

निस्किन् प्रासाददेखिन् नरपतिरमणी भै स्वयं खड्गहस्ता,
बत्ती बोक्थे सुसारेहरु निजकरमा, कयौ थिए शस्त्रहस्ता ।
उर्दी भो, रातमा नै सकल बटुलिए कोतमा भारदार,
"दोषीलाई समाओ" यति नृपमहिषी बोल्दथिन् वारवार ।।१०।।

प्रासाददेखिन् = दरबारबाट = हनूमान्ढोका राजदरबारबाट
खड्गहस्ता = हातमा नङ्गा तरवार लिएकी
निजकरमा = आफ्ना हातमा

---

२. *प्राचीन नेपाल* २५ अङ्क १६–१७ पृ.
ओल्डफील्ड १ भाग ३५६–३६६ पृ.
पद्मजङ्ग ६६–८४ पृ.
जगन्मोहन ८८–११३ पृ.
*अभिलेख-संग्रह* १ भाग ४–५, १२–१३ पृ.

"दोषीलाई समात्छौं, यसतिर गहिरो चालले बुझ्नुपर्छ,
हामी यो काम गर्छौं, अलिकति प्रभुले धैर्य ली बस्नुपर्छ"।
मन्त्रीमा मुख्यको यो वचनकन सुनी राजपत्नी जलेर
बोलिन् "यो हुन्न, दोषी जनकन अहिल्यै पक्र औ मारिहाल" ।।११।।

मन्त्रीमा मुख्य = मुख्यमन्त्री चौतरिया फत्यजङ्ग शाह

आफ्नो आज्ञा नपुग्दा त्यस समय अऋै राजपत्नी रिसाइन्,
"दोषी त्यै हो, त्यसैको वध गर अहिल्यै" यै कुरो बोल्न लागिन् ।
त्यो ठूलो भारदारी, विधुरहित निशा, छन् सबै नै निरस्त्र,
रानीका पक्षपाती सदलबल थिए जङ्ग सन्नद्धशस्त्र ।।१२।।

विधुरहित निशा = कृष्णपक्षको अँधेरी रात

रानीका पक्षपाती सदलबल थिए जङ्ग सन्नद्धशस्त्र = महारानीका मनपरेका जङ्गबहादुर आफ्ना भाइहरू तथा आफ्नो तैनाथको पल्टन साथ लिई हतियार भिरी कोतमा पुगेका थिए ।

रानीका पक्षपाती जनसँग नृपका पक्षपातीहरूको
दोषीलाई समात्ने विषयकन लिई ऋवाट्ट सङ्घर्ष भैगो ।
आफ्ना जोरीहरुको दमन गरिदिने जङ्गको भित्र भाव
उठ्दो हो, आज त्यो भो सफल, सब भए कोतमा नै सखाप ।।१३।।

वि. सं. १६०३ भाद्र ३१ गते सोमवार आश्विनकृष्ण नवमीउप्रान्त दशमीमा कोतपर्व भएको हो । (वि. सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १६ अङ्कमा छापिएको दिनेशराज पन्तको *राजज्योतिषी लीलानाथ पाँडे* भन्ने निबन्ध, सो अङ्कका ४०८–४०६ पृ.)

आधाभन्दा त बढ्ता रजनि बितिसक्यो, देखिए अर्धचन्द्र,
मुर्दैमुर्दा लडेका धरणितलमहाँ, कोत रक्तास्य नै छ ।
देख्ता यो दृश्य रानी विकल हुन गइन्, भोलि यो राजकाज
कल्ले गर्ला, सह्माल्ने कुन तवर भनी भो निकै त्रास भित्र ।।१४।।

कृष्णपक्षको नवमीउप्रान्त दशमी भएको हुनाले आधा रात ढल्किसकेपछि आधाभन्दा अलि कम उज्याला चन्द्रमा उदाए ।

रानीको भावलाई पटुतरमतिका जङ्गले झट्ट ताडे,
आफ्ना भाईहरू ली सँग नृपमहिषीसामु भै हात जोडे।
"हो मेरो पक्षपाती, चतुर पनि छ यो, भाव मेरो बुझेर
यल्ले ता काम गर्ला" यति नृपरमणीचित्तको भो विचार ॥१५॥

महारानी–

ए जङ्गे, दैवगत्या प्रमुख जन सबै गै गए स्वर्ग आज,
के भन्छस्, गर्न सक्ला अब कुन जनले राम्ररी राजकाज।

जङ्गबहादुर–

हामी ह्वौँ गोरखाली नरपतिगृहका भित्रिया भारदार,
मेरा छन् भाइ धेरै, म पनि छु, प्रभुको हुन्छ जस्तो निगाह ॥१६॥

महारानी–

मन्त्रीमा मुख्य, सेनापति पनि तँ भइस्, नूनको ख्याल राखेस्,
मेरो सोझो चिताईकन सब पजनी गर्न सक्छस्, मिलाएस्।

मन्त्रीमा मुख्य, सेनापति पनि = प्राइम्‌मिनिष्टर याण्ड कम्याण्डर इन-चीफ

जङ्गबहादुर–

हो ठूलो यो निगाह, प्रभु जय जय होस्, हुन्छ जस्तो हुकूम
उस्तै गर्नेछु, रातोदिन तन मनले पूर्ण पार्नेछु काम ॥१७॥

ठूलो हालीमुहाली सबतिर यसरी जङ्गले पाइहाले,
छानी छानी विरोधीहरुकन उनले झट्ट नै खोसिहाले।
के जङ्गी के नजङ्गी सबतिर अब ता जङ्गके पक्षपाती
मान्छेको भो बहाली, कुँवरहरु भए राज्यमा शक्तिशाली ॥१८॥

नजङ्गी = निजामती

## जङ्गबहादुरको चिन्तन

राजाका पक्षपाती प्रमुख जन भए कोतमा नै सखाप,
राजा छन् खिन्न त्यल्ले, मसँग छ उनको चित्तमा खूप कोप ।
मेरो जो एकलौटी अधिकृति अहिले राज्यमा भैरहेछ,
रानीका पक्षपाती जनकन मुटुको शूल त्यै भैरहेछ ।।१९।।

राजाका ज्येष्ठ छोरा युवनृप अहिले भैसके सत्र वर्ष,
भावी भूपाल सम्झी उनकन बहुतै लोक मान्छन् सहर्ष ।
रानीको काम गर्दा युवनृपकन ता थुन्नु वा मार्नुपर्छ,
त्यस्तो गर्दा अवश्य प्रचुर मनुजको कोपभाग् बन्नुपर्छ ।।२०।।

प्रचुर मनुजको कोपभाग् बन्नुपर्छ = धेरै मानिसले रिस गर्ने हुन्छन् ।

श्री ५ युवराजाधिराज सुरेन्द्रको जन्म वि. सं. १८८६ आश्विन २० गते आदित्यवार भएको हो । ( वि. सं. २०२३ मा प्रकाशित *पूर्णिमा ११* अङ्कमा छापिएको दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे* भन्ने निबन्ध, सो अङ्कका ४४–४५ पृ.)

रानी छन् खूप बाठी, अधिकृति सब नै ली स्वयं राजकाज
गर्ने इच्छा भएकी उनकन कसले ऐँचमा राख्न सक्छ ।
ऐले भूपालमाता हुन मकन तिनी सारिदिन्छिन् अगाडि,
त्यो पुग्नासाथ आफ्ना अनुचरसँग भै पारिहाल्छिन् पछाडि ।।२१।।

आमाले छाडिएका, निजबल नहुँदा चित्तमा तर्सिएका,
सौताने मामिलाका कुचरितहरुको अग्निमा पिल्सिएका ।
अल्लारे बँसका छन् युवनृप, बलियो तो कुनै आड खोज्छन्,
ऐले मैले दिएमा बल मसँग तिनी साँच्चिकै रत्तिनेछन् ।।२२।।

श्री ५ युवराजाधिराज सुरेन्द्रका मुमा श्री ५ जेठा बडामहारानी साम्राज्यलक्ष्मीको मृत्यु वि. सं. १८८६ आश्विन २२ गते बुधवार भएको हो । ( *प्राचीन नेपाल* २५ अङ्क ८ पृष्ठ तथा पञ्चाङ्ग )

## भण्डारखालपर्व[३]

यो सम्झी जङ्ग लागे युवनरपतिको पक्ष ली काम गर्न,
धोका खाएँ भनी भो नरपतिमहिषीचित्त अत्यन्त खिन्न ।
धोकाले दिन्छ धोकाकन जनम भनी जङ्गको नाश गर्न
रानी विश्वासवाला स्वजनसँग मिली गर्न लागिन् प्रयत्न ।।२३।।

नरपतिमहिषीचित्त = श्री ५ कान्छा बडामहारानीको मन

रानीको योजनाको विषय विजयले जङ्गलाई सुटुक्क
मौकामा नै बताए, समयकन चुनी ठिक्क पारी खुरुक्क ।
राजप्रासादमा नै सदलबल पुगे जङ्ग सन्नद्धशस्त्र,
रानीका पक्षपाती प्रमुख जन पुगे तत्क्षणैमा परत्र ।।२४।।

विजयले = विजयराजले

वि. सं. १९०३ कार्तिक १७ गते शनिवार भण्डारखालपर्व भएको हो । (वि. सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २७ अङ्कका १७४–१७७ पृष्ठमा छापिएको ऐ. शि. बाबुराम आचार्यको *राजेन्द्रविक्रम शाहको शासन* भन्ने निबन्ध, सो अङ्कको १७७ पृ. )

पैले नै भैसकेथ्यो नृपजनहरुको निम्तिमा कोत काल,
ऐले भो राजपत्नी–अनुचरहरुका काल भण्डारखाल ।
राजा रानी दुवैका प्रमुख मनुजको भैदिँदा सर्वनाश
जम्मै नेपाल भैगो कुँवरखलकको भोग्यलक्ष्मीनिवास ।।२५।।

---

३. *प्राचीन नेपाल* २५ अङ्क १७–१८ पृ.
ओल्डफील्ड १ भाग ३६६–३७२ पृ.
पद्मजङ्ग ८४–८८ पृ.
जगन्मोहन ११४–१२७ पृ.

## राजदम्पतीको काशीयात्रा[४]

सानीमाको छ ज्यादै कुचरित, त्यसले दुर्दशा यो गरायो,
अत्यन्त क्रूर दृष्टि प्रभु ! छ हजुरको गाथमा नै उहाँको ।
रक्षा गर्दो छु आफ्ना अनुजसँग भई नाथको गाथ गादी,
सौताने मामिला हो, यस विषय रहोस् नाथको होशियारी ।।२६।।

यस्ता वार्ताहरूले युवनरपतिका भर्दथे जङ्ग कान,
रानीको मान तोड्नाकन पनि उनका चल्न लागे प्रयत्न ।
जम्मै नै शक्तिशाली निज जनहरुको नाशले भग्नकार्या
नङ्ग्रा दाह्रा खसेकी मृगपतिरमणी फैँ भइन् राजभार्या ।।२७।।

मृगपतिरमणी = सिंहिनी
राजभार्या = श्री ५ कान्छा बडामहारानी

भैगो उद्योग आफ्नो असफल, अहिले भैगयो काम उल्टो,
भो आफ्नै भृत्य वैरी, मुखतिर त्यसले हान्न लाग्यो अगुल्टो ।
मेरो हो दुर्दशाको फल यति महिषीचित्तमा पर्न आयो,
छोरा सम्पत्तिसाथै गिरिशनगरमा जान इच्छा उदायो ।।२८।।

गिरिशनगरमा = काशीमा

---

४. *प्राचीन नेपाल* २५ अङ्क १८ पृ.
ओल्डफील्ड १ भाग ३७२– ३७३ पृ.
पद्मजङ्ग ८८–८६ पृ.
जगन्मोहन १२७–१२६ पृ.
*अभिलेख-संग्रह* १ भाग ५ पृ.

काशीमा जानलाई विवश हुन गई जङ्गको नीतिबाट
निस्किन् भूपालपत्नी लुरुलुरु अति नै खिन्न भै गेहबाट ।
स्वेच्छाले भूमिपाल प्रणयवश भई प्रेयसीसाथ लागे,
मौका अत्यन्त राम्रो विधिवश सहजै जङ्गले पाइहाले ।।२९।।

श्री ५ राजेन्द्र कान्छा बडामहारानी र कान्छीपट्टिका दुइ अधिराजकुमार रणेन्द्रविक्रम र वीरेन्द्रविक्रमसाथ वि. सं. १९०३ कार्तिक २६ गते सोमवार काशी जान काठमाडौँबाट निस्के । ( *प्राचीन नेपाल* २५ अङ्क १८ पृष्ठ तथा पञ्चाङ्ग )

## श्री ५ सुरेन्द्रविक्रमको सिंहासनारोहण[५]

जेठीका गर्भजन्मा नृपसुत दुइटा मात्र नेपालमा छन्,
राजा राजेन्द्र रानी सुतहरु सँग ली काशिकामा पुगेछन् ।
यो सुन्दा जोश आयो क्रमसँग भगुवा शाह पाँडेहरूमा,
जङ्गद्वेषीहरूको जमघट हुन गो कट्ट वाराणसीमा ।।३०।।

काशिकामा = काशीमा

राजा रानी दुवै छन् सहमत अहिले, छन् निकै भारदार
भागेका, ती सबैको नरपतिसँगमा हुन्छ सम्पर्क धेर ।
आफ्नो विध्वंसलाई किसिमकिसिमका प्रक्रिया चल्न लागे,
यो बुझ्दा स्वार्थरक्षातिर कुँवर बढी पाइलो चाल्न लागे ।।३१।।

कुँवर = जङ्गबहादुर

---

५. *प्राचीन नेपाल* २५ अङ्क १८–१९ पृ.
ओल्डफील्ड १ भाग ३७३–३७५ पृ.
पद्मजङ्ग ९०–९५ पृ.
जगन्मोहन १३२–१४१ पृ.
*अभिलेख-संग्रह* १ भाग ५ पृ.

मुद्दा हेर्ने कुराले सकल बटुलिए कोतमा भारदार,
जङ्गको हातदेखिन् अजसदृश भई ती मरे बेकसूर।
हाम्रा पुर्खाहरूको श्रम रगत मिली राज्य यो जोडिएथ्यो,
जङ्गको कामले यो कुँवरखलकको भोग्य बिर्ता हुने भो ॥३२॥

अजसदृश भई मरे = बोके जस्तै काटिए

हाम्रा आफन्तलाई वधधरणि भए कोत भण्डारखाल,
आफू भागी कथञ्चित् परमुलुक पुगी बाँचियो बल्लतल्ल ।
आफ्नो सर्वस्व आफ्नै मुलुक छ, सँगमा छैन क्यै के गरेर
धान्ने हो प्राण भन्थे अतिविकल भई चित्तमा भारदार॥३३॥

वधधरणि = मारिने ठाउँ

छोटा हून् वा बडा हून् प्रभुवर सब नै छन् प्रजा राजभक्त,
फिर्दामा राजधानीतिर सरणिमहाँ हुन्न बाधा तसर्थ ।
स्वामीज्यूको भएथ्यो अघि सहजसँगै राजधानीप्रवेश,
चाँडै होओस् सवारी निज मुलुक भनी भन्दथे भारदार ॥३४॥

सरणिमहाँ = बाटामा

स्वामीज्यूको = जोगीको भेष लिएका श्री ५ रणबहादुर शाहको

आफ्नै भित्री व्यथाले अतिशय रसिली प्रेयसीका कुराले
आफ्ना विश्वासवाला अधिकृतहरुका साहसी गर्जनाले ।
चढ्दा उत्साह, आफ्नो अधिकृति लिउँला फेरि भन्ने विचार
राखी राजेन्द्र लागे अधिकृतहरुको साथ नेपालतर्फ ॥३५॥

काशीबाट नेपाल जान भनी हिँडेका श्री ५ राजेन्द्र वि. सं. १६०३ चैत्र १४ गते बृहस्पतिवार सुगौली आइपुगे । (ओल्डफील्ड १ भाग ३७३ पृष्ठ तथा पञ्चाङ्ग)

राजा राजेन्द्र आए, बहुत अनुभवी साथ छन् भारदार,
श्रद्धा अत्यन्त राखी नृपकन जनता मान्छ देवावतार ।

स्वामीज्यू फर्कँदामा सदलबल भए नष्ट दामोदरादि,
के गर्दा हुन्छ रक्षा यस समय भनी पीर भो जङ्गलाई ।।३६।।

दामोदरादि = काजी दामोदर पाँडे आदि भारादार

वि. सं. १८६० फाल्गुन २१ गते बृहस्पतिवार स्वामीज्यू ( जोगीको रूपमा रहेका रणबहादुर शाह ) काशीबाट काठमाडौँ आइपुगे । चैत्र ३ गते मङ्गलवार काजी दामोदर पाँडे, उनका छोरा तथा उनका पक्षका केही भारादारहरूले ज्यानसजाय पाए । ( वि. सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १० अङ्कमा छापिएको दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे* भन्ने निबन्ध, सो अङ्कको ५३ पृ. )

हाम्रा राजा तरङ्गी, कलुषितचरिता राजपत्नी हुनाले
धेरैले दुःख पाए, मुलुक पनि भताभुङ्ग बन्दो छ ऐले ।
पृथ्वीनारायणाख्य प्रथित नृपतिको बुद्धिले जोडिएको
हाम्रो यो देश ऐले कुमति नृपतिको कामले डुब्न आँटचो ।।३७।।

यो ठूलो देश थाम्नाकन अतिदरिला भूपले मात्र सक्छन्,
हाम्रा भूपाल बन्नाकन युवनृप नै योग्य यो देशमा छन् ।
यस्तो बोल्छन् प्रजा यी सकल, सब यही बोल्दछन् भारदार,
पुर्खाको धर्म थाम्नाकन नृपपदमा राज होस् नाथ आज ।।३८।।

छोराले बाबुलाई सकल तरहले मान नै गर्नुपर्छ,
छोराको होस् सुरक्षा यति निज मनमा बाबुले राख्नुपर्छ ।
सौताका पुत्र सम्झी हजुरहरु दुवै भाइको नाश गर्न
सानीमा खोज्नुहुन्छ प्रतिदिवस, बुबा काम त्यो रोक्नुहुन्न ।।३९।।

दुवै भाइ = श्री ५ युवराजाधिराज सुरेन्द्रविक्रम र श्री ५ अधिराजकुमार उपेन्द्रविक्रम ।

ठूलो आपत्ति आयो, अझ पनि प्रभुले नेत्र चिम्ली बसेमा
गोर्खाली राजलक्ष्मी अलिकति दिनमै पर्न जालिन् विपद्मा ।
हाम्रो यो बिन्ति लागोस्, नृपतिमुकुटले नाथलाई सिँगारोस्,
गद्दीमा राज होओस्, प्रभुवर दुनियाँ योग्य भूपाल पाओस् ।।४०।।

"हाम्रा होऊन् सुरेन्द्र क्षितिपति" यति नै जप्छ नेपाल आज,
जे जे हो गर्नुपर्ने त्यसतिर पनि ता भैसके धेर काज।
गद्दीमा राज होओस्, नृवर हजुरको गाथ गादी सुरक्षा
हामी गर्छौं खडा भै यसतिर प्रभुले गर्नुपर्दैन चिन्ता ।।४१।।

नृवर = हे महापुरुष

यस्ता वार्ताहरूले युवनरपतिका बन्दथे जङ्ग आप्त,
त्यो सारा सत्य सम्झी युवनृपति भए राजसिंहासनस्थ ।
राजा आफ्ना हुनाले निजहित जसरी हुन्छ त्यस्तै गरेर
राजाज्ञा लेख्न लागे कुँवर, अब भयो पूर्ण एकाधिकार ।।४२।।

वि. सं. १९०४ वैशाख ३१ गते बुधवार श्री ५ सुरेन्द्रको सिंहासनारोहण भएको हो—
स्वस्ति श्रीसंवत् १९०४ शाक १७६९ ज्येष्टवदि
३१ १३ ४७।१३ रे २२।१२ बु माहाराज गादिमा राज भयाको घ २ पला ४६
[ज्योतिषी खरीदार विश्वनाथ पाँडे ( वि. सं. १८७९-१९४३ ) को पात्रोबाट ]

## अलौपर्व[६]

मेरो हो ज्येष्ठ छोरो, मपछि नृप उही बन्नु ता योग्य नै हो,
खोसी ज्यूँदो मलाई धरणिपति भयो पुत्र, अन्याय यो हो ।
जङ्गको काम यो हो, यतितक कुभलो आज त्यल्ले गरायो,
राजा राजेन्द्रलाई हृदयगत यही भावले पिर्न लाग्यो ।।४३।।

---

६. *प्राचीन नेपाल* २५ अङ्क १९-२० पृ.
ओल्डफील्ड १ भाग ३७६-३७९ पृ.
पद्मजङ्ग ९५-९८ पृ.
जगन्मोहन १४२-१४५ पृ.
*अभिलेख-संग्रह* १ भाग ५, १४-१६ पृ.

सौताको पुत्रलाई सहजसँग मिल्यो आज त्यत्रो नृपश्री,
मेरा छोराहरूको शिव शिव म छँदै हाय यस्तो बिचल्ली ।
यो चिन्ता भित्र खेल्दा नरपतिगृहिणी छट्पटाईरहन्थिन्,
राजा राजेन्द्रलाई प्रणय नय मिसी पत्र लेखीरहन्थिन् ॥४४॥

प्रणय नय मिसी पत्र लेखीरहन्थिन् = प्रेमपूर्वक राजनीतिका कुरा हालो चिट्ठी लेखिरहन्थिन् ।

राजाका ज्येष्ठ छोरा धरणिपति हुने शास्त्रमा लोकमा छ,
जेठो भै जन्मनाले प्रभु छ हजुरको वैध राज्याधिकार ।
सानीआमा बलैले नियमकन मिची खोस्न त्यो खोज्नुहुन्छ,
सौताको पुत्र सम्झी हजुरकन कडा दृष्टिले हेर्नुहुन्छ ॥४५॥

हजुरको = श्री ५ सुरेन्द्रको
वैध = मुनासिब

कान्छीको मोहनीमा धरणिपति बुबा सर्वदा पर्नुहुन्छ,
त्यल्ले कस्तो खराबी मुलुककन भयो, यो त जाहेर नै छ ।
ऐले जो यो किरीट प्रभु छ हजुरको माथमा, खोस्न सोही
कान्छीका पुत्रसाथ क्षितिपति करमा शस्त्र ली भो सवारी ॥४६॥

धरणिपति = क्षितिपति = श्री ५ राजेन्द्र
किरीट= श्रीपेच
करमा = हातमा

ऐले इच्छा बुबाको सफल हुन गए नाथको माथबाट
झट्टै कान्छी मुमाका सुतशिरतिरमै सर्न जाला किरीट ।
सौताने मामिलाले हजुरहरु दुवै भाइलाई अवस्था
कस्तो पार्दिन्छ, मेरो मनबिच अहिले यै छ अत्यन्त चिन्ता ॥४७॥

हजुरहरु दुवै भाइलाई = श्री ५ सुरेन्द्र र श्री ५ अधिराजकुमार उपेन्द्रलाई

चिन्ता ल्यायो नवीनक्षितिपतिमनमा जङ्गका यी कुराले
जङ्गे के गर्नुपर्ला यस समय भनी नव्य भूपाल बोले।
आफ्ना साक्षात् बुबा श्रीप्रतन नृपतिको गाथको होस् सुरक्षा,
पाऊन् दोषीहरूले उचित फल भनी गर्नुपर्ला व्यवस्था ।।४८।।

नवीनक्षितिपति = नव्य भूपाल = नयाँ राजा श्री ५ सुरेन्द्र
प्रतन नृपतिको = भूतपूर्व राजा श्री ५ राजेन्द्रको

ज्यादै संकष्टको यो समय छ, छ नयाँ नाथको राजकाज,
ताक्तैछन् गाथ गादी बहुत, हजुरले होश ली बस्नुपर्छ।
राजप्रासादलाई बहुत तरहले होशियारी गरेर
रक्षा गर्दो छु रातोदिन नियत भई यो त जाहेर नै छ ।।४९।।

राजप्रासादलाई = राजदरबारलाई

आएका छन् कुल्याहा सदलबल भई गाथ गादी बिथोल्न,
मेरा जेठान जाऊन् भटकन सँग ली दुष्टको गर्व हर्न।
राम्रो लाग्यो नवीनक्षितिपतिमनमा जङ्गको यो विचार,
राजाज्ञाबाट निस्के सनक भट लिई जङ्गइच्छानुसार ।।५०।।

कुल्याहा = विद्रोही
मेरा जेठान = जङ्गबहादुरका जेठान कप्तान सनकसिंह
भट = सिपाही
सनक = सनकसिंह

पुराना गोरखपल्टन लिई सनकसिंह गएका हुन्। ( *अभिलेख-संग्रह* १ भाग १४ पृ. )

आफ्ना भैयाद आफ्ना गुरुकन सँग ली सैन्यको साथ राजा
आएका छन् स्वयं नै, उनसँग रणमा सामु नै भिड्नुपर्दा।
सेनाको राजभक्ति प्रकट हुनु कुनै बेरको बात हुन्न,
यस्तो सम्झेर बाठा कुँवर अझ बढी गर्न लागे प्रयत्न ।।५१।।

आफ्ना भैयाद = कोतपर्वमा मारिने प्रधानमन्त्री चौतरिया फत्यजङ्ग शाहका भाइ चौतरिया गुरुप्रसाद शाह
आफ्ना गुरु = भूतपूर्व प्रधानमन्त्री राजगुरु रङ्गनाथ
राजा = श्री ५ राजेन्द्र
कुँवर = जङ्गबहादुर

**अन्धा हुन्छन् सिपाही, प्रतन नृपतिको गाथको रक्षणार्थ**
**सेनालाई सह्याल्ने प्रमुख जन कुनै जानु नै बेस हुन्छ।**
**आफैँ होओस् सवारी अधिकृति सब ली माहिला राजपुत्र,**
**मेरो जानेछ भाई पछिपछि प्रभुको पाउको रक्षणार्थ ॥५२॥**

प्रतन नृपतिको = भूतपूर्व राजा श्री ५ राजेन्द्रको

माहिला राजपुत्र = श्री ५ सुरेन्द्रका आफ्नै मुमापट्टिका भाइ माहिला अधिराजकुमार उपेन्द्रविक्रम शाह

मेरो भाई = जङ्गबहादुरका माहिला भाइ बमबहादुर

**सौताने मामिलाले नृपसुत दुइटै नै थिए खिन्न भित्र,**
**निस्के युद्धार्थ त्यल्ले बमकन सँग ली माहिला राजपुत्र ।**
**ढल्की कान्छी पियारीतिर नृप टुहुरा पुत्रको भाग खोस्न**
**खोज्छन् भन्ने कुरा भो, उनतिर भटको भक्ति राम्रो रहेन ॥५३॥**

नृपसुत दुइटै = श्री ५ सुरेन्द्र र श्री ५ अधिराजकुमार उपेन्द्र

बम = बमबहादुर

श्री ५ अधिराजकुमार उपेन्द्रको नेतृत्वमा बमबहादुरले हाँकिएको चार पल्टन वि. सं. १९०४ श्रावण १३ गते सोमवार काठमाडौँ बाट हिँड्यो। (ओल्डफील्ड १ भाग ३७७ पृष्ठ तथा पञ्चाङ्ग)

उपेन्द्रविक्रमको जन्म वि. सं. १८८८ माघ ६ गते मङ्गलवार भएको हो–

सम्वत् १८८८ शाके १७५३ पौषशुक्ल:

१५ ३७।४९ पु २६।१४ वि ४७।५६ मं ६ ज्येठा रा. कनि. पुत्र

[ राजज्योतिषी लीलानाथ पाँडे ( वि. सं. १८४३–१८८९ ) को पात्रो ]

वि. सं. २०१९ मा काठमाडौँ बाट नेपाल–सांस्कृतिक–परिषद्द्वारा प्रकाशित , धनवज्र वज्राचार्यद्वारा सम्पादित *पण्डित सुन्दरानन्दविरचित त्रिरत्न–सौन्दर्य–गाथा*को मेरो उपोद्घातको ५० पृ., मूल ग्रन्थको २४१ पृ.

यस कारण यस वेला उपेन्द्रविक्रमको उमेर १६ वर्षको थियो।

**जङ्गेको बात मानी प्रभुतिर कहिल्यै सैन्य छोड्दैन हात,**
**यो वार्ता भारदारप्रभृति जनहरू बोल्दथे वारवार।**

**मानी विश्वास आफ्ना अनुचरहरुका धेर यस्तै कुरामा**
**राजा राजेन्द्र आफ्ना अपटु भट लिई साथ बस्थे अलौमा ।।५४।।**

**अपटु भट** = तालीम नपाएका नयाँ सिपाही
**अलौमा** = वीरगञ्जदेखि २ कोस जति पश्चिममा रहेको ठाउँमा

नेपाली राज्य अलौमा गुरुप्रसाद शाह सैन्यसङ्घट्टन गरी बसिरहेका थिए। श्री ५ राजेन्द्रले वि. सं. १९०४ श्रावण १० गते शुक्रवार अंग्रेजी राज्य सुगौली छोडे। अनि उनी अलौमा आई बसेका थिए। ( ओल्डफील्ड १ भाग ३७७ पृ. तथा पञ्चाङ्ग )

**सेनाले डाँक हान्यो, नरपतितिरका मारिए क्यै मनुष्य,**
**धेरै उम्केर भागे, परजनपदमा ती भए बस्न बाध्य।**
**राजाको गाथ राम्रोसँग कुशल रह्यो, राजसी भोगसाथ**
**बाँचे राजेन्द्र धेरै समय पर रही लोकसम्पर्कबाट ।।५५।।**

**डाँक हान्यो** = अकस्मात् आक्रमण गर्‍यो
**परजनपदमा** = मुग्लानमा

राजेन्द्रविक्रमको सेनाउपर हमला गर्न भनी काठमाडौँबाट सनकसिंहको मातहतमा गएको पुराना गोरखपल्टन वि. सं. १९०४ श्रावण १३ गते सोमवार सिमराबासा पुग्यो। भोलिपल्ट श्रावण १४ गते मङ्गलवार सो फौज बिसौलियातिर हिँड्यो। त्यहाँ पुग्दा श्री ५ राजेन्द्र पन्ध्र सोह्र सय मानिस लिई अलौमा बसेका छन् भन्ने खबर सनकसिंहले पाए। अनि राति नै उनी अलौतिर लागे। रातको ३ बजे सनकसिंहले हाँकिएको पुराना गोरखपल्टन अलौ पुग्यो र उत्निखेरै श्री ५ राजेन्द्रको छाउनीमा हमला गर्न थाल्यो। यसरी हमला गरी वि. सं. १९०४ श्रावण १४ गते मङ्गलवार आषाढशुक्ल पूर्णिमामा पुराना गोरखपल्टनले अलौमा श्री ५ राजेन्द्रको सेनालाई हरायो। ( ओल्डफील्ड १ भाग ३७७–३७८ पृ., *अभिलेख–संग्रह* १ भाग १४–१६ पृ. तथा पञ्चाङ्ग)

श्री ५ राजेन्द्रको जन्म वि. सं. १८७० मार्ग २४ गते मङ्गलवार भएको हो—

... श्रीमद्विक्रमार्कसंवत् १८७० श्रीशालिवाहनशके १७३५ श्रीमद्गोरक्षाचलपाग्रणीद्रव्यसाहशके २५४ बार्हस्पत्यमानेन तारणनामसंवत्सरे चान्द्रमानादाग्रहायणिकशुक्लानुमतीतिथौ मङ्गलप्रदमङ्गलवासरे रोहिणीनक्षत्रे सिद्धियोगे भैमीकरणे ... वसुमुहूर्त्ते ... केवलसौरादक्षिणायने कीरप्राप्ते हेलौ हेमन्तर्त्तावाग्रहायणिकसौरमासदिन २४ गते विश्वम्भरातनयवासरे मार्त्तण्डमण्डलार्द्धोदयादीतासु सावनघटीषु निशीथादीतासु चैतावत्सु प्रस्फुटासु घटीषु २६।८ ... पलभायां ६।१२ प्राग्योजनेषु ८८ स्वस्ति श्रीब्रह्मणो धारणात्मकशक्तिरूपभूगोलमध्यवर्त्तिजंबुद्वीपांतःपातिभारतवर्षीयकुमारिका-

खंडस्थनेपालमंडलमध्यस्थश्रीमत्कांतिपूराभिधराजधान्यां स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमद्गोरक्षाचलाधीश्वरमहाराजाधिराजश्रीश्रीश्रीगीर्वाणयुद्धविक्रमसाहवर्मणो विवाहितधर्मपत्न्यां सौन्दर्यविजितरतितिलोत्तमाप्रभृतिदिव्यांगनायां श्रीश्रीश्री - - - - - - - देव्यां पुत्ररत्नमजनि. तस्याभिधानं होढाचक्रानुसारेण वकारपूर्वकं प्रतिष्ठितं. उल्लापने तु स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्याविविधविरुदावलीविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीश्रीराजेन्द्रविक्रमसाहवर्मा देवभूदेवाशीर्वादात्स्वराज्यमनुमोदयन् दिव्यब्देन शनायुर्भूयात् ॥ ॥

[ दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे ( वि. सं. १८१५–१८८८ ) को सङ्ग्रहमा रहेको श्री ५ राजेन्द्रको चिना ]

श्री ५ राजेन्द्रको मृत्यु वि. सं. १९३८ आषाढ ३० गते मङ्गलवार भएको हो। ( वि. सं. २०३१ मा प्रकाशित *प्राचीन नेपाल* २७ अङ्कमा छापिएको वंशावली *नेपाल* देशको *इतिहास*को २१ पृष्ठ तथा पञ्चाङ्ग )

श्री ५ सुरेन्द्रको मृत्यु वि. सं. १९३८ ज्येष्ठ ६ गते मङ्गलवार भएको हो –

संवत् १९३८ ज्येष्ठवदि ४ मङ्गलवारका दिनमा श्रीसुरेन्द्रविक्रम साह मुक्त भया. श्रीपृथ्वीवीरविक्रम साह राजा भया.

[ पं. भुवननाथ पाँडे ( वि. सं. १९२०–२००० ) को टिपोट ]

*प्राचीन नेपाल* २७ अङ्क २० पृष्ठ तथा पञ्चाङ्ग

यस कारण श्री ५ राजेन्द्र ६८ वर्षको उमेरमा ३४ वर्षसम्म राज्यच्युत भई बाँची आफ्ना पनाति श्री ५ पृथ्वीवीरविक्रमको राज्यकालमा स्वर्गे भएका हुन्।

## जङ्गबहादुरको राजकाज[७]

७. *प्राचीन नेपाल* २५ अङ्क १९–२० पृ., वि. सं. २०३० मा प्रकाशित *प्राचीन नेपाल* २६ अङ्कका १–१४ पृष्ठमा छापिएको वंशावली *नेपाल देशको इतिहास*, *प्राचीन नेपाल* २७ अङ्कका १–१७ पृष्ठमा छापिएको वंशावली *नेपाल देशको इतिहास*

ओल्डफील्ड १ भाग ३८०–४१८ पृ.

ओल्डफील्ड २ भाग १–३१ पृ.

वि. सं. २०२८ मा प्रकाशित *नेपाली* ( *त्रैमासिक* ) ४८ पूर्णाङ्कका ३–६४ पृष्ठमा छापिएको कृष्णप्रकाश श्रेष्ठद्वारा अनूदित इ. पा. *मिनाएभको नेपाल*

वि. सं. १९३३ मा केम्ब्रिजबाट केम्ब्रिज युनिभर्सिटी प्रेसद्वारा प्रकाशित डानियल राइटको *हिस्टरि अफ् नेपाल्* ( नेपालको इतिहास ) को *इन्ट्रड्कटरि स्केच्* ( उपोद्घात ) अर्थात् १–७५ पृष्ठ

पद्मजङ्ग

जगन्मोहन

*अभिलेख-संग्रह* १ भाग ५ प.

वि. सं. २०३० मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित कमल दीक्षितद्वारा सम्पादित *जंगबहादुरको बेलाइत–यात्राको* तेस्रो संस्करण

वि. सं. २०२२ मा काठमाडौँबाट श्री ५ को सरकार कानून तथा न्याय मंत्रालय कानून किताब व्यवस्था समितिद्वारा प्रकाशित *श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन*

वि. सं. २०२३ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित कमल दीक्षितद्वारा सम्पादित *बत्तीस सालको रोजनाम्चा ( जंगबहादुरको )*

वि. सं. २०१६ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण–प्रमेयको* मूल भागका १२१–१२२, २१५–२१७ पृ.

वि. सं. २०२४ मा न्यू योर्कबाट एशिया पब्लिशिङ हाउसद्वारा प्रकाशित सतीश कुमारको *राणा पलइटि इन् नेपाल्* ( नेपालको राणाशासनव्यवस्था )

वि. सं. २००६ मा भोलानाथ पौडेल, धनवज्र वज्राचार्य, ज्ञानमणि नेपालद्वारा विरचित तथा प्रकाशित *कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* १ संख्या

वि. सं. २०२० मा काठमाडौँबाट संस्कृत–छात्र-संघद्वारा प्रकाशित *सिंहनादको* ५ अङ्कका १७–२३ पृष्ठमा छापिएको *पृथ्वीनारायण शाहको सैनिक प्रबन्ध र उनको राजनीति ( श्री ५ पृथ्वीनारायण शाहले योग्य सैनिकको परम्परा बसाउन सके तर योग्य राजनीतिज्ञको परम्परा बसाउन सकेनन् )* भन्ने मेरो निबन्ध

वि. सं. २०२० मा काठमाडौँबाट मेरी राजभण्डारीद्वारा प्रकाशित चित्तरञ्जन नेपालीको *श्री ५ रणबहादुर शाह*

वि. सं. २०२१ मा संशोधन – मण्डलद्वारा विरचित तथा प्रकाशित *सावधान–पत्र* १३ संख्या

वि. सं. २०१३ मा काठमाडौँबाट नेपाल–सांस्कृतिक-संघद्वारा प्रकाशित चित्तरञ्जन नेपालीको *जनरल भीमसेन थापा र तत्कालीन नेपाल*

वि. सं. २०१८ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा सम्पादित *गल्लीमा फ्याँकिएका कसिंगरमा* छापिएको मेरो उपोदघातको अनुवादहेतु भन्ने प्रकरण ( २१–६४ पृ. )

स्वामीज्यूको थिएन स्थिर मन, त्यसले पार्दियो घोर विघ्न,
हर्ताकर्ता भएथे अवसर बढिया पाउँदा भीमसेन।
सोही दृष्टान्तलाई हृदयगत गरी भीमसेनावतार
भै निस्के जङ्ग, थापानियमहरु चले क्यै नयाँ शोधसाथ ॥५६॥

श्री ५ रणबहादुर शाह चञ्चल प्रकृतिका थिए। आफ्नो दुर्विनयले गर्दा सौताने भाइ चौतरिया शेरबहादुर शाहको हातबाट उनी मारिए। मौका छोपेर आफ्ना जोरीहरूलाई मारी धपाई भीमसेन थापा हर्ताकर्ता भए।

श्री ५ राजेन्द्रविक्रम शाहको दुर्विनयले गर्दा जङ्गबहादुरले भीमसेन थापा जस्तै बन्ने मौका पाए। भीमसेन थापाका नियममा केही थपघट गरी जङ्गबहादुरले राणाराज्यको स्थापना गरे। मुख्य परिवर्तन भीमसेन थापाले राजदरबारलाई निरस्त्र पार्न सकेका थिएनन्, जङ्गबहादुरले त्यो काम पनि गरे।

सारा राज्यव्यवस्था सुदृढ हुन गयो जङ्गको हातबाट,
वैरीले हेप्न छोडे, मुलुक पनि बढ्यो, आय भो भोटबाट।
बाँधेथे जङ्गले जे नियम तिनकनै मुख्य आधार मानी
राणाजी राज्य गर्छन्, यस विधिसँगमै बित्न लाग्यो शताब्दी ॥५७॥

**मुलुक पनि बढ्यो** = वि. सं. १९१४ मा भारतमा उठेको अंग्रेजविरोधी विद्रोहको दमन गर्न जङ्गबहादुर आफैँ फौजसाथ मैदानमा उत्रेका थिए। त्यसबापत अंग्रेजसरकारले नेपाल-सरकारलाई नयाँ मुलुक ( बाँके, बर्दिया, कैलाली, कञ्चनपुर ) उपहार दिएको हो।

**आय भो भोटबाट** = भोटमा रहेका नेपाली व्यापारीहरूलाई भोटसरकारले अन्याय गरेकोले जङ्गबहादुरले भोटसँग लडाइँ खोलेका थिए। यसपछि भोटसरकारले नेपाली व्यापारीहरूसँग भन्सार नलिने र उनीहरूलाई भोटमा सुबिस्तासँग बस्न दिने तथा वि सं. १९१२ देखि नेपालसरकारलाई प्रतिवर्ष १० हजार रुपियाँ तिर्ने गरी सन्धि गऱ्यो।

**बित्न लाग्यो शताब्दी** = राणाराज्यको स्थापना वि. सं. १९०३ मा भएको हो।

---

*त्रिरत्न-सौन्दर्य-गाथा* ( परिशिष्ट ) का २९१–३०२ पृ.

*त्रिरत्न-सौन्दर्य-गाथामा* छापिएको मेरो उपोद्घातका *श्री ५ पृथ्वीनारायण शाह र भीमसेन थापा* भन्ने प्रकरण ( ५९–७२ पृ. ) र *भीमसेन थापाको पतन* भन्ने प्रकरण ( ७३–८१ पृ. )

वि. सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३२ अङ्कका २१७–२३६ पृष्ठमा छापिएको *भीमसेन थापा* भन्ने मेरो निबन्ध

वि. सं. २००२ मा पद्मशमशेर श्री ३ भएका हुन् । पद्मशमशेर कम्याण्डर–इन–चीफ हुँदैको उनको यो विचार भएकोले सय वर्ष पुग्न लाग्यो भनेको हो ।

आफ्ना भाईहरू हून्, अनि निजसुत हून्, तीपछि स्वीय नाति
होऊन्, भाईहरूका तनयहरु परून् नातिभन्दा पछाडि ।
आफ्ना प्यारा मठ्याहा तनय पनि बनून् रोलवाला भनेर
श्रीश्रीश्री बन्न सक्ने जनहरु दरिए जङ्गइच्छानुसार ।।५८।।

स्वीय नाति = आफ्ना नाति
भाईहरूका तनयहरु = भतिजाहरू
आफ्ना प्यारा मठ्याहा तनय=ल्याइता स्वास्नीमा जन्मेका आफ्ना मनपरेका छोराहरू
श्रीश्रीश्री = श्री ३ महाराज
जङ्गइच्छानुसार = जङ्गबहादुरको इच्छाबमोजिम

श्री ५ महाराजाधिराज सुरेन्द्र श्री ५ महाराजाधिराज राजेन्द्र श्री ५ महाराजाधिराज वलीअहद त्रैलोक्यबाट

श्री ५ कांछा महारानीबाट हुकुं बक्स्याबमोजीं गर्नु भनी १९०२ साल माघवदि ९ रोजका दिन[8] लालमोहर गरीबक्स्याको हो . जंगी मुलुकी गैन्हको मुषतीयारी बक्सी श्री ५ कान्छा माहारानी-बाट हुकुं बक्स्याबमोजि गर्नु भनी ३ साल आश्विनवदि ११ रोजका दिन[9] मुक्तियारीको लाल-मोहर गरीबक्स्याको हो . तिमीले लायाअन्हायाबमोजि काजकाम गर्नु . कोही छोटा बडाले तिमी-लाई दगा गरी जो मार्ला . तस्को घर षेत ज्यू जाहान सर्वस्व गर्नु . मान्र्यालाई मार्नु भंन्या १९०३ साल कार्तिकवदि ११ रोजमा[10] लालमोहर गरीबक्स्याको हो . श्री ५ कान्छा महारानीले तिमी-लाई मुषतीयारी भाइहरूलाई जर्नेली कर्नेली दियाको छोडी हाम्रा श्री ५ बुबाज्यू श्रीमाहिला भाइको गाथ बचाई श्री ५ महारानीहरूको दर्जा इजत थामी हाम्रा गाथमा दगा गर्न आउन्या कुल्याहाहरूलाई मारी मुलुकको सलतनत थामी गन्याको रोऊबापत श्रीमद्राजकुमारकुमारात्मज राणाजी र रजपूतहरूसँग विहावारी गर्नु भनी धर्मपत्र गरी १९०५ साल ज्येष्ठवदि २ रोजमा[11] लालमोहर गरीबक्स्याको हो . कंपू पल्टन कम्पनी भारादार जंगी मुलुकी निजामती गैन्हका

---

८. वि. सं. १९०२ माघ १० गते बुधवार
९. वि. सं. १९०३ आश्विन २ गते बुधवार
१०. वि. सं. १९०३ कार्तिक १ गते बृहस्पतिवार
११. वि. सं. १९०५ ज्येष्ठ ६ गते शनिवार

नाउमा तिमीहरूले जो उर्दि देउला सो उर्दि बजाउनु. हामीबाट अर्को कमान उर्दि बक्स्या पनि कबुल नगर्नु. तिम्रा उर्दि कमानमा नरहन्यालाई जातअनुसारको सजाय गर्न्याछन् भनि ५ साल आश्विनवदि ८ रोज ३ का दिन[१२] लालमोहर गरीबक्स्याको हो. भोटसंग लडाइ गर्नाकन करोड रुपैया षर्च भया पनी पर पुग्नुपऱ्या पनी घा गर्नु ठहरे पनी तिमीले गऱ्याको मंजुर छ भनी १२ साल वैसाषवदि २ मा[१३] लालमोहर गरीबक्स्याको हो. श्री ५ बुढा महाराजाबाट जंगी मुलुकी अषत्यारी श्री ५ कान्छा महारानीलाइ बक्सनुहुदा उनबाट हाम्रा गाथमा दगा र भारादारलाई मारी आफना छोरालाइ गद्दिमा राषन आटचाका बषतमा उनका मतलबका मानिसलाइ मारी मलाइ गद्दीमा राज गरायाको रीझ १. बेलायत गै कुइन बादसाहसँग दोस्ती बढायाको रीझ १. श्री ५ बुढा महाराजाबाट तिमीलाई दगा गरी मार्नु भनीं सुगौलीबाट आफुले अमीर उमराउ साथ ली फौज जमाई मार्न भनी अलौसम्म आइपुग्दा श्री ५ बुढा महाराजका गाथमा षलल नपारी ल्याइ इजतसँग राष्याको रीझ १. मुलुक बढाइ कीफायत आमदानीले फौज बढायाको रीझ १. तिमीले यस्तो षरषाही गऱ्याको हुनाले लमजुं भरअंबल १ कास्की भरअंबल १ को श्रीमहाराजी षीताव तिमीलाई बक्स्यौं. हामीबाट बाधीबक्स्याको मुषत्यारी रोलमा धीरसंशेर जंग कुवर राणाजीका रोलपछि तिम्रा छोरा जगत्जंग राणालाई मुक्तीयारी गर्नु भनी १३ साल श्रावणशुदि ५ रोजमा[१४] लालमोहर गरीबक्स्याको हो. येस्ता येस्ता बेहोरासँग तिमिले हाम्रा निमकको सोझो चिताइ फौज रैयत-लाइ इंसाफ दी काजकाम गऱ्याको देषनाले हामी र हाम्रा श्री ५ महारानी हाम्रा भाइ छोराहरूले पनि माथी लेषीयाको बेहोरा मंजुर गरी तिमीलाइ धर्मपत्र गरीदियाको छ यस्तो रीतसँग तिमिले काजकाम गऱ्याको हुनाले जंगी मुलुकीको अषतीयार १४ साल आषाढवदी ७ रोजमा[१५] लालमोहर गरीबक्स्याको हो. आफ्ना जिये झुंगा किल्लासम्म गै जग्गाजग्गामा भाइहरूलाइ पठाइ चीनबादसाहाको सलतनत थामी भोटसँग १८।१९ लडाई गरी नेपालका महाजन रैयतसँग भोटले महसुल नलिनु. १० हजार सालियाना भोटले हाम्रा सर्कारमा तिर्नु भंन्या गैन्ह १० मुद्दाको अहदनामा गऱ्याको रीझ १. हिन्दुस्थानमा रह्याका बृटिस सर्कारका फौज जगाजगाका राजारजौटाहरूले हंगामा गरी जगाजगाका मीम बाबा बाबीहरूलाई मार्दा आफना फौज पठाई आफै ग लडाई गरो लषनौ फत्ते गरी तिम्रा जमामर्दी अकलले दास्ती बढाउदा बघौरातालदेषि पश्चिम घाघरानदीदेषी पूर्व षैरीगढ वहराइचका सीमानादेषी उत्तर हाम्रा सीमाना पहाडका डाडाका पानीढलोदेषी दषिन शेती सिमानाभित्रको मुलुक बृटिस

---

१२. वि. सं. १९०५ आश्विन ६ गते मङ्गलवार

१३. वि. सं. १९११ चैत्र २४ गते बुधवार

१४. वि. सं. १९१३ श्रावण २४ गते बुधवार

१५. वि. सं. १९१४ आषाढ २ गते आदित्यवार

सर्कारबाट हाम्रा सर्कारको सपुर्द गरायेको रीठ १ · यस्ता यस्ता काम गऱ्याको रीठबापत तिमीहरूका भाइ छोरा बसी धर्म गरी रोल बाध्याबमोजीम हामी र हाम्रा संतानले तिमी राणाजीहरूको रोलबमोजिम तिमीहरूका सन्तानपर्यन्त षोसमोस नगर्नु . षोस्यौं भन्या पंचमहापातक लागला भनी १७ साल कातिकशुदि ३ रोजका दिन[१६] लालमोहर गरीबक्स्याको हो यस्तै रीतसँग तिम्रा पुर्षादेषी तिमीहरूसम्मले हाम्रो षैरषाही निमकहलाली गरी रैयत राजी राषी सलतनत थामो फौज बढाई ढुकुटी बढाई २।३ पलट हाम्रो गाथ बचाइ हाम्रा गद्दीको इजत मान बढायाको गोर्षालीको तलवार ठाडो राष्याको यो सबै बेहोरा हामी सबै सर्कारबाट देषनाले कृतकृत्य षुसी भै तिमीहरूले बाधेको तपसीलबमाजिको रोलबमोजिम हाम्रा हजुरमा दर्सन गराञ्यू . हामीबाट र हाम्रा सन्तानबाट कदाचित यत्रा यत्रा मिहिनेत गर्दा बक्स्याको धर्म छाडि अर्को तरह गर्न लाग्यौं भन्या तेसलाइ श्रीपशुपति श्रीगुह्येश्वरीको कुदृष्टि पंचमहापातक लागला · तिमीहरूका रोलवालाले गद्दीमा रुपैञा राषी षलल पाऱ्या मतलब गऱ्याहरूलाई माथी लेषीयाबमोजि सजाय गर्नु भनी धर्मपत्र गरीबक्स्याको छ . यो बेहोरा श्रीपसुपतिका दक्षिण दर्वाजामा तामापत्र लेषीबक्स्याको छ . सोबमोजि हामीबाट मोहर गरीबक्स्यौं — — — — — —

पैला रोल श्री ३ महाराज जंगबहादुर कुवर राणाजी १
दोस्रा रोल श्रीकम्यांडर इन चीफ जनरल रणउद्दीपसिंह कुवर राणाजी (जङ्गका भाइ) २
तेस्रा रोल श्रीपश्चिमतर्फका कम्यांडिङ जनरल जगत्संशेर जंग कुवर राणाजी (जङ्गका भाइ) ३
चौथा रोल श्रीपुर्वतर्फका कम्यांडिङ जनरल धीरसंशेर जंग कुवर राणाजी (जङ्गका भाइ) ४
पाचौं रोल श्रीदाषनतर्फका कम्यांडिङ जनरल जगत्जंग बहादुर कुवर राणाजी (जङ्गका छोरा) ५
छटा रोल श्रीउत्तरतर्फका कम्यांडिङ जनरल जीतजंग बहादुर कुवर राणाजी (जङ्गका छोरा) ६
सातौं रोल श्रीजनरल पद्मजंग बहादुर कुवर राणाजी (जङ्गका छोरा) ७
आठौं रोल श्री ३ महाराज जंगबहादुर कुवर राणाजीका विवाहपट्टिका छोरा छन्ज्याल
(जङ्गका पछि जन्मने ठचाहा छोराहरू) ८
नवौं रोल श्रीलेफटेन्ट जनरल बबरजंग कुवर राणाजी (जङ्गका मठचाहा छोरा) ९
दसौं रोल श्रीलेफटेन्ट जनरल रणवीरजंग कुवर राणाजी (जङ्गका मठचाहा छोरा) १०
यघारौं रोल श्रीदक्षिणतर्फका कम्यांडिङ जनरल जगत्जंग बहादुर कुवर राणाजीका श्री ५ महा-
राजाधिराजका मैञापट्टिका छोरा श्रीयुद्धप्रतापजंग बहादुर कुवर राणाजी (जङ्गका नाति) ११
बाह्रौं रोल श्रीउत्तरतर्फका कम्यांडिङ जनरल जीतजंग बहादुर कुवर राणाजीका
श्री ५ महाराजाधिराजका मैञापट्टि छोरा भया उनको (जङ्गका पछि जन्मने नाति) १२

१६. वि. सं. १९१७ मार्ग २ गते बृहस्पतिवार

वहापछि ६ भाइका छोराहरू

तेह्रौ रोल श्रीमेजर जनरल केदारनरसींह कुवर राणाजी (जङ्गका भाइ बद्रीनरसिहका छोरा) १३
चौधौं रोल श्रीमेजर जनरल वंविक्रम बहादुर कुवर राणाजी (जङ्गका भाइ बमबहादुरका छोरा) १४
पन्ध्रौं रोल श्रीमेजर जनरल बुद्धिविक्रम बहादुर कुवर राणाजी (जङ्गका भाइ कृष्णबहादुरका छोरा) १५
सोह्रौं रोल श्रीलेफटेन्ट कर्नेल वीरसंशेर जंग कुवर राणाजी (जङ्गका भाइ धीरशमशेरका छोरा) १६
सत्रौ रोल श्रीलेफटेन्ट कर्नेल अंबरजंग कुवर राणाजी (जङ्गका भाइ जगत्शमशेरका छोरा) १७
अठारौ रोल श्रीलेफटेन्ट कर्नेल धोजनरसिंह कुवर राणाजी (बद्रीनरसिंहका छोरा) १८
उनैसौ रोल श्रीमेजर जनरल रामकृष्ण कुवर राणाजी (कृष्णबहादुरका छोरा) १९
बीसौ रोल श्रीलेफटेंट कर्नेल षड्गसंसेर जंग कुवर राणाजी (धीरका छोरा) २०
यकाइसौ रोल श्रीलेफटेंट कर्नेल भूपेन्द्रजंग कुवर राणाजी (जगत्शमशेरका छोरा) २१
बाइसौ रोल श्रीलेफटेंट कर्नेल रणसंशेर जंग कुवर राणाजी (धीरका छोरा) २२
तेइसौ रोल श्रीलेफटेंट कर्नेल देवसंशेर जंग कुवर राणाजी (धीरका छोरा) २३
चौबिसौ रोल श्रीलेफटेंट कर्नेल चन्द्रसंशेर जंग कुवर राणाजी (धीरका छोरा) २४
पचिसौ रोल श्रीलेफटेंट कर्नेल वीरविक्रम जंग कुवर राणाजी (बमबहादुरका छोरा) २५
छबिसौ रोल श्रीलेफटेंट कर्नेल भीमसंशेर जंग कुवर राणाजी (धीरका छोरा) २६
सत्ताइसौ रोल श्रीलेफटेंट कर्नेल फत्यसंशेर जंग कुवर राणाजी (धीरका छोरा) २७
अठाइसौ रोल श्रीलेफटेंट कर्नेल ललितसंशेर जंग कुवर राणाजी (धीरका छोरा) २८

वहापछि ४ भाइका विवाहिता भात षान हुन्या रानीपट्टिका अब जन्मन्या छोराहरू
(बद्रीनरसिंह, रणोद्दीपसिंह, जगत्शमशेर, धीरशमशेरका पछि जन्मने ठयाहा छोराहरू)

वहापछि

रोल श्रीलेफटेन्ट कर्णेल भैरवनसिंह कुवर राणाजी (बद्रीनरसिंहका छोरा) १
रोल श्रीकर्नेल यक्षविक्रम बहादुर कुवर राणाजी (बमबहादुरका छोरा) १

इति संवत् १९२४ साल माघशुदि १० रोज २[१७] शुभम्

[ ऐ. शि. बाबुराम आचार्यबाट यस पत्रको उतार हामीले पाएका हौँ । यस पत्रका केही अंश *इतिहास-संशोधनको प्रमाण-प्रमेय*को मूल भागका २१५–२१७ पृष्ठमा र *सिंहनाद* ५ अङ्कका २१–२२ पृष्ठमा छापिएका छन् । यस पत्रको एक अंशको अंग्रेजी अनुवाद *राणा पलइटि इन् नेपाल*का १६१– १६२ पृष्ठमा छापिएको छ ।

१७. वि. सं. १९२४ माघ २२ गते सोमवार

वि. सं. २०३३ मा काटमाडौँबाट रत्न पुस्तकभण्डारद्वारा पुनः प्रकाशित पर्सिभल ल्यान्डनको *नेपाल्* (नेपाल) २ भागमा छापिएको *जेन्इयालजुइक्ल् टेब्ल् अफ् द राणा फ्यामइलि इन नेपाल्, इन अप् टु यर् ए. डी. १९२३* (नेपालका राणाजीहरूको वि. सं. १९८० सम्मको वंशावली)बाट र *राणा पलइटि इन् नेपाल्*का १६१–१६२ पृष्ठबाट मदत लिई रोलवालाहरूको परिचय कोष्ठभित्र हामीले थपेका हौँ ।

बुद्धिविक्रम तथा रामकृष्ण यी दुइजना जङ्गका भाइ कृष्णबहादुरका छोरा हुन् भन्ने कुरा श्रीबखतमानसिंह बस्न्यातबाट थाहा भएको हो ।]

पैला श्रीतीन आफैँ प्रकटित हुन गै औ दिलाई विधान
राणाराज्यव्यवस्थाकन सुरपुरमा जङ्गको भो प्रयाण ।
दोस्रा श्रीतीन आए अनुजनि उनका श्रीरणोद्दीपसिंह
बाँधेको जङ्गले सो नियम पनि भयो कार्यरूपावतीर्ण ।।५९।।

अनुजनि = भाइ

वि. सं. १९३३ फाल्गुन १६ गते आदित्यवार श्री ३ जङ्गबहादुरको मृत्यु भएको हो । (वि. सं. २०३२ मा प्रकाशित *पूर्णिमा* ३३ अङ्कमा छापिएको दिनेशराज पन्तको *शुभराज्याभिषेकको अवसरमा प्रकाशित फ्याक्टस् अबाउट नेपाल्मा रहेका अतथ्य कुरा* भन्ने निबन्ध, सो अङ्कका ४६–४७ पृ. )

## बयालीस सालपर्व[१८]

बाठा टाठा र शिक्षातिर पनि अघि नै वयँ थिए धीरपुत्र,
पर्दामा रोल आफ्नो अति पछि बहुतै तो थिए खिन्न भित्र ।
आफ्ना काकाहरूका सुतहरुकन वयँ युक्तिले दूर सारी
चाँडै श्रीतीन बन्नाकन मन तिनको गर्दथ्यो वयँ तयारी ।।६०।।

---

१८. वि. सं. २०२८ मा प्रकाशित *पूर्णिमा* २५ अङ्कका ३९–६० पृष्ठमा छापिएको *श्री ३ महाराज रणोद्दीपसिंह* भन्ने मेरो निबन्ध

**विद्याधर्मानुरागी अदृढनय थिए श्रीरणोद्दीपसिंह,**
**आफ्ना छोरा थिएनन्, सुतसम भतिजा नै थिए स्नेहपात्र ।**
**ज्यादै विश्वास गर्थे प्रणयवश भई धीरका पुत्रमाथि**
**सोही विश्वास नै भो यमसम उनको जिन्दगी हर्नलाई ।।६१।।**

**विद्याधर्मानुरागी** = संस्कृत पाठशाला तथा अङ्ग्रेजी स्कुल रणोद्दीपसिंहले खोलेका हुन् तथा विद्यार्थीहरूलाई वृत्ति पनि उनले दिएका हुन् । वेदान्तको अभ्यास गर्ने, रामनाम जप्ने तथा दानपुण्य गर्ने उनको स्वभाव थियो ।

**अदृढनय** = कहिले कतै कहिले कतै ढल्कने रणोद्दीपसिंहको स्वभाव थियो ।

**सुतसम भतिजा नै थिए स्नेहपात्र** = रणोद्दीपसिंह भतिजाहरूलाई छोरालाई गर्ने माया गर्थे ।

**प्रणयवश** = प्रेमपूर्वक

**धीरका पुत्रमाथि** = धीरशमशेरका छोराहरूमा

वि. सं. १९४२ मार्ग ६ गते आदित्यवार कार्तिकशुक्ल पूर्णिमाको रात्ति श्री ३ रणोद्दीपसिंहलाई धीरशमशेरका छोराहरूले मारेका हुन् । ( *पूर्णिमा* २५ अङ्क तथा पञ्चाङ्ग )

**गोलीले तत्क्षणैमा सुरसदन पुगे जङ्गका ज्येष्ठ पुत्र**
**जेठा नाति, अरूको भयबिकल हुँदै वास भो यत्र तत्र ।**
**तत्कालैमा अकस्मात् प्रलयदिवस भो जङ्गसन्तानलाई,**
**भैगो अत्यन्त राम्रो उदयदिवस त्यै धीरसन्तानलाई ।।६२।।**

**तत्क्षणैमा** = श्री ३ रणोद्दीपसिंह मारिनेबित्तिकै

**सुरसदन** = स्वर्ग

**जङ्गका ज्येष्ठ पुत्र** = जङ्गबहादुरका जेठा छोरा जगत्जङ्ग (मुखिया जर्नेल )

**जेठा नाती** = जगत्जङ्गका छोरा युद्धप्रतापजङ्ग ( नाती जर्नेल )

४२ सालको पर्व भएपछि जङ्गबहादुरका सन्तानको सत्यानाश भयो । जङ्गबहादुरका अरू भाइका सन्तान पनि रोलबाट झिकिए, धेरै निकालिए । धीरशमशेरका सन्तानको एकलौटी राज्याधिकार भयो । जङ्गबहादुर र उनका भाइहरूका सम्पत्ति वीरशमशेरहरूको भयो ।

**तत्कालै मारिए जो, तिनकन त भयो तत्क्षणै मात्र दुःख,**
**जोगाई ज्यान भागे जुन, तिनकन भो जिन्दगीसम्म दुःख ।**

बस्थे प्रासादमा जो नरपतिसुत भै शानले आजसम्म,
भैहाल्यो भोलिपल्टै तिनकन जगतै गाँस औ वासशून्य ।।६३।।

प्रासादमा = दरबारमा
नरपतिसुत= राजकुमार

"आफ्नो सम्पत्ति राख्नू निजजनपदमै" जङ्गको यो विधान
भैहाल्यो जङ्गपुत्रप्रभृतिकन भने कालदण्डप्रमाण ।
यस्तो प्रत्यक्ष देख्ता भयवश बिजयी सत्र भाईहरूले
सम्झे श्रीजङ्गको सो नियमकन छिटै तोड्नु नै श्रेय ऐले ।।६४।।

निजजनपदमै = आफ्नै देशमा
विधान = नियम
जङ्गपुत्रप्रभृतिकन = जङ्गबहादुरका छोराहरूलाई
कालदण्डप्रमाण = यमराजको लाठो जस्तो

अर्काका राज्यमा शिवालय धर्मशाला बनाई सदावर्त राषता आफै मुषत्यार भयाका आफु गुरू भयाका ३०।४० वर्ष कासि बस्याका गुरू रंगनाथ पंडीत जस्ता आफै कासि गै जमिन कीनी लाष डेढ लगाई सिवालय धर्मशालामा तालचा लाग्न्या एस्तो कच्चा गरि अर्काको जगा बेचन्यालाई अंग्रेजका दरबारबाट सजाय नहुन्या .

श्री ५ बडामहाराज रणबहादुर साहबाट आफुनु मुलुक छर्दै श्रीकेदारमा नित्यनैमितिक पुजालाई र जात्रुलाइ षान दिनालाई राष्याको गुठी सदावर्तको जगा अंग्रेजले जफत गरि लिया. धर्मलाइ राष्याको जगा कीन जफत गरिलियौ भनी श्री ५ सर्कारबाट अंग्रेज रजीडंट साहेबलाई याददास्त जाँदा तिम्रा मुलुकको जमीन तम्रो षुस हुन्छ. हाम्रा मुलुकको जमीन् हाम्रो षुस हुन्छ भनी रजिडंट साहेबले जबाब दिया . श्रीगुरू विजयराज पण्डीतज्यूले धर्मका निमित्त १० हजार रूपैया कासिमा अंग्रेजलाई दि सयकरा ५ रूपैया सुद कबुल गराई दियामा पछि सयकरा ४ रूपैया सुद दिया. केहि दिनमा त्यो सुद सयकरा ३ रूपैया हुन्याछ . पछि आफ्नु साउं पनि पाउन्याछैन . कदाचित् पछि आफ्ना छोराहरू मरि संतान् कोही भयानन्भन्या हाम्रा मैनमा छोरी भया छोरीले धन षानु भनी लेषीयाको छ . विराना मुलुकमा भयापछि वारिसवाला छैनन्भनी त्यो धन छोरिले पनी खान पाउदैनन् . तेही धन अपुतालि पर्‍यो भन्या आफना श्री ५ महाराजबाट पनी लिन पाउदैनन् . तसर्थ वेपारलाई चाहीदो सुद लोट लिनु दिनु गर्न्या काम गर्नु . जगेरा राषि व्याज षान्या काम नगर्नु . हिदुँ : राज गोहत्या नहुन्या स्त्रिहत्या नहुन्या

ब्रह्महत्या नहुन्या . एस्तो अैन भयाको दर्वार हिमवत्षंड वासुकीक्षेत्र आज्यातिर्थ योतिर्मय श्रीपशुपति लिग श्रीगुहेश्वरी पिठ यस्तो पुण्यभुमी आफनु मुलुक छदा छदै कलिमा हिंदुको राज येही मुलुक मात्रै छ . अबउप्रान्त जस्का सिवालय धर्मसाला बनाउनाको इरादा छ . गुठी सदावर्त राषन इरादा छ . आफना राज्यमा तिर्थ पाई शिवालय धर्मसाला बनाउनु . गुठी सदावर्त राषनु . विराना मुलुक्मा राजादेषि रैयत्संम कसैले शिवालय धर्मसाला नबनाउनु . धर्मशाला बनायाको आज उ जमीन कच्चा ठहरिन्या शिवालय २३ गुठी सदावर्त नराषनु . किन भन्या आफना राज्यमा बनाया थोरै भत्क्या पनी आफना संतानले टाल्हटोल गरि बनाउन पाउन्या . आफ्नु देश राम्रो गुलजार हुन्या . जौन मुलुक्मा धर्म ज्यादा भयो . तेस मुलुक्मा रोग व्याधि देसान्नआउन्या . अनिकाल नपर्न्या हुंछ . आफ्नु देसमा किर्ति बंदा सोभा हुन्या . आफना देशका कारिगढ सिपालु हुन्या . ज्याला मजुरि पाउनाले गरिब कंगालको पालना हुंछ . आफना मुलुकको धन विराना मुलुकमा जादैन . आफ्ना मुलुकमा सदावर्त राष्या आफ्नै मुलुकका काना षोरंडा लुला लंगडा बुढाबुढी आफ्ना पलापियाका संतान् आफ्ना नाता-कुटुम्बका पलापियाका संतान विराना देसका अतीत अभ्यागत दु:षि कंगालि येस देसमा जिवनवृतिको इछा राषि आउन्यालाई पालना हुन्या . जस्ले सदावर्त राष्यो . उस्का माथिका सात पुस्ता तलका सात पुस्तासंमका कुलको उद्धार हुन्या . जस्ले कृष्नार्पण गरि जौ तिल कुश ली संकल्प गर्‍याको जमिन छ . त्यो जमिन षोलाले षायो भन्या त्यो पुण्य तेही षोला-वाट पाइंछ . केही दिनपछि षोलाले छाड्यो भन्या आफनु जमिन छदैछ . कदाचित् अनविवेकी राजा कुमंत्रीले त्यो जमीन हर्‍या भन्या तिनैबाट त्यो पुण्य पाइछ . पछि ति राजा मंत्रिलाई आफुले र आफना संतानले रिझाउनुसक्या जमिन पनि पाईछ . शास्त्रले नीतिले लोकका अनुभवले बनायाको अैन हो . अबउप्रांत शिवालय धर्मशाला पाटि पौवा पुल साघु घाट कुवा धारो पोषरि बाटा चौतारा बगैंचा गैह्र आफनै राज्यमा बनाउनु . स्थापना गर्नु . गुठि सदावर्त राषनु . आफ्ना मुलुकमा स्थापना नगरि अर्काको मुलुक्मा स्थापना गर्‍या जो हो . त्यो लोकको दुनियाको राज्यको षराव गर्‍या हो भनी राजा र मंत्रीले विराना मुलुक्मा स्थापना गर्न नदिनु .

*(श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐनका ८–९ पृ.)*

**सत्र भाईहरूले =** धीरशमशेरका सत्र छोराहरूले

१. वीरशमशेर
२. डम्वरशमशेर (मठचाहा)
३. खड्गशमशेर
४. रणशमशेर
५. देवशमशेर

६. चन्द्रशमशेर
७. भीमशमशेर
८. फत्यशमशेर
९. ललितशमशेर
१०. जितशमशेर
११. पूर्णशमशेर (मठचाहा)
१२. यदुशमशेर (मठचाहा)
१३. दुर्गाशमशेर (मठचाहा)
१४. शेरशमशेर (मठचाहा)
१५. जुद्धशमशेर
१६. खम्बशमशेर (मठचाहा)
१७. हर्षशमशेर (मठचाहा)

(पर्सिभल ल्यान्डनको २ भागमा छापिएको राणाजीको वंशावली, वि. सं. २०३१ मा रूपायन प्रकाशनद्वारा प्रकाशित *रूपरेखा*को १५७ पूर्णाङ्कमा छापिएको नयराज पन्त र दिनेशराज पन्तको *सेतो बाघको ऐतिहासिक परीक्षा* भन्ने निबन्ध, सो अङ्कका ३७–४० पृ.)

## श्री ३ पद्मको वैधानिक कानून[19]

### शिक्षा[20]

पाए श्रीवीरले जो बहु धन त्यसमा क्यै दिए भाइलाई,
क्यै लाए धर्ममा औ विलसनविधिमा क्यै निजी गेह राखी ।

---

१९. १ परिशिष्ट तथा २ परिशिष्ट

२०. स्कुल कलेजहरू खोल्न श्री ३ पद्मले देखाएको रुचि तथा नेपालीभाषाप्रकाशिनी समितिको नियममा उनले ल्याएको होलोपनले शिक्षाप्रति रहेको रोक खोल्ने श्री ३ पद्मको विचार देखिन्छ ।

आफ्नो सम्पत्ति केही परजनपदका ब्याङ्कमा राख्न लाए,
बिस्तारै मान पायो परजनपदका ब्याङ्क भर्ने प्रथाले ।।६५।।

श्रीवीरले = श्री ३ वीरशमशेरले
बहु धन = धेरै संपत्ति
विलसनविधिमा = मोजमजामा
निजी गेह = आफ्नो घर
बिस्तारै मान पायो परजनपदका ब्याङ्क भर्ने प्रथाले = विदेशी ब्याङ्कमा धन थुपार्ने प्रथा बढ्दै गयो ।

राजालाई प्रजाले जुन कर उहिले तिर्दथे, सो क्षितीश
खान्थे, दिन्थे, त्यसैले निजजनपदका चल्दथे राजकाज ।
पाटी पौवा प्रणाली सुरसदनहरू बन्दथे, नृत्य गीत
चल्थे, हुन्थे तमाशा विविध किसिमका, घुम्दथ्यो अर्थ भित्र ।।६६।।

क्षितीश = राजा
प्रणाली = धारा
सुरसदनहरू = मन्दिरहरू
घुम्दथ्यो अर्थ भित्र = पैसा आफ्नै देशमा खर्च हुन्थ्यो ।

पोको पारेर पैसा परजनपदका ब्याङ्कमा गै थुपार्न
लागेथे शासिता नै जब, तब हुन गो राष्ट्र तेजोविहीन ।
लेखद्वारा कुरा यो प्रकट हुन गए श्रेय हाम्रो हुँदैन,
यो सम्झी शासिताले नियम रचिदिए लेखलाइ जकड्न ।।६७।।

शासिता = शासक

यस्ले नेपालवासी पठित जन भए बुद्धिदारिद्र्यमग्न,
शिक्षामा रोक लाग्दा बहुत मनुज छन् चेतनाले विहीन ।
उल्टा सुल्टा कुरामा पनि अबुझहरू खूप विश्वास मान्छन्,
राणाजीमाथि झुट्टा अपजस त्यसले चल्न लागीरहेछन्।।६८।।

मनुज = मानिस

शिक्षाको रोकलाई अझ पनि नछिकी राखिराखे अवश्य
राणाजीका विरुद्ध क्रमसँग बहुतै बन्न जालान् मनुष्य ।
शिक्षाको रोक खोलीकन अधिकृति क्यै लोकलाई दिनाले
राणाराज्यव्यवस्थातिर जनमनको द्वेष क्यै घट्छ ऐले ।।६९।।

लोकलाई = दुनियाँलाई
अधिकृति = अधिकार

## राजा[21]

---

२१. वि. सं. २०२७ मा त्रिभुवन स्मारक–समिति काठमाडौँबाट प्रकाशित *श्री५त्रिभुवन स्मृति ग्रन्थ*

मेरा मातामह पं. भुवननाथ पाँडेको पालनपोषणमा म हुर्केको हुँ । आफ्नो ५ वर्षको उमेर वि. सं. १९७५ देखि म उहाँकै कोठामा सुत्न, बस्न, पढ्न लागेको हुँ । प्रायः उहाँको कोठामा उहाँ र म दुइ जना मात्र हुन्थ्यौँ । मैले बुझ्न सक्ने कुरा उहाँ मलाई प्रायः सुनाउनुहुन्थ्यो । वि. सं. १९७७ देखि १९९० सम्म उहाँ नारायणहिटी राजदरबारमा पढाउने पण्डितको रूपमा नियुक्त हुनुभएको थियो । श्री ५ जेठा बडामहारानी कान्तिराज्यलक्ष्मी, श्री ५ कान्छा बडामहारानी ईश्वरीराज्यलक्ष्मी, श्री ५ युवराजाधिराज महेन्द्र, श्री ५ अधिराजकुमार हिमालय, श्री ५ अधिराजकुमार वसुन्धरा तथा श्री ५ अधिराजकुमारीहरूलाई उहाँले पढाउनुभएको थियो । भोलि गर्नुपर्ने कामको तयारी अघिल्लै दिन गरिराख्ने उहाँको स्वभाव थियो । *संस्कृतपरिचय*, *संस्कृतशिक्षा*, *चाणक्य-नीतिदर्पण* तथा हिसाब उहाँले राजदरबारमा पढाउनुभएको थियो । पढाउनाका लागि उहाँले लेख्नुभएका कागतहरू अहिले पनि सुरक्षित छन् । श्री ५ बडामहारानीहरूलाई उहाँले ज्यौतिष पनि पढाउनुभएको थियो । पढाउन लेखिएका कागत पनि सुरक्षित छन् ।

मलाई पनि हिसाब पढाइदिनुहोस् बाजे भनेर आज महाराजाधिराजबाट हुकूम भयो, भोलिदेखि म आउन अलि ढिलो हुन्छ भनेर एकदिन उहाँले मसँग भन्नुभयो । महाराजाधिराज-लाई पढाउन बटुबाबु ( त्रि–चन्द्र कलेजका तात्कालिक प्रिन्सिपल सरदार बटुकृष्ण ) पनि आउँछन्, उनी पढाएर ओर्लन्छन्, अनि म पढाउन जान्छु भनी उहाँले अर्को दिन मसँग भन्नुभयो । यसरी मैले आफ्नो सात आठ वर्षको उमेरदेखि श्री ५ त्रिभुवनको विषयमा केही सुन्न लागेको हुँ ।

ऐले छन् भूप हाम्रा त्रिभुवन, उनको बुद्धि ज्यादै छ तीक्ष्ण,
राणाराज्यव्यवस्थातिर नरपतिको चित्त सन्तुष्ट छैन ।
छोरा रानीहरूमा स्वगृहकलहको चिह्न क्यै देखिँदैन,
ऐले श्रीजङ्गनीति क्षितिपतिगृहको निम्ति क्यै काम दिन्न ।।७०।।

भूप = राजा
त्रिभुवन = श्री ५ त्रिभुवनवीरविक्रम शाह
तीक्ष्ण = तीखो
क्षितिपतिगृहको = राजदरबारको

राणाराज्यव्यवस्था अहितकर भयो यो कुरो लोक बोल्छ,
राजाको स्निग्ध दृष्टि प्रतिदिन त्यसमा पर्न लागीरहेछ ।
राजालाई यहाँको जनमत बहुधा मान्छ देवावतार,
हाम्रो राज्यव्यवस्था दिनदिन त्यसले गल्न लागीरहेछ ।।७१।।

लोक = दुनियाँ
हाम्रो = राणाजीका

बाठा राजा प्रजाको निकट हुन सधैँ गर्दछन् धेर यत्न,
राजाको सामु पुग्नाकन पनि जनता गर्छ उस्तै प्रयत्न ।

---

मेरा ससुरा गुरुपुरोहित जनकराज पण्डितज्यूको कृपाले राजदरबारबाट केही सानातिना दान पनि मैले पाएकोले श्री ५ त्रिभुवनको दर्शन त्यस समय पनि मैले पाएको हुँ । लम्बरी पण्डितको हैसियतले पनि श्री ५ त्रिभुवनको दर्शन पाएको हुँ ।

वि. सं. २००५ मा श्री ३ मोहनको उदय भएको हो । श्री ३ मोहनको जन्मोत्सव पौषकृष्ण षष्ठीमा पर्थ्यो । श्री ५ पृथ्वीवीरविक्रमको श्राद्ध पनि पौषकृष्ण षष्ठीमा पर्थ्यो । वि. सं. २००५ को पौषकृष्ण षष्ठीमा सिंहदरबारबाट जन्मोत्सवको दक्षिणा लिई लम्बरी पण्डितहरू नारायणहिटी दरबारमा गए । श्री ५ महाराजाधिराजबाट ज्युनार भइसक्यो, फर्कनुहोस् भनी ढोकैबाट पण्डितहरूलाई बिदा दिइयो । यसरी लोप्रे कान लाएर पण्डितहरूलाई दरबारबाट कहिल्यै फर्कनुपरेको थिएन। वि. सं. २००६ को पौषकृष्ण षष्ठीमा श्री ३ मोहनबाट डबल दक्षिणा दिई चाँडै नारायणहिटी दरबारमा जानू भन्ने हुकुम भयो । त्यसैअनुसार पण्डितहरू गए, दक्षिणा पाए ।

खोसी राजा प्रजाका हक छलबलले भेद पारी दुवैमा
राणा अन्याय गर्छन्, नृपति यति कुरा पार्न खोज्छन् प्रजामा।।७२।।

निकट = नजीक

आफ्ना राजा प्रजाका अरुचिकर भई माझमा तेर्सिएर
बस्ने चेष्टा नछोडे अझ पनि पछुतो पर्न क्यै छैन बेर।
राजाको निम्ति ज्यादै अरुचिकर छ जो, त्यो कुरामा सुधार
गर्दा राणाहरूको उपर त्यति कडा दृष्टि दिन्नन् नृपाल ।।७३।।

आफ्ना राजा प्रजाका अरुचिकर भई = राजा र दुनियाँले मन नपराई

## पर राष्ट्र

ठूलो साम्राज्य आफ्नो अधिक दिन टिकोस् यत्ति राखी विचार
गर्थे राज्यव्यवस्थातिर सितमुखले काल हेरी सुधार ।
ऐले अत्यन्त ठूलो समर भइदिँदा क्षीण भो आङ्गलशक्ति,
त्यल्ले अङ्ग्रेज खोज्छन् विवश हुन गई राज्य नै छोड्न जुक्ति।।७४।।

सितमुखले = अङ्ग्रेजले
ठूलो समर = द्वितीय महायुद्ध

ठूला साना अनेकौं जुन मुलुक थिए आङ्गलसाम्राज्यभित्र,
बिस्तारै ती सबै नै अलिकति दिनमै बन्न जान्छन् स्वतन्त्र ।
हुन्छन् दासत्व तोडीकन अब सहजै भारतीय स्वतन्त्र,
यल्ले केहीनकेही असर दिनदिनै पार्छ नेपालभित्र ।।७५।।

राणाराज्यव्यवस्था टुलुटुलु जसरी हेर्दथे गौरववक्त्र,
गान्धीवादीहरूको मन फरक हुँदा छैन तत्तुल्य नेत्र ।

ऐले राणाविरोधी जमघट बहुधा बन्न लागीरहेछन्,
केही बिस्तार बोल्दै भरतवसुमतीभित्र ती सङ्घ घुम्छन् ।।७६।।

गौरवक्त्र = अङ्ग्रेज
गान्धीवादी = मोहनदास करमचन्द गान्धीका अनुयायी = भारतीय काङ्ग्रेसी
छैन तत्तुल्य नेत्र = त्यस्तै दृष्टि छैन
भरतवसुमती = भारत

हाम्रो अर्को छिमेकी मुलुक अतिबडो चीनसाम्राज्य पर्छ,
ऐले ता साम्यवाद प्रतिदिवस त्यहाँ बढ्न लागीरहेछ ।
राणाजी एकलौटी अधिकृति जसरी आज भोगीरहेछन्,
त्यल्लाई साम्यवादी अतिशय ननिका वस्तुको भित्र गन्छन् ।।७७।।

प्रतिदिवस = दिनदिनै

## त्याहा मत्याहा राणासङ्घर्ष [२२]

२२. ल्यान्डन २ भागमा छापिएको राणाजीको वंशावली
ल्यान्डन १ भाग २४८–२५० पृ.

वि. सं. २०२६ मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित बालकृष्ण समको *मेरो कविताको आराधना (चम्पु) उपासना* २ का ९६–१००, १०६, ११६, १३१–१३६, १८७–१८८, १९४, १९६, २०२–२०४, २१६, २२८–२३४, २४०–२४१ पृ.

वि. सं. २००७ मा नेपाली राष्ट्रिय काङ्ग्रेसद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको *ए सेन्चुरइ अफ् फ्यामइलि अटक्रसि इन् नेपाल्* (नेपालमा जहानिया हुकूमी शासनको एक शताब्दी) का १५६–१६०, २०१–२०२ पृ.

*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* १ संख्या

वि. सं. २०२२ मा काशीबाट कृष्णकुमारी देवीद्वारा प्रकाशित बालचन्द्र शर्माको *नेपालको ऐतिहासिक रूपरेखाको* दोस्रो संस्करणका ३७१, ३६४, ४१६, ४२१, ४२५ पृ.

ठ्याहा भाई र छोरा क्रमसँग वयको बन्दथे रोलवाला,
ज्यादै प्यारा मठ्याहा तनय पनि कुनै बन्दथे रोलवाला ।
हाम्रा जेठा बुबाका तनयहरु थिए रोलवाला मठ्याहा,
राणाजी रोलवाला दलबिच त अरू क्वै थिएनन् मठ्याहा।।७८।।

ठ्याहा = विवाहिता स्वास्नीमा जन्मेका

मठ्याहा = ल्याइता स्वास्नीमा जन्मेका

वयको क्रमसँग = उमेरअनुसार

तनय = छोरा

हाम्रा जेठा बुबाका तनयहरु थिए रोलवाला मठ्याहा = श्री ३ वीरशमशेरका मठ्याहा छोरा रुद्रशमशेर, तेजशमशेर, प्रतापशमशेर तथा तिनका सन्तान रोलवाला थिए ।

हाम्रा बा भीमको भो झलमल जहिले माथमा तीन चाँद,
हाम्रा भाई मठ्याहा पनि तब गरिए पाउने तीन चाँद ।
यल्ले गर्दा पुरानो क्रम खलबलियो, चन्द्रका पुत्र आदि
ठ्याहा राणाहरूले त्यस बखत सहे क्रोध आफ्नो दबाई ।।७९।।

हाम्रा बा भीमको भो झलमल जहिले माथमा तीन चाँद = कम्यान्डर–इन–चीफ भीमशमशेरको जहिले श्री ३ को रूपमा उदय भयो ।

वि. सं. १९८६ मार्ग १० गते सोमवार श्री ३ भीमको उदय भएको हो ।

हाम्रा भाई मठ्याहा पनि तब गरिए पाउने तीन चाँद = श्री ३ भीमका मठ्याहा छोरा हिरण्यशमशेर, रामशमशेर, नाति महावीरशमशेर ( भीमका स्वर्गवासी मठ्याहा छोरा प्रकाशशमशेरका छोरा) र तिनका सन्तान पनि रोलवाला बनाइए ।

बेरोलवाला जनरल हिरण्यशमशेर, रोलवाला जनरल भाइ बबरशमशेर (श्री ३ चन्द्रका माहिला छोरा) लाई हिजोसम्म सलाम गर्थे । अब रोलवाला भएका हिरण्यशमशेरलाई बबरशमशेरले सलाम गर्नुपर्ने भयो । यस्तै उलटपुलट धेरै भए ।

---

वि. सं. २०१० मा पटनाबाट प्रकाशित रामहरि जोशीको *नेपालको नवम्बर क्रान्तिका* ३०, ३८, ४२, ८९–९१, १०४ पृ.

वि. सं. २०१५ मा काशीबाट कृष्णाकुमारीद्वारा प्रकाशित ढुण्डिराज भण्डारीको *नेपालको ऐतिहासिक विवेचनाका* ३०७, ३०९, ३१२, ३३१, ३३४, ३३५–३३६, ३३९ पृ.

हाम्रा बाको सुदृष्टि प्रकट हुन गयो त्याइता पुत्रमाथि,
त्यल्ले गर्दा मठ्याहा दल पनि हुन गो राज्यमा शक्तिशाली ।
अन्तःसङ्घर्ष यल्ले दुइ दलबिचमा बढ्न लाग्यो क्रमैले,
उठ्ने हो पर्व कस्तो कुन समय भनी गुन्न लागे निकैले ।।८०।।

हाम्रा बाको = पद्मशमशेरका बुबा श्री ३ भीमको
अन्तःसङ्घर्ष = भित्रभित्रको दाउपेच

यस्तैमा नै बुबाको निधन हुन गयो दैवको खेलबाट,
कान्छा बा जुद्धको भो उदय पहिरिई माथमा तीन चाँद ।
ठ्याहाको पक्षलाई अधिक बल मिल्यो, के हुने हो भनेर
शङ्का मान्दै मठ्याहा दल विवश भई बस्न लाग्यो दबेर।।८१।।

बुबाको = श्री ३ भीमको
निधन = मृत्यु
जुद्धको = जुद्धशमशेरको

श्री ३ भीमको स्वर्गवास वि. सं. १९८९ भाद्र १७ गते बृहस्पतिवार भएको हो । कम्यान्डर–इन–चीफ जुद्धशमशेरको श्री ३ को रूपमा यसै दिन उदय भएको हो ।

त्यो वेलामा मठ्याहा दलप्रमुख थिए चीफसाहेब रुद्र,
श्रीश्रीश्री बन्नलाई उनकन त थियो खुड्किलो एक मात्र ।
जेठा बाका मठ्याहा तनयकन थियो पूर्वदेशाधिपत्य,
हाम्रा बाका मठ्याहा तनयकन थियो उत्तराशाधिपत्य ।।८२।।

रुद्र = रुद्रशमशेर = श्री ३ वीरका मठ्याहा छोरा
श्रीश्रीश्री = श्री ३ महाराज

जेठा बाका मठ्याहा तनयकन थियो पूर्वदेशाधिपत्य = श्री ३ वीरका मठ्याहा छोरा तेजशमशेर पूर्वतर्फका कम्यान्डिङ जनरल थिए ।

हाम्रा बाका मठ्याहा तनयकन थियो उत्तराशाधिपत्य = श्री ३ भीमका मठ्याहा छोरा हिरण्यशमशेर उत्तरतर्फका कम्यान्डिङ जनरल थिए ।

ठ्याहा राणाहरूको विजय हुन गयो जुद्धको हातबाट,
राणावंशी मठ्याहा जन सब झिकिए स्वाट्ट नै रोलबाट ।

नेपालद्रोणिदेखिन् बलसँग धपिए पालपातर्फ रुद्र,
जम्मैको भो निषिद्ध प्रबल नियमले राजधानीप्रवेश ।।८३।।

नेपालद्रोणिदेखिन् = नेपालखाल्डोबाट

जम्मैको भो निषिद्ध प्रबल नियमले राजधानीप्रवेश रोलबाट झिकिएका सबैले राजधानीमा पस्नै नपाउने भए ।

वि. सं. १९९० चैत्र ५ गते आदित्यवार यो घटना भएको हो ।

श्रीश्रीश्री बन्न सक्ने अधिकृति झिकियो ल्याइता पुत्रबाट,
हुन्थे राणा मठ्याहा अरु पनि त बडा लोकको दृष्टिबाट ।
ज्यादै ठूला रजौटासदृश हुन गए पालपापाल रुद्र,
हाम्रा भाईहरूका पनि पद त रहे उच्च नै यत्रतत्र ।।८४।।

श्रीश्रीश्री = श्री ३ महाराज

लोकको दृष्टिबाट = मानिसको नजरमा

रजौटासदृश = रजौटा जस्ता

पालपापाल = पालपाका बडाहाकिम

आफ्ना काकाहरूका सुतकन जसरी सत्र भाईहरूले
कैल्यै उठ्नै नसक्ने तलतलतिरको दुर्दशामा पुऱ्याए ।
त्यो हेर्दा जुद्धको यो स्थिति नियम थियो धेर सद्भावपूर्ण,
राणाको वंशलाई हितकर फल ता किन्तु यल्ले दिएन ।।८५।।

काकाहरूका सुतकन = काकाका छोराहरूलाई

हितकर फल = असल नतीजा

श्री ३ वीर र उनका भाइहरूले श्री ३ जङ्ग आदि आफ्ना काकाका सन्तानहरूको सत्यानाश नै गरेका थिए । श्री ३ जुद्धले ता रुद्रहरूका रोल मात्र खोसे, जागीर तथा चल अचल उनका सम्पत्तिमा हात हालेनन् ।

राणावंशी मठ्याहा प्रमुख जनहरू काटिँदा रोल आफ्नो
राणाराज्यव्यवस्थातिर अतिशय नै भाव राख्छन् नराम्रो ।
राणाराज्यव्यवस्था खतम गरिदिने योजनामा समेत
आफ्नो सम्पत्ति होम्नाकन पनि यिनको चित्त हुन्छ प्रसक्त ।।८६।।

प्रसक्त = लागेको

हुन्छन् कोही विरोधी जनहरु सबका स्वार्थ पर्दा बिभिन्न,
दाज्यूभाईहरूको कलह हुनु कुनै वस्तु ठूलो गनिन्न ।
राणावंशीहरू नै निजकुलमहिमास्वार्थविध्वंस गर्न
दिन्छन् राणाविरोधी जनकन धन जो यो त सामान्य हुँन ।।८७।।

निजकुलमहिमास्वार्थविध्वंस गर्न = आफ्नो कुलको गौरवलाई खतम पार्न

## सुधार गर्ने इच्छा

आफ्नै राजा विरोधी, बहुमत जनता बन्न लाग्यो विरोधी,
दाज्यूभाई विरोधी, सबतिर बलिया छन् छिमेकी विरोधी ।
आगो हाम्रो विरोधी मुलुकभर छिटै बल्नु क्यै बेर छैन,
यस्तो प्रत्यक्ष देख्ता अझ पनि नबुझे झैँ गरी बस्नु हुन्न ।।८८।।

यस्तै यस्ता विचार प्रतिदिन मनमा उठ्तथे वारवार,
जान्ने मान्छे नमिल्दा छलफल नहुँदा ती बसे गुम्सिएर ।

## श्री ३ जुद्ध[२३]

२३. *मेरो कविताको आराधन (चम्पू) उपासना* २ को १६३ पृ.

वि. सं. २०३२ मा नयाँ दिल्लीबाट आशीष पब्लिशिङ हाउसद्वारा प्रकाशित ईश्वरीप्रसादको *द लाइफ् यान्ड् टाइम्ज् अफ् महाराजा जुद्ध शमशेर् जङ् बहादुर् राणा अफ् नेपाल्* ( नेपालका महाराज जुद्धशमशेर जङ्गबहादुर राणाको जीवनी र शासनसमय )

हाम्रा कान्छा बुबाको त्यस समय थियो माथमा तीन चाँद,
श्रीश्रीश्री बोल्नुहुन्थ्यो जुन वचन त्यही बन्दथ्यो निर्विवाद ।।८९।।

श्रीश्रीश्री बोल्नुहुन्थ्यो जुन वचन त्यही बन्दथ्यो निर्विवाद = श्री ३ महाराजले बोलेको कुरा कसैले काट्न सक्दैनथ्यो ।

होऊन् उद्योगशाला निजजनपदमा, देशको होस् विकास,
होऊन् पण्योपजीवी परजनपदमा गर्न सक्ने निकास ।
पाऊन् नेपालवासी जनहरु सुख औ देश होओस् समृद्ध,
यस्ता यस्ता कुरामा निरत हुनुभयो श्रीमहाराज जुद्ध ।।९०।।

उद्योगशाला = कलकारखाना
निजजनपदमा = आफ्नो मुलुकमा
पण्योपजीवी = व्यापारी
परजनपदमा = विदेशमा
निरत हुनुभयो = लाग्नुभयो

पैसा क्यै छोड्नु हुन्थ्यो निजजनपदको श्रेयको निम्ति जुद्ध,
त्यल्ले केही गरायो हितकर घटना, देश क्यै भो समृद्ध ।
खाँदै सङ्घर्ष बन्दो प्रतिदिवस नयाँ विश्वको चाल बुझ्न,
हाम्रा कान्छा बुबाको हृदयतलमहाँ भाव केही थिएन ।।९१।।

श्रेयको निम्ति = भलोको लागि
हृदयतलमहाँ = मनमा

हाम्रो यो देशलाई छ बहुत बढिया जङ्गबद्धव्यवस्था,
श्रीश्रीश्री जुद्धको यै हृदयबिच थियो भावनापूर्ण आस्था ।
पैसा क्यै छोड्नुहुन्थ्यो, अधिकृति त कुनै छोड्न इच्छा थिएन,
हाम्रा कान्छा बुबाको हृदय मृदु थियो, दृष्टि टाढा थिएन ।।९२।।

जङ्गबद्धव्यवस्था = जङ्गबहादुरले बताएको नियम
भावनापूर्ण आस्था = मनमा पक्कासँग जमेको विचार
हृदय मृदु थियो = मन कमलो थियो

## भाद्र ३१ गतेका दिन श्री ५ महाराजाधिराजको प्रतिमा उद्‌घाटनको उत्सवमा श्री ३ महाराजबाट बक्सेको भाषण ।

श्री ५ युवराजाधिराज कम्याण्डरइनचिफ भाइ भारादार सज्जनहरु–

हाम्रा परमपूज्य प्यारा वर्तमान श्री ५ महाराजाधिराजको सम्झना कालान्तरसम्म रहिरहोस् भनी उहाँको प्रतिमा स्थापना गर्ना निमित्त हामीहरू आज यहाँ भेला भएका छौं । यो प्रतिमा कलकत्ताबाट झिकाइएको कालिगढबाट यहीं तयार पारेको हो ।

श्री ५ महाराजाधिराज मौसुफको जन्म सम्वत् १९६३ साल आषाढशुक्ल नवमीका दिन भै ६ वर्षको उमेरदेखि यस पुण्यभूमि नेपालको सिंहासनलाइ शोभायमान गराई आफ्ना श्री ५ जीजीबुबाज्यूबाट अनेक कुरा भोगी बाँधिबक्सेको रीति स्थितिमा श्रद्धा राखी राज्य गरी रहि बक्सेको उहाँको दर्शन पाइ रहने सौभाग्य हामीहरूलाई मिली रहेको छ । उहाँको राज्य-शासनको समयमा नेपालले उन्नतिको बाटोमा बराबर कदम बढाउँदै गै रहेको छ । मुलुक भरमा दासत्वको प्रथा खारेज गर्ने काम, रोपवे, रेल, टेलिफोनको प्रचार, हात हतियार, गोली गठ्ठा बनाउने नयाँ कारखानाको चालू, बैंकको स्थापना, मुलुकको बन्द व्यापार बढाउनलाइ उत्तेजना तथा समुद्रपारबाट नेपाल आउने मालमा हिन्दुस्तानको कष्टम ड्यूटी नलाग्ने गराइएको शिक्षा शिल्पकलाको प्रचार बढाउने इत्यादि मुलुकलाइ फाइदा हुने काम र जङ्गी निजामती कर्मचारिहरुको भलाइको निमित्त द्रव्यकोष रहने र पेन्सन दिने प्रबन्ध पनि उहाकै राज्य शासन कालमा हुन गएको छ ।

परराष्ट्र सम्बन्धमा पनि हाम्रो पुरानो दोस्त ब्रिटिश सरकारसँगको हाम्रो दोस्तीको सम्बन्धको गाँठो झन् झन् बलियो हुँदै गै राखेको छ । हाम्रो मुलुकको पूर्ण स्वतन्त्रता जनाउने ब्रिटिश र नेपाल सरकारका बीचको मित्रताको अहद हुनु औ नेपालमा ब्रिटिश लिगेशन र बेलायतमा नेपाली लिगेशन खडा हुनु इत्यादि कारवाइ वहाँकै राज्यशासन समयमा नै भै अरु यूरोपका राजा सम्राट राष्ट्रपतिहरुसँग तक्माको उपहार लिनु दिनु गरी परस्पर राजदूत हरूको आवत जावत गर्ने काम पनि भएको छ ।

यो उन्नतिको बाटोमा तीन ओटा महान् बाधा आइलागेको थियो, तर परमेश्वरको अनुग्रहले यी सबै बाधालाई एक एक गरी हटाउने मात्र होइन कि त्यसबाट झन् मुलुकलाई फाइदा हुने गराइएको छ । यो बाधाहरूलाई कुन किसिम हिसाबसँग समन गरियो त्यसबाट मुलुकलाई फाइदा हुने कसरी तुल्याइयो यो सबैलाई थाहै छ । श्री ५ महाराजाधिराज मौसुफबाट राजसिंहासनमा विराजमान गरिबक्सेको तीन वर्षमात्र लागेको थियो पहिलो विश्वव्यापी लडाइँ शुरु हुन गयो । त्यसमा हाम्रा मित्र ब्रिटेन पनि सरिक भएका हुनाले मौका छोपी मित्रको मद्दतको निमित्त हाम्रो फौज हिन्दुस्थान पठाई अरु तरहबाट पनि मद्दत गरिएको थियो । आखिरमा विजय प्राप्त भएपछि मित्र ब्रिटेनले सो मद्दतको

गुन सम्झी नेपाललाई जमिनको बदला दश लाख सालवसाल सदा सर्वदालाई दिने भए । दोस्रो वाधा सं १९९० सालको भयङ्कर भूकम्पको रूपमा आइ लाग्यो । त्यसले धन जनको ठूलो नोक्सान गराई उन्नतिको मार्गमा ठूलो वाधा पारेको थियो । तर सुप्रबन्ध र सो भूकम्पको मारमा परेका रैति दुनियाँले ३२ लाख रुपैयाँ बक्स पाएबाट प्रजागणको उत्साह बढ्न गै भक्त्के विग्रेको घर फूर्तिसाथ सजी बनाउने काम र अरू उद्योग धन्दा तर्फ लाग्न गएबाट उन्नति क्रन् क्रन् बढ्दै गयो । तेस्रो बाधा हालैमा खतम भएको विश्व व्यापी महा समरको रूपमा आइ लाग्यो । यसको भीषण मारमा नपर्ने वा नखाने मुलुक कुनै रहन गएन भने पनि हुने भएको थियो । त्यस्तो-मा पनि राज्यको सुप्रबन्ध भएबाट नेपाललाई अरू मुलुकलाइ जस्तो संकष्ट परि आएन । मित्रलाई आपत परि आएमा मद्दत दिनु गर्नु मित्रको कर्तव्य हुनाले यो पटक पनि मित्र वृटेनको मद्दत निमित्त हिन्दुस्थानमा फौज पठाई अरू तरहबाट पनि मद्दत गरियो । खुशोको कुरा यो छ कि यो लडाइँ पनि हाम्रा मित्र पक्षको जीत भै खतम भयो । हाम्रो फौजले पनि हिन्दुस्थान माथि चढाई गर्न आएको जापानसँग लडी तिनीहरूलाई हराई, भगाई, धपाई नाउँ कमाई दफा, दफा गरी बराबर घर फर्की आउँदै गरि रहेछन् आशा छ कि उन्नतिको बाटोमा यस्तो बाधा अब परि आवैन ।

यी शासन सम्बन्धीका मुख्य मुख्य काम कारबाईको छोटकरी वयान यो प्रतिमाको स्तम्भमा जडिएको शिलापत्रमा पनि लेखिएको छ । त्यस्बाट पनि वहाँको राज्य शासनको समयमा नेपालले उन्नतिको बाटोमा बराबर कदम बढाउँदै गै रहेको सबैलाई विदितै हुने छ ।

आजको यो उत्सवमा सामेल हुन पाउँदा मलाइ जस्तो खुशी र सन्तोष लागेको छ उस्तै यहाँ सबलाई लागेको होला भनी ठानेको छु । यहाँको शान्त मूर्ती सुन्दररूपले शोभायमान गराई राखेको गाथ मीठो वोल रसिलो चाल प्रशंसनिय छ । जगन्नाथजीको दर्शनको ठूलो अभिलाषा राखि वक्सेको थियो । सबै काम कुरा बरबन्दोबस्त ठिक मिलेकोले सो इच्छा पोहर पूर्ण गराइवक्सिने संजोग मिलन गएकोले वहाँबाट जस्तो संतोष मानीबक्सेको छ उत्तिकै मैले पनि मानेको छु ।

यहाँको व्याख्या लामो गरी रही सभाषद्‌हरूको समय धेरै लिन चाहँदिन अव आजको यो उत्सवको काम पूरा गर्नालाई यस्ता हाम्रा आदर्श राजा

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावलि विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधीपति श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जङ्गवहादुर शाहबहादुर शम्शेर जङ्ग देव ।

को शासन समय सुगम साथ ३४ वर्ष बिते झैं अरू धेरै वर्ष बित्दै जाओस् भनी श्रीपशुपतिनाथ श्रीगुह्येश्वरीमाईसँग प्रार्थना गरी यो प्रतिमा खोल्दछु ।

( वि. सं. २००२ आश्विन १२ गते शुक्रवारको *गोरखापत्र* )

## श्री ३ जुद्धको राज्यत्याग, श्री ३ पद्मको उदय[२४]

पर्दा राजर्षिका सच्चरित हृदयमा राजभारा तमाम,
कान्छा बा सत्तरी भै मकन दिनुभई जानुभो तीर्थधाम ।
लाएँ श्रीजुद्धदेखिन् जुन समयमहाँ माथमा तीन चाँद,
तत्कालै खेल्न लागे परपरतिरका चित्तमा धेर बात ।।९३।।

तीर्थधाम = रिडी

श्री ३ जुद्धको राज्यत्याग तथा कम्याण्डर-इन-चीफ पद्मशमशेरको श्री ३ को रूपमा उदय वि. सं. २००२ मार्ग १४ गते बृहस्पतिवार भएको हो ।

## आयव्ययविवरण[२५]

पायो श्रीतीन बन्ने अवसर जसले त्यै यहाँ मोज मार्छ,
बन्छन् छोराहरूका महल पनि तथा ब्याङ्कमा त्यै थुपार्छ ।

---

२४. यो कुरा आफ्नै आँखाले देखेको हो ।

२५. डिल्लीरमण रेग्मीको *ए सेन्चुरि अफ् फ्यामिलि अटक्रसि इन् नेपाल्*मा छापिएको पट्टाभि सीतारामय्याको भूमिका (७, ८ पृष्ठ)

वि. सं. २०१५ मा लन्डनबाट हचिन्सन यान्ड कम्पनीद्वारा प्रकाशित एरिका ल्यूश्टागको *विथ् ए किङ् इन् द क्लाउड्ज्* (कल्पनामा डुली हिँड्ने राजासँग) को ६३ पृ.

*श्री ५ त्रिभुवन-स्मृतिग्रन्थ*मा छापिएको एरिका ल्यूश्टागद्वारा विरचित पासाङ गोपर्माद्वारा अनूदित *एरिका र श्री ५ त्रिभुवन* भन्ने निबन्ध, सो ग्रन्थको १७ पृ.

*नेपाल सरकारको वैधानिक-कानून संवत् २००४* को च पृ.

यल्ले गर्दा क्रमैले मुलुक सब भयो दुःखदारिद्र्यमग्न,
हाम्रा राजा प्रजाको मनबिच छ यही भाव विश्वासपूर्ण ।।९४।।

आयस्ता हुन्छ ज्यादै अधिक मुलुकमा, खर्च ज्यादै छ थोर,
बाँकी श्रीतीन खान्छन्, यस रकमविषे थुग्छ कैयौं करोड ।
भन्ने विश्वास पक्का जनहृदयमहाँ जम्न लागीरहेछ,
राणाराज्यव्यवस्थातिर अधिक घृणा यो कुरा पारिहाल्छ ।।९५।।

होओस् राजस्व धेरै, तर अतिकम होस् खर्च भन्ने विचार
राख्छन् श्रीतीन, बाँकी धन पनि उनकै बन्नु क्यै छैन बेर ।
यो ता साँचो कुरा हो, तर मुलुक धनी छैन, राजस्व हुन्न
धेरै, श्रीतीन खान्छन् अधिक धन भनी भन्न त्यल्ले दिँदैन ।।९६।।

राजस्व =सरकारी आमदानी

छन् आयस्रोत यी यी, मुलुकभर गरी आय सम्पूर्ण यो हो,
छन् यी यी गर्नुपर्ने व्यय, त्यति गरिंदा उब्रने शेष यो हो ।
यस्तो बर्सेनि आयव्ययविवृतिहरू अन्त हुन्छन् प्रकाश,
हाम्रा राजा प्रजाको हृदय पनि यहाँ खोज्छ त्यस्तै प्रकाश ।।९७।।

आयस्रोत = आम्दानीका बाटा
व्यय = खर्च
आवव्ययविवृतिहरू = आम्दानी खर्चका फाँटवारी (बजेट)

आम्दानी खर्चको यो लगत गरिदिए बर्षपिच्छे प्रकाश
राणाविद्वेष केही हदतक जनको चित्तमा हट्न जान्छ ।
यल्ले श्रीतीनलाई द्रविणविषयमा हानि ता पारिदिन्छ,
टाढाको ख्याल राखी यति पनि नसहे भन् ठूलो हानि हुन्छ ।।९८।।

राणाविद्वेष = राणामाथिको रीस
द्रविणविषयमा =पैसाको कुरामा

## दरखास्तपरिषद् ( लोकसेवाआयोग )[२६]

अड्डामा मुख्य हुन्थ्यो जुन जन उसका भाइ मामा र पुत्र
साला काका घनिष्ठ प्रिय जन त्यसमा बन्दथे कामदार ।
पाका जानेबुझेका मनुज पनि विनादोष खारेज हुन्थे,
कच्चा केही नजान्ने जन पनि बहुधा उच्चतासम्म पुग्थे ।।९९।।

अड्डाका कर्मचारी अपटु भइदिँदा काम हुन्थ्यो बियाँलो,
अड्डाका काम होऊन् सुनियमित भनी चन्द्रको भाव आयो ।
स्रेस्ता शिक्षा परीक्षा प्रचलित गरिए कर्मचारीहरूमा,
स्रेस्ताको ज्ञान केही विकसित हुनगो, क्यै भयो सुव्यवस्था ।।१००।।

अपटु = नजान्ने

चन्द्रको = श्री ३ चन्द्रशमशेरको

श्री ३ चन्द्रको पालामा स्रेस्तापाठशाला तथा पासजाँचअड्डा खडा भए ।

सानासाना परीक्षा नियमित गरिए दार्ढ्य राम्रो लिएर,
नौसिन्दा आदि साना पद पनि भरिए त्यै परीक्षानुसार ।
ठूला ठूला परीक्षातिर नियम कुनै बन्न राम्रो सकेन,
बिस्तारै माथि चढ्ने क्रम नियमविषे क्यै व्यवस्था भएन ।।१०१।।

साना साना परीक्षा नियमित गरिए दार्ढ्य राम्रो लिएर = कडाइका साथ तल्लो तहका परीक्षा नियमपूर्वक चलाइए ।

चेवाचर्चाहरूमा जुन निपुण भई भित्रिया बन्न सक्छन्,
राणाको हुन्छ नाता जससँग, जसले चाकडी गर्न सक्छन् ।
ठूला जागीर मिल्छन् तिनकन, तिनको बेस संमान हुन्छ,
त्यस्ताको चाकडीले पनि अलिकति ता बढ्न साहाय्य गर्छ ।।१०२।।

साहाय्य = मदत

---

२६. वि. सं. १९७० मा बम्बईमा निर्णयसागर प्रेसमा मुद्रित जगन्नाथ सेढाञ्ची, बैजनाथ सेढाञ्चीद्वारा विरचित चन्द्रमयूखका ८२–८३ पृ.

ज्यादै धेरै पढेका जन पनि नमिली वृत्ति बेकार बस्छन्,
ज्यादै थोरै पढेका जन पनि सहजै उच्चतासम्म पुग्छन् ।
विद्याको छैन केही कदर, चतुरता क्यै भए काम चल्छ,
हामीले सत्यभन्दा छलकपटतिरै ढल्कँदा श्रेय हुन्छ ।।१०३।।

वृत्ति = जागीर
श्रेय = भलो

यस्तो विश्वास मान्ने पठित जनहरू छन् भने देशभित्र
हुन्छन् उत्पात धेरै किसिमकिसिमका देशमा यत्रतत्र ।
चिन्ताको हुन्छ ठूलो विषय, समयमै यो कुरामा विचार
ऐले राम्रो नराखे पछि अति पछुतो पर्नु क्यै हुन्न बेर ।।१०४।।

यस्तो यो योग्यताको जन यतितकको मानमा पुग्न सक्छ,
धेरै त्यस्ता भएमा सबकन जसले योग्यताले उछिन्छ ।
सोही छानिन्छ यस्तो प्रचलन बहुधा चल्न लागीरहेछ,
यस्तै नेपालमा होस् पठित मनुजको वाक्य यस्तो सुनिन्छ ।।१०५।।

पाएमा योग्यले नै पद पदमहिमा राम्ररी टिक्न सक्छ,
राम्रो राज्यव्यवस्था पठित मनुजकै बुद्धिले गर्न सक्छ ।
जान्नेलाई चिढाई हठ गरिरहँदा श्रेय आफ्नो हुँदैन,
पाओस् नेपाल आफ्नो विकसित गतिमा लोकसेवाविधान ।।१०६।।

पदमहिमा = दर्जाको इज्जत

## राष्ट्रसभा

के भन्छन लोक ऐले कुन विषयविषे, के छ मर्का प्रजामा,
होला केले सुविस्ता तिनकन, कसरी काम यो गर्नुपर्ला ।

होला राजा प्रजाको हित कुन विधिले, राष्ट्रको छिद्र के छ,
राष्ट्रद्रोहीहरूको दमन गरिदिने युक्ति को भन्न सक्छ ।।१०७।।

राष्ट्रको छिद्र = मुलुकको कमजोरी

यो जान्दा लाभ ठूलो पटुतर मतिका शासितालाइ हुन्छ,
यो वार्ता शासिताका श्रवणतक पुगोस्, काम होस्, लोक भन्छ ।
तस्मात् यो भन्न सक्ने पटुतर मतिका लोकले छानिएका
मान्छे पुग्छन् सभामा बहुमत बलले गर्दछन् सुव्यवस्था ।।१०८।।

पटुतरमतिका शासितालाई = बाठा शासकलाइ
श्रवणतक = कानसम्म

स्वेच्छाले छान्न पाओस् प्रतिनिधि जनता, छानिएकाहरूले
भेला भै गर्न पाऊन् छलफल, त्यसको राय मानून् सबैले ।
कोही यो बात भन्छन्, तर परतिरकै बात यो हुन्छ ऐले,
विस्तारै यो दिशामा सुफल लख गरी बढ्नुपर्ला क्रमैले ।।१०९।।

## न्यायालय

आफ्नो आफन्तको होस् शुभ, अशुभ कुरो शत्रुको होस् भनेर
खोज्छन् सारा गृहस्थी, नृपनयतिर कन् भाव यो हुन्छ उग्र ।
छानून् सारा प्रजाले मकन वरणमा, हार खाओस् विपक्ष
भन्ने स्पर्धा हुनाले स्वपरजन प्रजातन्त्रमा स्पष्ट हुन्छ ।।११०।।

नृपनयतिर = राजनीतितिर
वरणमा = चुनावमा
स्पर्धा = जोडकातोड
स्वपरजन = आफन्त र पराई

मानिन्छन् ती विजेता बहुमत जसको पक्षमा पर्न जान्छ,
हार्नेको जान्छ सारा अधिकृति विजयी पक्षले राज्य गर्छ ।
जेतालाई पछार्ने विधिकन हरुवा नित्य खोजीरहन्छ,
हार्ने जित्ने दुबैका हृदयबिच प्रतिद्वन्द्विता तीव्र हुन्छ ।।१११।।

प्रतिद्वन्द्विता = जोडकातोड

सोझै अन्याय गर्नाकन पनि कसिने शासिता देखिनाले
आफ्नो रक्षार्थ हार्ने दल पनि बलियो आड खोज्ने हुनाले ।
जित्ने हार्ने दुबैको गति नियमितता गर्नलाई गरिन्छ,
छुट्टै न्यायव्यवस्था विधिसहित प्रजातन्त्रभित्र स्वतन्त्र ।।११२।।

शासिता = शासक

जित्ने हार्ने दुबैको गति नियमितता गर्नलाई = शासक पक्ष र विपक्षको काम-कार्वाइलाई नियममा राख्न

विधिसहित = कानूनबमोजिम

होओस् न्यायव्यवस्था विकसित त्यसमा शासिताको प्रभाव,
घट्तै जाओस् भनेर प्रयतन गरियो क्यै यहाँ जुद्धबाट ।[२७]
मुद्दा सुन्दा अनेकौं कचकच सुनिने हुन्छ, त्यो कष्ट छल्नु
चेष्टा यो हो भने क्यै कुटिल मनुजले, लोकले क्यै बुझ्नेन ।।११३।।

शासिताको = शासकको

प्रयतन = कोशिश

कुटिल मनुजले = जालीहरूले

## श्री ३ पद्मको शासनसुधारको प्रस्ताव

राणाराज्यव्यवस्थातिर अफ नगरे काल हेरी सुधार
राणाजीको भविष्य प्रतिदिन धसिँदै बन्छ पूर्णान्धकार ।

---

२७. द *लाइफ् यान्ड टाइम्ज् अफ् महाराजा जुद्ध शमशेर जङ् बहादुर् राणा अफ् नेपाल्*का १६३, १६५–१७० पृ.

भन्ने पक्का विचार प्रतिपल मनमा खेल्न लाग्यो र मैले
भाई छोरा र आफ्ना हितकर जनको सामु यो भाव खोलें ॥११४॥
प्रतिपल = छिनछिनमा

## भारादारी सभाको बहस

भारादारी सभामा बहस हुन गयो, बाझिँदै यो विचार,
भाषा छन् धेर हाम्रो यस मुलुकमहाँ, धेर छन् जातपात।
भिन्नै भिन्नै प्रथाका मनुजहरु यहाँ बस्तछन्, छैन शिक्षा,
अप्ठ्यारा यी कुरामा बहुत गम गरी पाइला चाल्नुपर्ला ॥११५॥

पृथ्वीनारायणाख्य प्रथित नृपतिले राज्यको बागडोर
आफैंले नै सह्माली श्रम बहुत गरी पार्नुभो एक राष्ट्र।[२८]
स्वामीज्यूबाट मन्त्रीहरुकन दिइँदा राज्यको बागडोर
भैगो राजाप्रजाको सबतिर यसले केवलै हानि मात्र[२९] ॥११६॥
पृथ्वीनारायणाख्य प्रथित नृपतिले = श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले
स्वामीज्यूबाट = जोगीको भेष लिएका रणबहादुर शाहबाट

स्वामीज्यूको भएथ्यो कुमति सचिवको हातले स्वर्गवास,
तत्कालैमा गरायो सबतिर यसले धेरको सर्वनाश।
सेनाद्वारा दबाई सकलकन भए भीमसेन प्रधान,
थापाको नीतिले ती कुनय हटिगए शान्ति भो विद्यमान ॥११७॥

---

२८. वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का १६६–१६८ पृ.

२९. *सावधान-पत्र* १३ सङ्ख्या
*श्री ५ रणबहादुर शाहका* १२३–१३० पृ.

कुमति सचिवको = दुष्ट मन्त्रीको
कुनय = गडबडी
शान्ति भो विद्यमान = शान्ति रह्यो

राजा राजेन्द्रलाई अरुचिकर भए भीमसेन क्रमैले,
जेठी रानी त थापाहरुकन पर नै फाल्न खोज्थिन् बलैले ।
थापा बिग्रे परन्तु स्थिरतर हुन गै टिक्न कोही सकेन,
त्यो आयो त्यो गयो भो, नरपतिनयमा स्थायिता नै भएन ।।११८।।

अरुचिकर = मन नपरेका
जेठी रानी = श्री ५ राजेन्द्रका जेठा बडामहारानी साम्राज्यलक्ष्मी
स्थिरतर = दरो
नरपतिनयमा = राजकाजमा

जेठीलाई दिएथे अधिकृति नृपले, भीमको सर्वनाश
त्यै बेलामा भएथ्यो, अनिपछि उनको भैदिँदा स्वर्गवास ।
कान्छी राजेन्द्रपत्नी अधिकृति सब ली गर्दथिन् काज सर्व,
पाँडे थापा दुवैको क्षय पनि हुन गो, भै गयो कोतपर्व ।।११९।।

जेठीलाई = श्री ५ जेठा बडामहारानी साम्राज्यलक्ष्मीलाई
नृपले = श्री ५ राजेन्द्रले
भीमको = भीमसेन थापाको
उनको = श्री ५ जेठा बडामहारानीको
कान्छी राजेन्द्रपत्नी = श्री ५ राजेन्द्रका कान्छा बडामहारानी राज्यलक्ष्मी
सर्व काज = सबै राजकाज
क्षय = नाश

देखे जाने सुनेका मनुज कम हुँदा राज्य नै डुब्न जाला
भन्ने शङ्का भएथ्यो, तर अति दृढ भै जङ्गले राजभारा ।
आफैँले ली सह्याली अधिकृति सब ली गर्दिँदा राजकाज,
गोर्खाली राजलक्ष्मी सुदृढ भइरहिन्, झन् बढ्यो राष्ट्रतेज ।।१२०।।

रानीलाई दिनाले अधिकृतिहरु क्यै श्रीरणोद्दीपबाट
बिग्रयो राज्यव्यवस्था क्रमसँग, त्यसले भो बयालीस साल।[३०]
हाम्रो यो राष्ट्रको हो स्थिति यसतिरमा राम्ररी नै विचार
राखी हेरेर घाँटी समुचित विधिले गर्नुपर्ला सुधार ।।१२१।।

बयालीस साल = ४२ सालको पर्व

यस्तै यस्ता कुराले समय लिइदियो भारदारी सभाको,
केही आएन पक्का नियमसँग निधो गर्नुपर्ने कुराको।

## नेताहरूसँग भेट

नेताजी बन्न खोज्ने जनसँग पनि क्यै सोधिहालूँ भनेर
भेटें, आदर्शभन्दा परतिर तिनको ज्ञान क्यै देखिएन ।।१२२।।

त्यस वेला यस कुराको चर्चा खूप थियो ।

## श्रीप्रकाशको आगमन[३१]

यस्तै यस्ता कुरा भै सहमति नहुँदा आउने संविधान,
बन्ने संभावना नै पनि शिथिल भयो, काम केही भएन।

---

३०. वि. सं. २०३५ मा प्रकाशित *नेपाली* ७६ पूर्णाङ्कमा छापिएको कमल दीक्षितको *रणोद्दीपसिह राणा* भन्ने निबन्ध, सो अङ्कका २६, ३१–३२ पृ.

वि. सं. २०३४ मा काठमाडौँबाट आर. राणाद्वारा प्रकाशित प्रमोदशमशेर राणाको *राणा नेपाल्–यान् इन्साइड्अर्'ज् भ्यू* (एकजना राणाजीको दृष्टिमा राणाकालको नेपाल) को ६६ पृ.

३१. वि. सं. २००७ मा काशीबाट अनुभूति–प्रकाशनद्वारा प्रकाशित रघुनाथ सिंहको *जाग्रत नेपाल*

हामीलाई नयाँ यो विषय भइदिँदा हुन्छ यस्तै भनेर
पक्का ठोकेर बोल्नाकन मकन थिए भित्र सङ्कोच धेर ।।१२३।।

मकन = श्री ३ पद्मलाई

बाँधेथे जङ्गले जे नियम तिनकनै राख्न ऐले सकिन्न,
यै गर्दा हुन्छ राम्रो यस समय भनी राय कोही दिँदैन ।
आफैँले मात्र आँट्ता त्रुटि बहुत हुने धेर संभावना छ,
आँखा चिम्लेर बस्ता अलिकति दिनमै भोग्नु आपत्ति पर्छ ।।१२४।।

यो चिन्ताले मलाई प्रतिपल मनमा प्रेरणा गर्न लाग्यो,
केही सोधूँ छिमेकीसँग पनि त भनी भाव मेरो उदायो ।
हाम्रो राज्यव्यवस्थातिर अब कसरी गर्नुपर्ला सुधार,
यस्तो सोधेर लेखेँ अधिक गम गरी देहलीलाइ पत्र ।।१२५।।

देहलीलाइ = भारतसरकारलाई

हामीकाहाँ पठाए भरत वसुमतीपालले श्रीप्रकाश,
हाम्रा कानूनवेत्ताहरुसँग उनको भो निकै नै विमर्श ।
यल्ले साहाय्य केही त्यस समय भयो, फर्किए श्रीप्रकाश,
हाम्रो कानूनको भो अभिनव रचना लोकतन्त्रानुकूल ।।१२६।।

भरतवसुमतीपालले = भारतका शासकले
साहाय्य = सहायता
हाम्रो कानूनको भो अभिनव रचना लोकतन्त्रानुकूल = प्रजातन्त्रको आदर्शसँग मेल खाने गरी नेपालको नयाँ वैधानिक कानून बन्यो ।

## वैधानिक कानूनको घोषणा तथा प्रकाशन

राणा हून् वा अराणा विकसित मतिका दूरदर्शीहरूले
मेरो यो कामलाई हितकरपथको राहदानी बताए ।

धेरैले क्यै बुझेनन्, अबुझ मनुजले व्यर्थको काम सम्झे,
कैही स्वार्थान्धले ता यसकन ननिको कामको द्वार सम्झे ।।१२७।।

माथिल्ला रोलवाला क. इ. प. क. ज. हरू काम देखेर मेरो
भित्रैदेखिन् रिसाए, मकन पनि भयो काम नै गर्नु गाह्रो ।
सारालाई दबाई अधिकृति सब ली जङ्ग जस्तै बनेर
बस्ने वा राज्य छोड्ने अब यति दुइटै नै रहे सामुनेर ।।१२८।।

क. इ. = कम्याण्डर इन-चीफ मोहनशमशेर

प. क. ज. = पश्चिमतर्फका कम्याण्डिङ जनरल बबरशमशेर

सदैं सदैं विकेन्द्रीकरणनियममा देश लम्कोस् भनेर
श्रीश्रीश्रीले लिएको धनसमुदयको आसलाई त्यजेर ।
आफ्नो एकाधिकार क्रमसँग अहिले छोड्न लागीरहेछु,
बन्ने एकाधिकारी-क्रमतिर कसरी पाइलो चाल्न सक्छु ।।१२९।।

श्रीश्रीश्रीले लिएको धनसमुदयको आसलाई त्यजेर = अघिका श्री ३ महाराजहरूले कमाए जस्तै पैसा कमाउने विचार छोडेर

धेरै धेरै विचारी श्रमसँग रचियो देशको संविधान,
त्यल्लाई गुप्त राखे यति मिहिनतको काम केही भएन ।
भन्ने सम्झें, सुनाएँ अधिकृतहरुको सामुमा संविधान,
हेरून् जानून् विचारून् सकल जन भनी छापियो संविधान ।।१३०।।

वि. सं. २००४ माघ १३ गते सोमवार श्री ३ पद्मबाट आफ्नो विशालनगरदरबारमा संविधान (वैधानिक कानून) को घोषणा भएको हो ।

आफ्नै आँखाले देखेको तथा कानले सुनेको कुरा यो हो ।

## श्री ३ पद्मको नेपाल छोडी भारतमा वास

भ्याएसम्मन् गरेथें निजजननमहीश्रेयको काम मैले,
योभन्दा गर्न बढ्ता सहचर नहुँदा छैन सामर्थ्य ऐले ।

यो सम्झेँ, दिक्क लाग्यो, तन मन दुइटै नै गले, देश छोडेँ,
लट्टीपट्टी सबै ली भरतवसुमती गै त्यहीँ बस्न लागेँ ।।१३१।।

निजजनममहीश्रेयको काम = आफ्नो जन्मभूमि नेपालको भलो हुने काम
सहचर = मददगार
भरतवसुमती = भारतको राँची

वि. सं. २००४ फाल्गुन ८ गते शुक्रवार श्री ३ पद्मको काठमाडौँबाट प्रस्थान भएको हो– वि. सं. २०३४ मा काठमाडौँबाट भीमकुमारी थापाद्वारा प्रकाशित क. क. डम्बरशमशेर थापाको *डायरीका पाताबाट*को ५८ पृ.

## श्री ३ मोहनको राजकाज

### सङ्ग्राह

आफ्नो घाँटी नहेरी परजनपदको नक्कलै गर्न देव
लागेथे, पारिदिएथ्यो सर्बतिर त्यसले देश उद्विग्न भाव।
त्यो वेलामा बुबाले निजमतिबलले देवलाई हटाई
थामी जङ्गव्यवस्थाकन अति दरिलो पार्नु भो राष्ट्रलाई[३२] ।।१३२।।

देव = श्री ३ देवशमशेर
बुबाले = कम्याण्डर इन-चीफ चन्द्रशमशेरले

---

३२. वि. सं. २०३१ मा प्रकाशित *नेपाली* ६२ पूर्णाङ्कका २, ४२–५० पृष्ठमा छापिएको *श्री ३ महाराज देवशमशेर जङ राणाबहादूर को राज्या भिशेष (गोरखापत्रबाट उद्धृत)*

वि. सं. २०३२ मा प्रकाशित *नेपाली* ६३ पूर्णाङ्कका २, ३१–३८ पृष्ठमा छापिएको *कलकत्ताको बङ्गाली भन्ने अंग्रेजी अखवार मा लेखिया को (गोरखापत्रबाट उद्धृत)*

वि. सं. २०३१ मा काठमाडौँबाट नरेन्द्रमणि आचार्य दीक्षितद्वारा सम्पादित तथा प्रकाशित काशीनाथ आचार्य दीक्षितको *भएका कुराका* १९०–२०५ पृ.

निक्लेका क्यै मठचाहा स्वकुलमनुजका बातलाई सुनेर[३२]
टाढाका क्यै उडन्ता उपकथनहरू सत्य नै सम्झिएर ।
आफ्नो देशव्यवस्थातिर नजर नदी पद्मले जो विधान
ल्याए एक्कासि, त्यल्ले यस मुलुकमहाँ श्रेय केही दिँदैन ।।१३३।।

उपकथनहरू = हल्ला
पद्मले = श्री ३ पद्मशमशेरले

ढाकेथ्यो देवलाई कुमतिपटलले भाग्यको खेलबाट,
त्यो वेलामा बुबाको उदय हुन गयो राष्ट्ररक्षानिमित्त ।

कुमतिपटलले ढाकेथ्यो = खराप बुद्धिले छोपेथ्यो
बुबाको = श्री ३ चन्द्रशमशेरको

स्वस्ति श्रीमदतीप्रचंडभुजडंडेत्यादी श्रीश्रीश्रीमहाराज चन्द्रसंसेर जङ्ग राणाबाहादुर प्राईम्मीनीष्टर यान्ड् कम्यान्डर ईन चीफ मार्स्याल् आफ नेपालकस्य रुक्का
स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यान्डर ईनचीफ जनरल भीमसम्सेर जङ्ग राणा बहादुरकस्य पत्रं
आगे पुर्व २ लम्बर जङ्गी परेठ बक्यौता अदालत्का अफीसर पगरी हाकीं कारीन्दाकै यथोचित उप्रान्त यो साल् माहाराज देवसम्सेर जंग राणाले यो ४ मैना राजकाज गर्दा पुरा इन्तीजाम राजकाज चलाउन नसकी वेइन्तीजामीसंग काम् गरी राजकाजमा षल्बल् हुने हीसाबसंग काम् गऱ्याको हुनाले वांहालाई प्राईम्मीनीष्टरी वहदाबाट षारेज गरीबक्सीयो. प्राईम्मीनिष्टरी श्री ३ माहाराजी वहदा श्री ५ साहाराजधीराजबाट हामीलाई बक्सेको हुनाले हामीबाट उठाईबक्सौ. यो सनद पुगनी मात्र तोप भयाका ठाउमा हाम्रो १६ तोपका सलामीसमेत् दी हाम्रो हुकुं बाहाल गराउ. अबउप्रान्त ताहा काजकाम गर्दा हाम्रो र श्रीभाई कम्यान्डर इनचीफ जनरल भीमसम्सेर जङ्ग राणा बहादुरको

---

वि. सं. २०२६ मा काठमाडौँबाट नलिनीदेवी आचार्य दीक्षितद्वारा प्रकाशित केशवमणि आचार्य दीक्षितद्वारा सम्पादित *सरदार, पंडित श्री राममणि आचार्य दीक्षितको पुराना-संझना*का १६६-१७१ पृ.
*राणा नेपाल् यान् इन्साइड्अर्'ज् भ्यू* का १०५-११५ पृ.

वि. सं. २०३४ मा छापिएको *पूर्णिमा* ३६ अङ्कका २७६-२८२ पृष्ठमा छापिएको *देवशमशेरको आत्मकथा* भन्ने मेरा पद्य

३३. *ए सेन्चुरइ अफ् फ्यामइलि अटोक्रसि इन् नेपाल्*का २६६-२७१ पृ.

सनद् पुर्जीवीना अरूको र षारेज भयाका येस्क प्राईम्‌मीनीष्टर देवसम्सेर जङ्ग राणा बहादुरको सनद्ले काम् नगर्नु. हाम्रो र भाइ कम्याण्डर इनचीफ भीमसम्सेर जङ्ग राणा बहादुरको जे गर्नु भंन्या सनद भै आउछ सोबमोजीं गर्नु. अरुको येसो गर्नु भंन्या सनद पुर्जी ली आयो भन्या तेसलाई पक्री सो सनदसमेत् षीची सो सनद र मानीससमेत् तुरुंत मद्दत्‌साथ चलान् गरी पठाउनु. हुलहुजत गर्‍यो भन्या हतीयार चलाई काटी मारीदिनु. तीमीहरूलाई बात लाग्न्याछैन. राजकाजबाहेक अरु मुलुकी काम्‌काजलाई सावीक् सवाल सनद्‌बमोजीं कांकाज गर्न्या कां गर.

ईती सम्वत् १९५८ साल मीती प्र आषाढसुदी १० रोज ४ सुभंम् ।[३४]

( भीमबहादुर थापासँग रहेको नकलबाट )

ज्यादै भो दुर्व्यवस्था बिधिवश अहिले पद्‌मको बुद्धिबाट,
आयो कर्तव्य के हो यस समय भनी प्रश्न हाम्रो निमित्त ।।१३४।।

यो हो अत्यन्त राम्रो विषय यति कुरा बोल्नु क्यै कष्ट हुन्न,
आफैँले गर्नु त्यस्तो विधिकन सजिलो वस्तुमा मानिँदैन ।
आफैँले पद्मले जो विधिनियम रचे, ती कुरालाइ गर्न
जानेनन् वा सकेनन्, अनि विवश भए राज्यको भार छोड्न।।१३५।।

आफैँले राज्य छोडी भरतवसुमती गै बसे पद्म आज,
बेसै भो, नत्र पर्थ्यो उनसँग ननिको चालले गर्नु काज ।
मानेनन् बात हाम्रो हठसँग, उनले भाँड्दिए राजकाज,
हामीले त्यो सह्माल्नाकन पनि अहिले गर्नु धेरै छ काज ।।१३६।।

भरतवसुमती = भारतको राँची

हामीले जङ्गको नै नियमकन सधैँ माथमा राख्नुपर्छ,
हाम्रा आपना बुबाको अनुसरण गरी पाइला चाल्नुपर्छ ।
हामीले देहलीको सँग पनि दरिलो मित्रता राख्नुपर्छ,
आपना राजा प्रजाको सँग पनि अधिकै रीतिले बस्नुपर्छ ।।१३७।।

---

३४. वि. सं. १९५८ आषाढ १३ गते बुधवार

जङ्गको = श्री ३ जङ्गबहादुरको
हाम्रा आफ्ना बुबाको = श्री ३ चन्द्रको
देहलीको सँग = भारतसरकारसँग

बाँधेका पछिले ती नियमहरू लिँदा श्रेय हाम्रो हुँदैन,
सोझै खारेज भन्दा पनि उचित कुरो लोकले सम्झदैँन ।
गर्दै केही बहाना परपरतिर त्यो पार्दिँदै जानुपर्छ,
हामीले यी कुरामा अतिशय दृढता ली सधैँ अड्नुपर्छ ॥१३८॥

इश्तिहार

आगे नेपालराज भरमुलुकका भाइ भारादार रैती दुनियाँ साहू महाजन गैन्हके, स्वयं घोषित नेपालराष्ट्रिय कांग्रेसले हत्याकाण्ड मचाउने मनसायले गैन्ह कानूनी संस्था खडा गर्ने, मुलुकको ढुङ्गाको खलल गर्ने, निजी ईर्ष्या र लोभले देशकै स्वाधीनता गुमाउन तत्पर हुने, वर्तमान सरकारउपर नानाप्रकारको झूठा अपवाद लगाई सरकारप्रति दुनियाँको मनमा द्वेष र घृणा पैदागराउन खोज्ने, डर, त्रास र लालचा देखाई सरकारी कर्म्मचारीहरूलाई ऐन बर्खिलाप काम गर्न उत्तेजित गराउने, पल्टन भड्काउने लक्ष्य लिई सरकारऊपर कैयन निमकहरामी र अभक्ति पैदागराउने उद्देश्यले पर्चाहरू बाँड्ने, देशको शान्ति भङ्ग गर्ने मनसायले बलसमेत प्रयोग गर्न धंकी दिने यस्तै अरू किसिमका कारवाई गरेकाले सरकारले स्वयं घोषित नेपालराष्ट्रिय कांग्रेसलाई नेपालराज्यभर हद् गर्न आवश्यक ठहऱ्याई हद् गरिबक्सेको छ ।

स्वयं घोषित नेपाली राष्ट्रिय कांग्रेसलाई सरकारी वा गैन्ह सरकारी संस्था वा संघको सदस्य चुन्न वा बन्न र अन्न प्रचलित हुने नयाँ वैधानिक-कानूनबमोजिमका हक अधिकारहरू नपाउने गरिबक्सेको छ.

अरू कुनै संस्था वा संघलाई पनि माथिलेखिएको स्वयं घोषित नेपाली राष्ट्रिय कांग्रेसको उद्देश्य र नियमहरू कायम राखी नेपालराज्यभित्र खडा हुन मनाई गरिवक्सेको छ इति सम्वत २००४ साल चैत्र ३१ गते रोज २ शुभम्

## श्री ३ मोहनको उदय

यस्तो सल्लाह बाँधी अनुजसँग भई चन्द्रका ज्येष्ठ पुत्र
श्रीश्रीश्री भै उदाए अधिकृति सब ली चन्द्र जस्तै भएर ।

सिंहप्रासादलाई अतिशयित गरी चाकरीले सिँगारयो,
उस्तै अत्यन्त शोभा बबरमहलको चाकरीले गरायो ।।१३९।।

अनुजसँग = भाइहरूसँग
चन्द्रका ज्येष्ठ पुत्र = श्री ३ चन्द्रका जेठा छोरा मोहनशमशेर
सिंहप्रासादलाई = सिंहदरबारलाई
अतिशयित गरी = अचाक्लि

श्री ३ पद्म ओखती गर्न भनी भारत गई त्यहीँ बसेका थिए । वि. सं. २००५ वैशाखमा त्यहीँबाट राजीनामा पठाइदिए ( *डायरीका पाताबाटका* ५८-६१ पृ. )

कम्याण्डर इन-चीफ मोहन शमशेरको श्री ३ को रूपमा उदय वि. सं. २००५ वैशाख १८ गते शुक्रवार भएको हो ।

## नेपाली सेनाको भारतगमन

### ( श्री ३ जङ्गको पालामा )

सेनाले औ प्रजाले भरतवसुमतीभित्र विद्रोह ठूलो
गर्दा अङ्ग्रेजलाई त्यस बखत भयो टिक्न अत्यन्त गाह्रो ।
त्यो वेला जङ्ग आफैँ समरधरणिमा आङ्ग्लसाहाय्यलाई
उत्रेथे औ मिलेथ्यो अलिकति नव भूभाग नेपाललाई ।।१४०।।

जङ्ग = श्री ३ जङ्गबहादुर
समरधरणिमा = लडाइँको मैदानमा
आङ्ग्लसाहाय्यलाई = अङ्ग्रेजको मदतलाई
अलिकति नव भूभाग = नयाँ मुलक

वि. सं. १९१४ को विद्रोह दबाउन अङ्ग्रेजलाई सहायता गरेबापत नयाँ मुलुक फिर्ता भएको हो । (यही अङ्कका १७९-१८० पृ.)

## नेपाली सेनाको भारतगमन
## (श्री ३ चन्द्रको पालामा)

ठूलो साम्राज्य देख्ता सितमुखहरुको धेरको चित्त जल्थ्यो,
त्यो खोस्नालाइ राम्रा प्रहरणहरु ली जर्मनी लड्न आयो ।
आफ्नो सेना दिएथे त्यस समयमहाँ चन्द्रले आङ्गललाई,
त्यल्ले गर्दा दिएथे द्रविण अलिकता आङ्गलले चन्द्रलाई ।।१४१।।

सितमुखहरुको = अङ्ग्रेजको
राम्रा प्रहरणहरु = असल हातहतियार
चन्द्रले = श्री ३ चन्द्रशमशेरले
आङ्गललाई = अङ्ग्रेजलाई
द्रविण = धन
अलिकता द्रविण = वर्षको दश लाख

## नेपाली सेनाको भारतगमन
## (श्री ३ जुद्धको पालामा)

हारेथ्यो, फेरि आयो नव बल बटुली जर्मनी युद्ध गर्न,
आयो जापान छोपी अवसर बढिया आङ्गलसाम्राज्य हर्न ।
आफ्नो सेना दिएथे त्यस समयमहाँ जुद्धले आङ्गललाई,
त्यल्ले गर्दा दिएथे द्रविण अलिकता आङ्गलले जुद्धलाई ।।१४२।।

नव बल = नयाँ फौज
जुद्धले = श्री ३ जुद्धले

लडाइँमा अङ्ग्रेज सरकारलाई मदत गरेबापत नेपाल सरकारले अङ्ग्रेज सरकारबाट एक मुष्ट २ करोड पायो ।

## नेपाली सेनाको भारतगमन
## (श्री ३ मोहनको पालामा)

आफ्नो सामर्थ्य गल्दा भरतवसुमती आङ्ग्लले छाडिहाले,
आफ्ना सामन्तलाई सितमुखपतिले झट्ट फुक्का गराए ।
मौका छोपेर फुक्का हुनतिर कसिए भारतीय क्षितीश,
गान्धीवादीहरूको नय सफल भयो औ भए ती हताश ।।१४३।।

भरतवसुमती = भारत
सितमुखपतिले = अङ्ग्रेज सरकारले
भारतीय क्षितीश = भारतका राजारजौटा
नय = नीति

ठूलो सामर्थ्य राख्थे त्यस समयमहाँ हैदराबादनाथ,
धेरै हिन्दू प्रजा छन्, तर यवन थिए हैदराबादनाथ ।
गान्धीवादीहरूमा मुसलिम जनता थोर नै मात्र पर्थ्यो,
त्यल्ले स्वातन्त्र्य भोग्नाकन यतन बडो हैदराबाद गर्थ्यो ।।१४४।।

हैदराबादनाथ = हैदराबादका निजाम
यवन = मुसलमान
यतन = कोशिश

गान्धीवादीहरूको नय विफल भयो हैदराबादभित्र,
सेना नै जानुपर्ने त्यसतिर हुनगो देहलीनाथमन्त्र ।
सेनाको क्यै त खाँचो त्यस समय परयो देहलीनाथलाई,
नेपाली सैन्यको भो स्मरण त्यस घडी देहलीनाथलाई ।।१४५।।

देहलीनाथमन्त्र = भारत सरकारको सल्लाह

आफ्नो सेना पठाई त्यस समयमहाँ चन्द्रका ज्येष्ठ पुत्र
गान्धीवादीहरूका पनि हुन त सके क्यैनक्यै प्रीतिप्रात्र ।
राम्रै तत्कालमा भो, तर फल यसको स्थायितामा रहेन,
राणाराज्यव्यवस्था दृढ गरिदिनमा काम यल्ले दिएन ।।१४६।।

चन्द्रका ज्येष्ठ पुत्र = श्री ३ मोहनशमशेर

वि. सं. २००५ मा नेपाली पल्टन भारत गएको हो । ( *डायरीका पाताबाटको* ६१ पृ.)

## नेपालको स्वातन्त्र्यरक्षाको प्रयत्न[३५]

आफ्नो स्वातन्त्र्यरक्षातिर नजर दिई बाह्य सम्बन्ध जोड्न
भ्याएसम्मन् भएथ्यो यस समय पनि एक राम्रो प्रयत्न ।

## राष्ट्राध्यक्ष बन्ने उद्योग

दाज्यू भाई दुवैका दुइ दुइ बढ्तो तोपको भो सलामी,
राष्ट्राध्यक्षत्व गर्ने परजनपदमा दाजुको भो तयारी ।।१४७।।

जङ्गबहादुरदेखि पद्मशमशेरसम्मका श्री ३ महाराजको १९ तोपको सलामी हुन्थ्यो, चीफसाहेबको १७ तोपको सलामी हुन्थ्यो । श्री ३ मोहनको २१ तोपको सलामी तथा चीफसाहेब बबरशमशेरको १९ तोपको सलामी भई बबरशमशेरको मिनिष्टर याण्ड कम्याण्डर-इन चीफ भन्ने पदवी भयो ।

---

३५. *नेपालको ऐतिहासिक रूप-रेखाका* ३९२–३९३ पृ.

## श्री ३ मोहनको भारतयात्रा[३६]

श्रीश्रीश्रीको सवारी सजधजसँगमा देहलीमा हुँदामा
राष्ट्राध्यक्षप्रथाको नियमसँग त्यहाँ अर्चना भैदिँदामा।
सम्झे श्रीतीनले यो निज नयपथको पूर्ण साफल्यचिह्न,
आफ्नो त्यै मार्ग होओस् सुबिकसित भनी गर्न लागे प्रयत्न ।।१४८।।

श्रीश्रीश्रीको = श्री ३ मोहनशमशेरको
अर्चना = सत्कार
निज नयपथको = आफूले लिएको नीतिको वाटाको

वि. सं. २००६ हिउँदमा श्री ३ मोहनको दिल्लीयात्रा भएको हो ।

## सातसालको क्रान्तिभन्दा केही पहिलेको अवस्था विरोधी मठ्याहा राणाको सम्पत्ति रोक्का[३७]

राणावंशी मठ्याहा धनिक मनुजको द्रव्यसाहाय्यबाट
राणाराज्यव्यवस्थातिर अति ननिका भैरहन्थे प्रचार ।
त्यस्ता द्रोहीहरूको निज जनपदका आय रोक्का गरेर
पार्ने राणाव्यवस्थाकन सबल महाराजको भो विचार ।।१४९।।

निज जनपदका आय रोक्का गरेर = नेपालभित्रका जग्गाजमीनका आयस्ता रोकेर
वि. सं. २००६ को हिउँदमा श्री ३ मोहन दिल्लीबाट फर्कँपछि यो आज्ञा निस्केको हो।

३६. *राणा नेपालयान् इन्साइडअर्'ज् भ्यूका १६४–१६६ पृ.*
३७. नेपालको *ऐतिहासिक विवेचनाको* ३३१ पृ.
*राणा नेपाल् यान् इन्साइड् अर्'ज् भ्यूको* १६७ पृ.

यल्ले उल्टो दिलायो फल, भरतमहीभित्र ज्यादै गरेर
राणावंशी मठचाहा अति कुपित हुँदै गर्न लागे प्रचार ।
राणाद्रोहीहरूको सँग अरु उनको मित्रता भो प्रगाढ,
गान्धीवादीहरूको पनि त्यसतिरमा पर्न गो दृष्टिपात ।।१५०।।

भरतमहीभित्र = भारतमा

## श्री ३ मोहनबाट राष्ट्रसभाको उद्घाटन

मेरो उदद्योगले जो अभिनव रचियो देशको संविधान,
त्यल्ले केही गरेथ्यो पठित मनुजको चित्त आह्लादमग्न ।
श्रीश्रीश्रीले लगाए त्यसकन त त्यसै राख्न आफ्नो प्रभाव,
बित्तै गो काल, नाघ्यो अवधि पनि निकै, पर्न लाग्यो दवाब।।१५१।।

मेरो = श्री ३ पद्मको
अभिनव = नयाँ
श्रीश्रीश्रीले = श्री ३ मोहनले

१. यो घोषणा संवत् २००४ सालको "नेपालसरकार वैधानिक-कानून"को नामबाट उल्लेख गरिनेछ ।
२. यो कानून संवत् २००५ साल वैशाख १ गतेदेखि जारी हुनेछ, तर स्थानीय परिस्थिति वा अरू कारणबाट यो विधानका सबै दफाहरू एकै पटक सबै ठाउँमा चालु हुनु श्री ३ महाराजबाट सम्भव देखिबक्सेन भने जुन २ दफा जुन २ ठाउँमा जस २ बखत चालु हुन सक्छ सोहीबमोजिम गर्न गराउन लगाइबक्सिनेछ तर २००५ सालको अन्तसम्ममा सबै दफा मुलुकभर जारी भैसक्नेछन् ।

( सो कानूनको भूमिका )

श्रीश्रीश्रीले गराए सुघटित परिषद त्यै विधानानुसार
जान्ने सुन्नेहरूको हृदयबिच नयाँ एक आयो विचार ।

पक्का सिद्धान्त केही मनबिच नहुँदा नीतिको स्पष्ट चित्र
देख्तैनन्, किन्तु गर्छन् ढुनुमुनु मनमा चन्द्रका ज्येष्ठ पुत्र ।।१५२।।

श्रीश्रीश्री = चन्द्रका ज्येष्ठ पुत्र = श्री ३ मोहन
परिषद् = राष्ट्रसभा

वि. सं. २००७ आश्विन ६ गते शुक्रवार श्री ३ मोहनबाट राष्ट्रसभाको उद्घाटन भएको हो।
( वि. सं. २००७ आश्विन ९ गते सोमवारको *गोरखापत्र* )

राणाद्रोहीहरूको अरु अधिक बढी चल्न लागे प्रचार,
राजाको सर्वदा नै त्यस विषयविषे पर्दथे दृष्टिपात ।
राजाको चित्त जित्ने प्रयतन बढिया हुन्छ कालानुसार
भन्ने छोडी पुरानै दमनतिर बढे चन्द्रका ज्येष्ठ पुत्र ।।१५३।।

## नेपाली काङ्ग्रेसको विद्रोह गर्ने निर्णय[३८]

खोसी राजा प्रजाका हककन छलले पूर्ण एकाधिकार
आफ्नो पारी बलैले मुलुककन निजी भोग्य बिर्ता गरेर ।
राणा बस्छन्, तिनैका कुचरितहरुको देश भैगो शिकार,
हामी उद्योग गर्छौं समुदित हुन गै फ्याँक्न त्यो अन्धकार ।।१५४।।

समुदित हुन गै = भेला भएर

राणाराज्यव्यवस्था अहितकर छ, त्यो रुट्ट अस्ताइहालोस्,
राजाको नेतृतामा जनहितद प्रजातन्त्र नेपालमा होस् ।

---

३८. *नेपालको ऐतिहासिक रूपरेखाको ३६५ पृ.*
*नेपालको ऐतिहासिक विवेचनाको ३३१ पृ.*
*नेपालको नवम्बर क्रान्तिको १ पृ.*

यस्तो सिद्धान्तलाई हृदयगत गरी ऋट्ट नेपालभित्र
हामी विद्रोह गर्छौं, स्थितिवश घटना बन्न सक्ला सशस्त्र ।।१५५।।

नेतृतामा = अगुवाइमा
जनहितद = दुनियाँको हित गर्ने

दोधारे वाक्य बोल्दै भरतवसुमतीभित्र काङ्ग्रेस घुम्थ्यो,
पाई राणा मठचाहा धनकन त्यसले शस्त्र औ सैन्य जोड्थ्यो ।

वि. सं. २००७ आश्विन १० गते मङ्गलवारदेखि बैरगनियामा बसेको नेपाली काङ्ग्रेसको प्रतिनिधिसम्मेलनले नेपालमा विद्रोह गर्ने निर्णय गऱ्यो ।

जनरल हिरण्यशमशेर, सुवर्णशमशेर, महावीरशमशेरहरूको यस विद्रोहमा पूर्ण सहयोग थियो । ( वि. सं. २००७ आश्विन २० गते शुक्रवार र मार्ग १ गते बृहस्पतिवारको *गोरखापत्र* )

## काठमाडौँमा खलबल[३९]

केही आतङ्ककारी सहचर तिनका राजधानीप्रविष्ट
मौकैमा पक्रिए, भो खलबल त्यसको, भो निकै नै प्रचार ।।१५६।।

आतङ्ककारी = हतियार लिई गुप्त रूपले राजनीतिको काममा लागेका मानिस

## श्री ५ त्रिभुवनको भारतीय प्रधानमन्त्री श्रीजवाहरलाल नेहरूसँग गुप्त चिठीपत्र[४०]

---

३९. वि. सं. २००७ आश्विन २० गते शुक्रवारको *गोरखापत्र*
वि. सं. २०३५ मा काठमाडौँबाट प्रकाश ए. राजद्वारा प्रकाशित प्रकाश ए. राजको *विद्वच्छिरोमणि हेमराज शर्मा ( जीवनी )* का ६५-६८ पृ.

४०. *श्री ५ त्रिभुवन-स्मृतिग्रन्थका* १३-२२ पृष्ठ
*विथ् ए किङ् इन् द क्लाउड्ज्*

राणाराज्यव्यवस्था छ अति अरसिलो भूपको चित्तलाई,
राणाद्रोहीहरूका विधिहरू उनका बन्दछन् प्रीतिदायी ।
सक्तो उद्योग गर्छन् त्रिभुवन त प्रजातन्त्रको स्थापनार्थ,
धेरै नै वर्षदेखिन् यति विषय थियो लोकमा सुप्रसिद्ध ।।१५७।।

डाक्टर्नी एक आइन् विधिवश नृपको गेहमा औषधार्थ,
राम्रै जानिन् तिनोले धरणिपति यहाँ खोज्दछन् लोकतन्त्र ।
तीद्वारा भेट भो श्रीत्रिभुवन नृपको हिन्दका दूतसाथ,
दूतद्वारा सुटुक्क क्षितिपकन मिल्यो भारताधीशपत्र ।।१५८।।

धरणिपति = क्षितिप = श्री ५ त्रिभुवन
लोकतन्त्र = प्रजातन्त्र
हिन्दका दूत = भारतीय राजदूत
भारताधीशपत्र = भारतका प्रधानमन्त्री श्रीजवाहरलाल नेहरूको चिठी

श्री ४ जेठा बडामहारानीलाई आराम नहुँदा ओखती गर्न भनी एरिका ल्यूश्टागनामकी एक डाक्टर्नी काठमाडौँ आएकी थिइन् । श्री ५ त्रिभुवनको नेपालमा प्रजातन्त्रशासन चलाउने इच्छा तिनले चाल पाइन् र तिनको प्रयत्नले श्री ५ त्रिभुवनको भारतीय राजदूतसँग गुप्त भेट भयो । भारतीय राजदूतले भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको गुप्त पत्र श्री ५ त्रिभुवनमा गुप्त रीतिले टक्र्याए ।

## ७ सालको क्रान्ति
## श्री ५ त्रिभुवनको नेपालस्थित भारतीय दूतावासमा प्रवेश तथा सिंहदरबारमा सभा[४१]

४१. वि. सं. २०१६ मा काठमाडौँ बाट केशवचन्द्र गौतमद्वारा प्रकाशित ग्रीष्मबहादुर देवकोटाको *नेपालको राजनीतिक दर्पण* पहिलो भागका २६–३४ पृ.
*विद्वच्छिरोमणि हेमराज शर्मा ( जीवनी )*का ६६–७१

राजप्रासाद छोडी भरतवसुमतीदूतको वासभित्र
पस्ता भूपाल आफ्ना गृहजन सँग ली भो अवस्था विचित्र ।
आयो यस्तो अवस्था, अब कुन घटना हुन्छ भन्ने कुरा भो,
सिंहप्रासादमा भो बहुत खलबली, भारदारी सभा भो ।।१५९।।

राजप्रासाद = नारायणहिटी राजदरबार
भरतवसुमतीदूतको वासभित्र = भारतीय दूतावासभित्र
भूपाल = श्री ५ त्रिभुवन
सिंहप्रासादमा = सिंहदरबारमा

वि. सं. २००७ कार्तिक २१ गते सोमबार श्री ५ त्रिभुवनको नेपालस्थित भारतीय दूतावासमा प्रवेश भएको हो ।

हामीलाई नदी क्यै खबर भरतभूदूतको वासभित्र
राजाको भो सवारी गृहजन सँग ली, यो कुरा हो अवैध ।
"के इच्छा ली सवारी परजनपदमा भो" भनी बात बुझ्न
हाम्रा छोरा गएथे, तर नरपतिले भेट नै बक्सिएन ।।१६०।।

हामीलाई = श्री ३ मोहनलाई
भरतभूदूतको वासभित्र = भारतीय दूतावासभित्र
अवैध = कानूनविरुद्ध
परजनपदमा = विदेशमा
हाम्रा छोरा = श्री ३ मोहनका भतिजा मे. ज. अर्जुन (श्री ५ त्रिभुवनका भानिज तथा जनरल सिंहशमशेरका छोरा ) र श्री ३ मोहनका कान्छा छोरा मे. ज. विजय
नरपतिले = श्री ५ त्रिभुवनले

हाम्रो नेपालमा छन् व्यवहृति सब नै राजतन्त्रानुकूल,
रोकिन्छन् काम सारा नरपति नभए राजसिंहासनस्थ ।
पुख्र्यौंली राज्य छोडी त्रिभुवन नृपको भो सवारी विदेश,
यस्तो आपत्ति आयो, यस समयमहाँ के गरे हुन्छ बेस ।।१६१।।

व्यवहृति = राजकाज

सुन्दा श्रीतीनको यो वचन मन बुझी वक्त्र खोल्यो सभाले,
ख्यालै केही नराखी नृपतिचरितको राज्य छोडेर ऐले ।
छोरा रानीहरू ली त्रिभुवन नृपको भो सवारी विदेश,
चाँडै नै राष्ट्ररक्षातिर उचित कुरा गर्नु नै हुन्छ बेस ।।१६२।।

श्रीतीनको = श्री ३ मोहनको
वक्त्र = मुख
नृपतिचरितको = राजाको ओहदाको

पृथ्वीनारायणाख्य प्रथित नृपतिको वंश्य सिंहासनस्थ
बन्ने हाम्रो प्रथा हो, त्यस नृपकुलको मान्यता राख्नुपर्छ ।
राजाका तीन छोरा नरपतिसँगमै भो सवारी विदेश,
राजाका ज्येष्ठ नाती पनि नृपसँगमै भो सवारी विदेश ।।१६३।।

पृथ्वीनारायणाख्य प्रथित नृपतिको वंश्य = श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका सन्तान

राजाका तीन छोरा = श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम, श्री ५ अधिराजकुमार हिमालयवीरविक्रम, श्री ५ अधिराजकुमार वसुन्धरावीरविक्रम

राजाका ज्येष्ठ नाती = श्री ५ नवराज वीरेन्द्रवीरविक्रम (वर्तमान श्री ५ महाराजाधिराज)

आफ्नो यो देशमा नै त्रिभुवन नृपका बस्नुहुन्छ द्वितीय
नाती ज्ञानेन्द्र, हाम्रा नृपति हुन उहाँ योग्यता राख्नुहुन्छ ।
आफ्नो जस्तो छ इच्छा हृदयबिच त्यसैसाथ मिल्दा कुरा यी
सुन्दा श्रीतीनलाई मुदित गरिदियो एक आधार आई ।।१६४।।

द्वितीय नाती = माहिला नाती
श्रीतीनलाई = श्री ३ मोहनलाई
मुदित गरिदियो = आनन्द पारिदियो

यस्तो पक्का मतो भो सकल मत मिली भारदारी सभाको,
अर्को ठूलो सभा भो प्रतिनिधिहरुका साथ धेरै जनाको ।

सारको यै मतो भो, परतिर त कसैलाइ केही सुझेन,
केही सुझ्नेहरूको पनि अति डरले वाक्य ता निस्किएन ।।१६५।।

## वि. सं. १९०४ मा प्रधानमन्त्री जङ्गबहादुरले श्री ५ सुरेन्द्रविक्रमलाई सिंहासनारोहण गराउँदाको अवस्थासँग वि. सं. २००७ मा श्री ३ मोहनशमशेरले श्री ५ ज्ञानेन्द्रवीरविक्रमलाई सिंहासनारोहण गराउँदाको अवस्थाको तुलना

राजा राजेन्द्र गर्थे प्रयतन बहुतै जङ्गको नाशलाई,
त्यो वेला जङ्गले ती नृपतिकन बडो धीरताले हटाई ।
राजा राजेन्द्रका नै तनयकन गरे राजसिंहासनस्थ,
त्यस्तो नै पर्न आयो यस समय भनी गुन्दथे चन्द्रपुत्र ।।१६६।।

प्रयतन = कोशिश
तनयकन = छोरालाई
चन्द्रपुत्र = श्री ३ मोहन

राजा राजेन्द्र ज्यादै अदृढनय थिए औ थिए निर्विचार,
बोल्थे जे बोलन जान्ने जनहरु त्यसको मानिहाल्थे पत्यार ।
पाँडे थापाहरूका वचनकन सुनी सत्य मानी क्रमैले
थापा पाँडे दुवै नै प्रमुख सचिवको नाश पारे तिनैले [४२] ।।१६७।।

अदृढनय = फितलो नीति भएका
निर्विचार = विचार गर्न नसक्ने

---

४२. वि. सं. २०३४ मा काठमाडौँबाट रत्न पुस्तक भण्डारद्वारा प्रकाशित भीमबहादुर पाँडे क्षत्रीको *राष्ट्रभक्तिको झलकका* १५९–१६० पृ.

प्रमुख सचिवको = प्रधानमन्त्रीको

श्री ५ राजेन्द्रले रणजङ्ग पाँडेका कुरा सुनी भीमसेन थापालाई बिगारे, माथवरसिंह थापाका कुरा सुनी रणजङ्ग पाँडेलाई बिगारे ।

राजा राजेन्द्रका यी चरितहरु सुनी लोक आश्चर्य पर्थे,
ज्यादै भो अव्यवस्था यस समय भनी खिन्न औ त्रस्त हुन्थे ।
राजाका ज्येष्ठ छोरा युवनृपति थिए जङ्गका पक्षपाती,
सानीमादेखि डर्थे, जनकसँग थिए भित्र उद्विग्न नै ती ।।१६८।।

युवनृपति = श्री ५ युवराजाधिराज सुरेन्द्र
जनकसँग = बाबुसँग

देख्दा पाँडेहरूका चरित भरतभूशासिता आङ्ग्लराज
जागेथे, जङ्गका ता चरितहरु थिए आङ्ग्लभावानुकूल ।

पाँडेहरूका = रणजङ्ग पाँडेहरूका
भरतभूशासिता आङ्ग्लराज = भारतका शासक अङ्ग्रेज
चरितहरु = चालचलन
आङ्ग्लभावानुकूल = अङ्ग्रेजको विचारअनुसारका

रणजङ्ग पाँडेहरू अङ्ग्रेजका विरोधी थिए । (ओल्डफील्ड १ भाग ३१३–३२३ पृ.)
जङ्गबहादुर अङ्ग्रेजका अनुकूल थिए । (ओल्डफील्ड १ भाग ३७६ पृ.)

ऐले छन् भूप बाठा त्रिभुवन, उनको गेहमा छैन भेद,
साना ज्ञानेन्द्रलाई धरणिपति हुने छैन केही उमेद ।।१६९।।

गेहमा = घरमा
भेद = झगडा
धरणिपति = राजा

श्री ५ अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रमको उमेर यस वेला ४ वर्ष पुगेको थिएन ।

वि. सं. २०२६ मा प्रकाशित *पूर्णिमा* २१ अङ्कमा छापिएको *नेपालको आधुनिक इतिहासका केही पृष्ठ* भन्ने मेरो निबन्ध (सो अङ्कका ७४–७५ पृष्ठ)मा श्री ५ ज्ञानेन्द्रको पास्नीको बयान छापिएको छ ।

राणाविद्रोहआगो भरतवसुमतीभित्र सल्कीरहेछ,
ऐले नेपालभित्रै अलिअलिसँग त्यो पस्न लागीरहेछ ।
केही सम्बन्ध भित्री नृपति भरतभूशासितासाथ राख्छन्,
श्रीश्रीश्रीलाइ यस्ता विषय भनिदिने सभ्य कोही भएनन् ।।१७०।।

भरतवसुमतीभित्र = भारतभित्र
नृपति = श्री ५ त्रिभुवन
भरतभूशासितासाथ = भारतका प्रधानमन्त्री श्रीजवाहरलाल नेहरूसँग
श्रीश्रीश्रीलाइ = श्री ३ मोहनलाई
सभ्य = भारादार

## श्री ५ ज्ञानेन्द्रको सिंहासनारोहण[४३]

ढोकामा छन् हनूमान् जुन नृपगृहको, त्यै नृपागारभित्र
आए श्रीतीन आफ्नो सजधजसँग ली माहिला राजपौत्र ।
आफैं श्रीतीनले ती शिशुकन त गरे राजसिंहासनस्थ,
राजालाई सिँगार्ने नृपतिमुकुटले देखिए हेमराज ।।१७१।।

ढोकामा छन् हनूमान् जुन नृपगृहको, त्यै नृपागारभित्र = हनूमान्ढोका राजदरबारमा
माहिला राजपौत्र = श्री ५ अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रम शाह
श्रीतीन = श्री ३ मोहन
राजालाई सिँगार्ने नृपतिमुकुटले देखिए हेमराज = नायब बडागुरुज्यू हेमराज (माहिला गुरुज्यू) ले श्री ५ ज्ञानेन्द्रलाई श्रीपेच पहिराएको देखियो ।

वि. सं. २००७ कार्तिक २२ गते मङ्गलवार श्री ५ ज्ञानेन्द्रको सिंहासनारोहण भएको हो ।

आफैंले थापिएका शिशु नृपकन ली चन्द्रका ज्येष्ठ पुत्र
आए जस्तै गए औ सबतिर गरियो यो कुराको प्रचार ।

---

४३. यो घटना आफ्नै आँखाले देखेको हो ।

हाम्रा ज्ञानेन्द्रलाई अभिनव नृपको रूपमा मित्रराष्ट्र
चाँडै मानून् भनेर प्रयतन गरियो चन्द्रका पुत्रबाट ।।१७२।।

शिशु नृपकन = बालक राजा श्री ५ ज्ञानेन्द्रलाई
चन्द्रका ज्येष्ठ पुत्र = चन्द्रका पुत्र = श्री ३ मोहनशमशेर
अभिनव नृपको = नयाँ राजाको
तन = कोशिश

## सशस्त्र विद्रोह

राणाद्रोहीहरूका जमघटहरुमा मुख्य काङ्ग्रेस पर्थ्यो,
मौका छोपेर त्यल्ले समरतिर, कडा पाइलो चालिहाल्यो ।
राणाको सैन्यभन्दा अतिशय कम नै सैन्य काङ्ग्रेस राख्थ्यो,
राजश्रद्धा प्रजाको मनबिच नभए खट्ट काङ्ग्रेस गिर्थ्यो ।।१७३।।

समरतिर = लडाईंतिर

## विद्रोहीहरूका प्रचार

छन् हाम्रा भूमिपाल त्रिभुवन जनताश्रेयको निम्ति सक्त,
आफ्नो नै स्वार्थरक्षातिर अतिशय छन् मोहनादि प्रवृत्त ।
खोसी राजा प्रजाका हककन बलले माझमा तेर्सिएर
बस्ने राणाहरू हुन्, रतिभर तिनको छैन वैधाधिकार ।।१७४।।

भूमिपाल = राजा
जनताश्रेयको निम्ति सक्त = दुनियाँको भलो गर्न लागेका
मोहनादि = श्री ३ मोहनशमशेरहरू
प्रवृत्त = लागेका
वैधाधिकार = न्यायपूर्वकको अधिकार

हाम्रा हून् भूमिपाल त्रिभुवन, उनकै हुन्छ राज्याधिकार,
राजाका ज्येष्ठ छोरा अनिपछि धरणीपाल हुन्छन् महेन्द्र ।
जेठाका ज्येष्ठ छोरा अनिपछि धरणीपाल वीरेन्द्र हुन्छन्,
यै हो शास्त्रव्यवस्था कुलनियम तथा लोक यो बात बुझ्छन् ॥१७५॥

भूमिपाल = धरणीपाल = राजा
ज्येष्ठ = जेठा

बाँचेकै तीन यी छन्, क्रमसँग धरणीपाल बन्ने यिनै हुन्,
राणा दैवी व्यवस्थाकन छल बलले मिच्न लागीरहेछन् ।
बन्ने ज्ञानेन्द्रको ता धरणिपति कुनै छैन वैधाधिकार,
थापी ज्ञानेन्द्रलाई नृपति मनपरी गर्दछन् चन्द्रपुत्र ॥१७६॥

धरणीपाल = धरणिपति = नृपति = राजा
वैधाधिकार = न्यायपूर्वकको अधिकार
चन्द्रपुत्र = श्री ३ मोहन

राणाद्रोहीहरूका सबतिर यसरी चल्न लागे प्रचार,
यी वार्ताले सबैका हृदयतलमहाँ पारिहाल्थे प्रभाव ।
देखछन् नेपालवासी जनहरु नृपमा खास देवांश, त्यल्ले
राणाराज्यव्यवस्थातिर जनमनमा भो घृणा मात्र ऐले ॥१७७॥

राणाद्रोहीहरूका = राणाका विरोधीहरूका
हृदयतलमहाँ = मनमा
नृपमा = राजामा
देवांश = देवताको अंश
जनमनमा = दुनियाँको मनमा

## श्री ५ त्रिभुवनको दिल्लीप्रस्थान[४४]

४४. वि. सं. २०१२ मा दिल्लीबाट आत्माराम एण्ड संसद्वारा प्रकाशित काशीप्रसाद श्रीवास्तवको *नेपाल की कहानी*का १४८–१५१ पृ.

राजप्रासाद छोडी भरतवसुमतीदूतको वासभित्र
बस्थे भूपाल आफ्ना गृहजनसँग भै देहलीतर्फ जान ।
त्यो यात्रा रोक्नलाई सकभर त थिए मोहनादि प्रवृत्त
दिल्लीको गर्जनाले नतवदन भए चन्द्रका ज्येष्ठ पुत्र ।।१७८।।

राजप्रासाद = नारायणहिटी राजदरबार
भरतवसुमतीदूतको वासभित्र = भारतीय दूतावासभित्र
भूपाल = श्री ५ त्रिभुवन
देहलीतर्फ = दिल्लीतर्फ
मोहनादि = श्री ३ मोहनहरू
दिल्लीको = भारतसरकारको
नतवदन = गलेका

दिल्लीमा भो सवारी त्रिभुवन नृपको पुत्र रानीसमेत,
राम्रो सत्कार भो श्रीत्रिभुवन नृपको भारताधीशबाट ।
"गर्छन् नेपालपाल त्रिभुवन त प्रजातन्त्रको निम्ति काम"
दिल्लीको रेडियोले यति विषय छरचो लोकमा धूमधाम ।।१७९।।

भारताधीशबाट = भारतका शासकबाट
नेपालपाल = नेपालका राजा

वि. सं. २००७ कार्तिक २६ गते शनिवार श्री ५ त्रिभुवनको काठमाडौँबाट दिल्लीप्राप्ति ( *नेपालको राजनीतिक दर्पण*को ३५ पृ. )

## राणासरकारको पक्षमा भारतसरकार रहेनछ भन्ने कुरो सबैले बुझे[४५]

राणाको राज्य प्यारो भरतवसुमतीशासितालाइ छैन,
सोझै नै हात हाल्नाकन पनि त्यसमा राय कानून दिन्न ।

४५. *नेपालको राजनीतिक दर्पण*का ३५–३७ पृ.

राणाराज्यव्यवस्था खतम गरिदिने गुप्त हिन्दप्रयत्न
हुन्छन् भन्ने कुरामा अब जनमनमा लेश शङ्का रहेन ।।१८०।।

भरतवसुमतीशासितालाइ = भारतसरकारलाई
हिन्दप्रयत्न = भारतसरकारको कोशिश
जनमनमा = मानिसको मनमा
लेश = केही

## राणासरकारको पक्षमा अङ्ग्रेज सरकार थियो, तर काम भएन[४६]

राणाराज्यव्यवस्था खतम हुन गए भारतीय प्रभाव
बढ्लान् नेपालमा औ क्रमसँग त्यसले घट्छ हाम्रो प्रभाव ।
राणा टिक्ता छ हाम्रो असल यति कुरा गुन्दथे गौरवक्त्र,
केही साहाय्य देलान् सितवदन भनी गुन्दथे चन्द्रपुत्र ।।१८१।।

गौरवक्त्र = सितवदन = अङ्ग्रेज
साहाय्य = मदत
चन्द्रपुत्र = श्री ३ मोहन

आफ्ना दुष्कर्मले नै त्रिभुवन नृपको हो गुमेको प्रतिष्ठा,
काङ्ग्रेसी हुन् लुटाहा छलपटु, तिनको छैन केही प्रतिष्ठा ।
राणाजीको थियो यै प्रवचन, तिनका पक्ष यै बात भन्थे,[४७]
राणाका पक्षपाती सितवदन यही सत्य होस् भित्र गुन्थे ।।१८२।।

छलपटु = छल गर्न सिपालु
प्रवचन = प्रचार
सितवदन = अङ्ग्रेज

---

४६. *नेपालको राजनीतिक दर्पण*को ३७ पृ.
*नेपाल की कहानी*का १५५–१५६ पृ.

४७. वि. सं. २००७ कार्तिक २३ गते बुधवार र मार्ग १ गते बृहस्पतिवारका *गोरखापत्र*

बुझ्नालाई अवस्था सितमुखपतिले दूत आफ्ना पठाए,
त्यो मौकामा प्रजाले "त्रिभुवन जय" यो शब्द धेरै सुनाए ।
त्यल्ले गर्दा विमानावतरणपथमा खूप हल्ला गरायो,
राणाको पक्षलाई सितमुखपतिको दृष्टिदेखिन् गिरायो ।।१८३।।

सितमुखपति = अङ्ग्रेज सरकार
विमानावतरणपथमा = काठमाडौँको गौचर हवाई अड्डामा

वि. सं. २००७ मार्ग १८ गते आदित्यवार यो घटना भएको हो ।

## नेपाली सेना राणाकै भक्त भईरह्यो[४८]

पृथ्वीनारायणाख्य प्रथित नृपतिको बुद्धिले जोडिएको
सेनाले गर्छ पूरा सकल कृति डटी भाग आफ्नो परेको ।
सेनानीलाइ मानी वचनकन सुनी गर्छ सेना स्वकार्य,
नेपाली सैन्यको यो प्रथित गुण सबैतर्फ हुन्छ प्रशंस्य ।।१८४।।

पृथ्वीनारायणाख्य प्रथित नृपतिको = श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको
सकल कृति = सबै काम
सेनानीलाइ = सेनापतिलाई
स्वकार्य = आफ्नो काम
प्रथित = प्रख्यात
प्रशंस्य = तारीफ गर्न लायक

राणासम्बन्ध हुन्थ्यो प्रमुख गुण यहाँ बन्न सैन्याधिपाल,
राणाको चाकडीको पनि कदर थियो बन्न सैन्याधिबाल ।

४८. नेपालको ऐतिहासिक रूपरेखाको ४१४ पृ.

राणाकै पक्षपाती प्रमुख जनहरू भैदिँदा सैन्यभित्र
राणाकै पक्षलाई प्रबल गरिदियो सैन्यले यत्र तत्र ।।१८५।।

सैन्याधिपाल = सेनापति
यत्रतत्र = जहीँ तहीँ

सेनाको सामु सोझै नरपति अहिले पर्न मौकै परेन,
राणाको भक्ति त्यल्ले पनि भटमनमा डग्न ऐले दिएन ।

नरपति = राजा
भटमनमा = सिपाहीको मनमा

## विद्रोह बढ्दै गयो

बढ्दै बढ्दै क्रमैले मुलुकभर भने झैँ असन्तोष छायो,
राणाको सैन्यशक्ति क्रमसँग त्यसले थोर झैँ बन्न आयो ।।१८६।।

राणाको सैन्यलाई प्रचुर बल थियो शस्त्रको, सत्य यो हो,
ज्यादै थोरै प्रजाको सहकृति त्यसले पाउँथ्यो, सत्य यो हो ।
राणाद्रोहीहरूको प्रवचनपटुता नै थियो चारु शस्त्र,
त्यल्लाई जित्न राम्रो प्रयतन नगरी नै बसे चन्द्रपुत्र ।।१८७।।

प्रचुर = धेरै
सहकृति = मदत
प्रवचनपटुता = भाषण गर्ने कला
चारु शस्त्र = राम्रो हतियार
प्रयतन = कोशिश
चन्द्रपुत्र = श्री ३ मोहन

मन्त्रीले राज्य खोसे निजनरपतिको यो कुरो फैलिनाले
राजाको दुःखलाई निजगृहजनको दुःख सम्झे प्रजाले ।

राणाका दोष मात्रै प्रकट भइदिँदा देशमा यत्र तत्र,
राणाको पक्ष ज्यादै लघुतर मतमा भैगयो देशभित्र ॥१८८॥

निजनरपतिको = आफ्ना राजाको
निजगृहजनको = आफ्नै घरका मान्छेको
यत्र तत्र = जहीँतहीँ
लघुतर मतमा = थोरै मतमा

## भारतसरकारको घोषणा[४९]

राजा खोज्छन् प्रजाको सुहितकर प्रजातन्त्र नेपालमा होस्,
राजाको साथ लागी बहुमत जनता बोल्छ, सोही कुरा होस् ।
खोसी राजा प्रजाका हक निज कुलको स्वार्थरक्षाप्रवृत्त
राणा मन्त्रीहरू छन् बलजफतसँगै एकतन्त्रप्रवृत्त ॥१८९॥

सुहितकर= हित गर्ने

राणाको साथमा भो त्रिभुवन नृपको यै कुराले विबाद,
अर्को कोही नपाई शरण भरतभूदूतको वासभित्र ।
आए भूपाल आफ्ना गृहजन सँग ली आत्मरक्षानिमित्त,
राणाले पारिहाले झटपट नृपका पौत्र सिंहासनस्थ ॥१९०॥

भरतभूदूतको वासभित्र = भारतीय दूतावासभित्र
पौत्र = नाति

आफ्नो अन्यायलाई शिशु नरपतिको नामले न्याय्य पारी
खोसी राजा प्रजाका हककन बलले पूर्णसर्वाधिकारी ।

४९. *नेपालको ऐतिहासिक रूपरेखाका ३६६-४३० पृ.*
*नेपाल की कहानीका* १५७-१५८ पृ.

आफैँ नै राज्य गर्नाकन शिशु नृपको वैधता होस् भनेर
राणा उद्योग गर्छन्, यसकन कसरी मान्न हुन्छौँ समर्थ ।।१९१।।

न्याय्य = मुनासीब
शिशु नृपको वैधता = साना राजा ज्ञानेन्द्रको मान्यता

हामी मान्छौँ अझै नै त्रिभुवन नृपको वैध राज्याधिकार,
राणा आफ्नो सपारून् भ्रमचरित भनी भन्दछौँ एक बार ।
यल्ले होला भलो नै, निजहित अझ छन् गर्न राणा समर्थ,
हामी ज्ञानेन्द्रलाई नरपति कहिल्यै मान्न हुन्नौँ समर्थ ।।१९२।।

वैध = मुनासीब
भ्रमचरित = भूल

बिस्तारै बात यस्तो भरतवसुमतीशासिताले निकाले,

भरतवसुमतीशासिताले = भारतका शासकले

**कुनै पनि मित्रराष्ट्रले श्री ५ ज्ञानेन्द्रलाई राजा मानेन**

बिस्तारै यै कुरा नै परपरतिरका शासिताले निकाले ।
राणाले थापिएका शिशु नरपतिको वैधतालाई मान्न
राणाका पक्षपाती धरणिभर कुनै शासिता भैदिएन ।।१९३।।

शासिता = शासक
धरणिभर = संसारभर

**विद्रोहीको हौसला बढ्दै गयो,**
**राणाका पक्षका मानिस पनि विपक्ष बन्न लागे**

---

राणाद्रोहीहरूको मनकन यसले माथि धेरै उचाल्यो,
राणाविद्वेषलाई मुलुकभर सबैतर्फ यल्ले फिँजायो ।

राणाका पक्षपाती क्रमसँग उनका बन्न लागे विपक्ष,
यल्ले श्रीतीनलाई अति विकल तथा पारिदियो क्षीणपक्ष ।।१९४।।

विपक्ष = विरोधी

श्रीतीनलाई = श्री ३ मोहनलाई

क्षीणपक्ष = आफ्नो पक्षमा कम मान्छे भएका

## श्री ३ मोहनलाई पछुतो पर्‍यो

खोसी हामीहरूले त्रिभुवन नृपको वैध राज्याधिकार
थाप्यौँ ज्ञानेन्द्रलाई नरपतिपदमा, यो भयो निर्विचार ।
भन्ने श्रीतीनलाई मनबिच अब ता राम्ररी होश आयो,
भो ठूलो भूल भन्ने प्रतिपल मनमा घोर सन्ताप छायो ।।१९५।।

निर्विचार = विचार नपुगेको

## श्री ३ मोहनद्वारा श्री ५ त्रिभुवनको राज्याधिकारको स्वीकार[५०]

मान्छौँ हामीहरू श्रीत्रिभुवन नृपको वैध राज्याधिकार,
बोले श्रीतीनले यो, सबतिर गरियो यो कुराको प्रचार ।

वि. सं. २००७ पौष २४ गते सोमवार श्री ३ मोहनबाट यो घोषणा भएको हो ।

यस दिन सिंहदरबारमा उर्दी थियो । पोखरीनिर हामीहरू बसिरहेका थियौँ । श्री ३ मोहनको भाषण हुन केही समय बाँकी थियो । मेरो मनमा विभिन्न विचार खेलिरहेका थिए । म माथितिर हेरिरहेको थिएँ । सिंहदरबारको मूल झण्डालाई घेरी टोकी कागहरू घुमिरहेका देखिए ।

---

५०. *नेपालको राजनीतिक दर्पण*का ३६–४३ पृ.
आफ्नै आँखाले देखेको तथा कानले सुनेको कुरो यो हो ।

## राणा काङ्ग्रेसको सन्धि

गर्ने राज्यव्यवस्था अब कुन विधिले यो कुरामा विचार
राणा काङ्ग्रेसमा भो त्रिभुवन नृपको सामु धेरै प्रकार ।।१९६।।

दिल्लीका यी सभामा भरतवसुमतोशासिताका विचार
धेरै पर्थे र धेरै छलफलपछि भो सन्धि एक प्रकार ।
राणा काङ्ग्रेसको श्रीत्रिभुवन नृपको सामु, राज्यव्यवस्था
ऐले क्यै काललाई यस विधिसँगमा होस् भनी भो व्यवस्था ।।१९७।।

भरतवसुमतीशासिताका = जवाहरलाल नेहरूका

## श्री ५ त्रिभुवनको फिर्ती सवारी[५१]

दिल्लीबाट स्वदेश त्रिभुवन नृपको फर्कँदाको सवारी
नेपालीलाइ आफ्नो उचित हक दिने सम्झियो, भो तयारी ।
धेरै धेरै प्रजाले निज निज विधिले भूपको स्वागतार्थ
देखाए जे, त्यसैले प्रकट गरिदियो राजसत्तामहत्त्व ।।१९८।।

निज निज विधिले = आफ्ना आफ्ना छाँटले
राजसत्तामहत्त्व = राजालाई सबैले मानेको कुरा

वि. सं. २००७ फाल्गुन ४ गते बृहस्पतिवार श्री ५ त्रिभुवनको फिर्ती सवारी भएको हो ।

५१. नेपालको राजनीतिक दर्पणका ४७–४९ पृ.
आफ्नै आँखाले देखेको घटना यो हो ।

## प्रजातन्त्र
## राणा काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डल[५२]

राणा काङग्रेसको भो अधिकृति, ळिकियो जङ्गतन्त्रव्यवस्था,
राणा काङग्रेसको भो सदृश पद मिली मन्त्रिताको व्यवस्था ।
मन्त्रीको मुख्यतामा अरू पनि त रहे चन्द्रका ज्येष्ठ पुत्र,
राजाको वाक्यले भो विधिसहित प्रजातन्त्र नेपालभित्र ।।१९९।।

अधिकृति = अधिकार

जङ्गतन्त्रव्यवस्था = जङ्गबहादुरले बाँधेको बन्दोबस्त

राणा काङग्रेसको भो सदृश पद मिली मन्त्रिताको व्यवस्था = राणातर्फका पाँच जना र काङग्रेसतर्फका पाँच जनाको मन्त्रिमण्डल बन्यो ।

मन्त्रीको मुख्यतामा अरू पनि त रहे चन्द्रका ज्येष्ठ पुत्र = श्री ३ मोहन नै प्रधानमन्त्री भए ।

वि. सं. २००७ फाल्गुन ७ गते आइतवार प्रजातन्त्रशासनको घोषणा भई राणा काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डलको स्थापना भएको हो ।

## विद्रोह दबाउन भारतीय सेना ल्याइयो[५३]

राणाद्रोहीहरूमा प्रचुर जन थिए खूप आशानुबद्ध,
थोरैले मात्र पाए, बहुत जन भए घोर नैराश्यविद्ध ।

५२. *नेपालको राजनीतिक दर्पण*का ४६–५२ पृ.

५३. *नेपालको राजनीतिक दर्पण*का ५२–५६ पृ.

*त्रिभुवन स्मृति ग्रन्थ*का १२०–१२४ पृष्ठमा छापिएको जगत्‌बहादुर सिंहको *श्री ५ त्रिभुवन एक स्मरण* भन्ने निबन्ध

त्यल्ले उत्पात ल्यायो विविध किसिमका देशमा यत्र तत्र,
आफ्ना साथीहरूको दमनतिर भयो शक्त काङ्ग्रेस सक्त ।।२००।।

प्रचुर जन = धेरै मानिस
आशानुबद्ध = आशा गरेर बसेका
घोर नैराश्यविद्ध = ज्यादै निराश
भयो शक्त काङ्ग्रेस सक्त = शक्तिशाली काङ्ग्रेस लाग्यो ।

बढ्दो विद्रोहलाई दमन गरिदिने शक्ति आफ्नो भएन,
राखे विद्रोहलाई अलिकति दिनमै टिक्न आफू सकिन्न ।
यस्तो सम्झेर आफ्ना सहचरहरुको उग्र विद्रोहलाई
काङ्ग्रेसीले दबाए भरतवसुमतीसैन्य डाकेर ल्याई ।।२०१।।

भरतवसुमतीसैन्य = भारतीय सैनिक

## गोरखादल[५४]

पाए राणाहरूले नृपसुतसमता एक पूरा शताब्दी,
स्वेच्छाले वा करैले सब जन उनको गर्दथे सामु भक्ति ।
ऐले देख्ता अकस्मात् निजकुलमहिमा सर्वथा लुप्यमान
छानादेखिन् खसेका मनुजसम भए उच्च राणाकुलीन ।।२०२।।

नृपसुतसमता = राजकुमारको जस्तो इज्जत
लुप्यमान = हराएको
मनुजसम = मानिस जस्ता

माथिल्ला रोलवाला नवयुवक तथा द्रव्यसम्पन्न केही
राणाको योजनामा दल विकसित भो गोरखानामधारी ।

५४. नेपालको राजनीतिक दर्पणका ८५-९० पृ.

राणाद्रोहीहरूका कुचरित त्यसले गर्न लाग्यो प्रचार,
देख्ता प्रत्यक्ष वैरी खलबल हुनगो खूप काङग्रेसभित्र ।।२०३।।

द्रव्यसम्पन्न = पैसावाल
दल विकसित भो गोरखानामधारी = गोरखादल खडा भयो ।
कुचरित = बदमाशी

काङग्रेसीले चलाए दमन, बबरका पक्रिए ज्येष्ठ पौत्र,
आनन्दैमा बढेका नवयुवक परे बन्धनागारभित्र ।
हामीलाई समाते बलजफतसँगै, छैन हाम्रो कसूर
भन्ने भो, जोश आयो मनबिच, त्यसले पार्दियो होश थोर ।।२०४।।

बबरका ज्येष्ठ पौत्र = भरतशमशेर
बन्धनागारभित्र = थुनामा

मर्यादालाइ तोडी बलजफतसँगै बन्धनागारबाट
निस्के राणाकुमार स्वदलबल हुँदा जोशले स्फूर्तिसाथ ।
मन्त्रीको वास गोर्खादलमनुज पसे तोड्न काङग्रेसशक्ति,
मन्त्री भागेर पृथ्वीपतिसदन पसे त्रस्त भै त्राणनिम्ति ।।२०५।।

मन्त्रीको = गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको
गोर्खादलमनुज = गोरखादलका मानिस
पृथ्वीपतिसदन = नारायणहिटी राजदरबार
त्रस्त भै = तर्सिएर
त्राणनिम्ति = रक्षाको लागि

आफ्नो व्यायामभूमा समुदित हुन गो सैन्य अभ्यास गर्न,
मौका छोपेर गोर्खादलमनुज पुगे सैन्यलाई उचाल्न ।
सेनाको मुख्यतामा त्यस समय थिए साहिँला चन्द्रपुत्र,
सेनालाई सह्माली दलकन उनले पार्दिए खिन्न भिन्न ।।२०६।।

आफ्नो व्यायामभूमा समुदित हुन गो सैन्य अभ्यास गर्न = टुँडिखेलमा कवायद खेल्न सिपाही जम्मा भए ।

सेनाको मुख्यतामा त्यस समय थिए साहिँला चन्द्रपुत्र = त्यस वेला केसरशमशेर प्रधानसेनापति थिए।

केही घण्टा भयो यो खलबल पुरमा, भो अवस्था विचित्र,
ती राणा पक्रिए औ पुनरपि लगिए बन्धनागारभित्र।
सेनाद्वारा बलैले अझ पनि सहसा हर्न राज्याधिकार
राणा उद्योग गर्छन्, यति विषय भयो यत्र तत्र प्रचार ॥२०७॥

पुरमा = शहरमा
पुनरपि = फेरि पनि
यत्र तत्र = जहाँ तहीँ

वि. सं. २००७ चैत्र ३० गते बृहस्पतिवार गोरखादलपर्व भएको हो।

राणाको काममाथि क्षितिपतिमनमा खूप शङ्का उदायो,
त्यल्ले श्रीतीनलाई प्रहरणगृहको स्वत्वदेखिन् हटायो।
राजाको चित्तलाई बबरमहलको काम साह्रै बिझायो,
राणाद्रोहीहरूको स्थितिकन यसले माथि केही उचाल्यो ॥२०८॥

क्षितिपतिमनमा = श्री ५ त्रिभुवनको मनमा
त्यल्ले श्रीतीनलाई प्रहरणगृहको स्वत्वदेखिन् हटायो = श्री ३ मोहनबाट शस्त्रागारको अधिकार खोसियो।

## प्रजातन्त्रको अनुभव

टाढा भाग्यो अँध्यारो, मुलुकभर नयाँ दिव्य आलोक आयो,
लेख्ने पढ्नेहरूका हृदयतलमहाँ नव्य उत्साह आयो।
लुच्चा जाली फटाहा पनि निज कृतिमा देखिए कार्यशील,
सच्चा लुच्चा दुवैको उदय गरिदिने भो प्रजातन्त्रकाल ॥२०९॥

दिव्य आलोक = प्रशंसनीय उज्यालो
नव्य = नयाँ
निज कृतिमा = आफ्नो काममा

### राणा काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डलको भङ्ग[५५]

टिक्ने उद्योग गर्थे भरसक त सही चन्द्रका ज्येष्ठ पुत्र,
पर्याँक्ने श्रीतीनलाई यतन भइरहे नित्य काङग्रेसभित्र ।
राणा काङग्रेसको यो कलह चलिरह्यो, भूपको दृष्टिपात
पर्दा काङग्रेसमा नै बलसँग भिकिए चन्द्रका ज्येष्ठ पुत्र ।।२१०।।

चन्द्रका ज्येष्ठ पुत्र = श्रीतीन = श्री ३ मोहन
यतन = कोशिश
भूपको दृष्टिपात = श्री ५ त्रिभुवनको नजर पर्दा

वि. सं. २००८ कार्तिक २७ गते मङ्गलवार राणा र काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डलको भङ्ग भयो ।

### काङ्ग्रेसी मन्त्रिमण्डल[५६]

राणाको एकलौटी अधिकृति पहिले खोसियो, मन्त्रिमुख्य
राणाजी नै थिए, सो पदबिच पनि छन् आज काङग्रेसमुख्य ।
भैगो श्रीतीन भन्ने पद अब त पुरावृत्तको वस्तु मात्र,
हेर्दा हेर्दै बिलायो चटकसदृश भै स्वाट्ट नै जङ्गतन्त्र ।।२२१।।

मन्त्रिमुख्य = प्रधानमन्त्री
काङग्रेसमुख्य = काङग्रेसका सभापति मातृकाप्रसाद कोइराला
पुरावृत्तको वस्तु = पुरानो कुरा
चटकसदृश = चटक जस्तै
जङ्गतन्त्र = जङ्गबहादुरको व्यवस्था

---

५५. नेपालको राजनीतिक दर्पणको ११४–११६ पृ.
५६. नेपालको राजनीतिक दर्पणका ११७– १२० पृ.

वि. सं. २००८ मार्ग १ गते शुक्रवार मातृकाप्रसाद कोइरालाको अध्यक्षतामा काङ्ग्रेसी मन्त्रि-मण्डलको स्थापना भएको हो ।

## श्री ३ मोहन, मिनिष्टर याण्ड कम्याण्डर इन-चीफ बबर तथा श्री ३ पद्मको उस्तै अवस्था

पुर्ख्यौंली राज्यदेखिन् बलजफतसँगै शत्रुले खेदिएका
आफ्ना उद्योग सारा असफल हुनगै खिन्न भै निस्किएका ।
श्रीश्रीश्रीचन्द्रका ती प्रथम सुत तथा माहिला आजकाल
मै जस्ता भै रहेछन् विवश भरतभू गै त्यहीँ काट्न काल ।।२१२।।

श्रीश्रीश्रीचन्द्रका ती प्रथम सुत तथा माहिला = श्री ३ मोहन र मिनिष्टर यान्ड कम्याण्डर इन-चीफ बबर

मै जस्ता = श्री ३ पद्म जस्ता

भरतभू = भारत

श्री ३ मोहन तथा मिनिष्टर यान्ड कम्याण्डर इनचीफ बबर भारतको बङ्गलोर गएर बसेका थिए ।

(वि. सं. २०३४ मा ललितपुरबाट केदारमणि आचार्य दीक्षितद्वारा प्रकाशित केदारमणि आचार्य दीक्षितको *आफ्नै कुरा*को १३५ पृ.)

## श्री ३ मोहन र मिनिष्टर याण्ड कम्याण्डर इन-चीफ बबरका विचार

राखी राजा प्रजाका नियमहरु सबै जङ्गतन्त्रानुसार
हाम्रा धीमान् बुबाले बहुत दृढ भई गर्नुभो राजकाज ।
हाम्रो गेहव्यवस्था पनि सुदृढ भयो, राष्ट्रको भो व्यवस्था,
हाम्रो यो राष्ट्रलाई अतिशय बढिया हुन्छ सोही व्यवस्था ।।२१३।।

जङ्गतन्त्रानुसार = जङ्गबहादुरले बाँधेको व्यवस्थाअनुसार

हाम्रा धीमान् बुबाले = हाम्रा बुद्धिमान् बुबा श्री ३ चन्द्रले
गेहव्यवस्था = घरको बन्दोवस्त
सुदृढ = बलियो

श्रीश्रीश्रीचन्द्रका ती दुइ सुत यति नै चित्तमा नित्य गुन्थे,
यस्तै नै बोलन जान्ने जनहरु तिनका प्रीतिका पात्र बन्थे ।

श्रीश्रीश्रीचन्द्रका ती दुइ सुत = श्री ३ मोहन र मिनिष्टर यान्ड कम्याण्डर इन-चीफ बबर
प्रीतिका पात्र = मनपरेका

## श्री ३ चन्द्रको पालाको तथा श्री ३ मोहनको पालाको अवस्थाको तुलना

त्यो वेला आङ्ग्ल बस्थे भरतवसुमतीशासिता भै डटेर,
हुन्थे श्रीचन्द्रका ता सकल कृतिहरू आङ्ग्लभावानुकूल ।।२१४।।

आङ्ग्ल = अङ्ग्रेज
भरतवसुमतीशासिता = भारतका शासक
श्रीचन्द्रका = श्री ३ चन्द्रका
सकल कृतिहरू = सबै काम
आङ्ग्लभावानुकूल = अङ्ग्रेजको विचारअनुसारका

आयो संसारमा जो प्रबल बल लिई साम्यवादी बतास,
पार्यो त्यल्ले क्रमैले सितमुखहरुको चित्तलाई हताश ।
आफ्नो साम्राज्य छोड्दै निजसदनतिरै आङ्ग्ल फर्कीरहेछन्,
गान्धीका शिष्य ऐले भरतवसुमतीशासिता भैरहेछन् ।।२१५।।

प्रबल = बलियो
सितमुख = आङ्ग्ल = अङ्ग्रेज
निजसदनतिरै = अङ्ग्रेजको आफ्नै घरतिरै (बेलायततिरै)

गान्धीका शिष्य ऐले भरतवसुमतीशासिता भैरहेछन् = अहिले स्वतन्त्र भारतका शासक भारतीय काङ्ग्रेसीहरू (नेहरू आदि) छन् ।

राणाद्रोही निकै नै भरतवसुमतीभित्र छन् यत्र तत्र,
गान्धीवादीहरूको सँग पनि तिनका छन् सुसम्बन्ध धेर ।
गान्धीवादी बलैले सितमुखहरुका पक्षलाई निमोठ्छन्,
राणाविद्रोहआगो भरतवसुमतीभित्र सल्काइदिन्छन् ।।२१६।।

भरतवसुमतीभित्र = भारतभित्र
यत्र तत्र = जहीँ तहीँ
सुसम्बन्ध = राम्रो सम्बन्ध
सितमुखहरुका = अङ्ग्रेजहरूका

हामी सम्बन्ध राखौँ बहुत यतनले स्वार्थ आफ्नो त्यजेर,
गान्धीवादी हुँदैनन् तर पनि हितकृद् आङ्ल जस्तै गरेर ।
आफ्ना राजा प्रजाका अरुचिकर भई टिक्न ऐले सकिन्न,
श्रीश्रीश्रीचन्द्रका ती दुइ सुतकन यो बात कैल्यै सुझेन ।।२१७।।

यतनले = कोशिशले
हितकृद् = हित गर्ने
अरुचिकर = मन नपर्ने

## श्री ३ पद्मको कुरा श्री ३ मोहन र मिनिष्टर यान्ड कम्यान्डर इन-चीफ बबरको मनले खाएन

सम्झाएँ धेर मैले तर पनि तिनको चित्त कैल्यै बुझेन,
भ्याएसम्मन् गरेथेँ तन मन धनले किन्तु केही चलेन ।

मैले = श्री ३ पद्मले
तिनको = श्री ३ मोहन तथा मिनिष्टर यान्ड कम्याडर इन-चीफ बबरको

## श्री ३ मोहनको अदूरदर्शिता

आफ्ना बाका पुरानै नियमतिर अडे चन्द्रका पुत्र, त्यल्ले
राजाको चित्तलाई अरुचिकर कुरा बढ्न लागे क्रमैले ॥२१८॥

आफ्ना भूपाल पस्ता परजनपदका दूतको वासभित्र
राजा फर्कून् भनेर प्रयतन बहुतै गर्नुपर्थ्यो गुनेर ।
साना ज्ञानेन्द्रलाई नरपतिपदमा झट्ट नै थापिहाल्नु
राणादुष्टत्वको भो परिचय सब नै लोकको सामु राख्नु ॥२१९॥

भूपाल = राजा
परजनपदका दूतको वासभित्र = विदेशी दूतावासभित्र
प्रयतन = कोशिश
राणादुष्टत्वको = राणाहरूको बदमाशीको

राजालाई निकाल्नातक पनि मनमा आँट आयो त पैले,
आफ्नो त्यो आँटलाई पछितक दृढ भै राख्नुपर्थ्यो बलैले ।
डट्थे ता युद्धमा नै दृढहृदय भई शौर्यशाली कहिन्थे,
जित्थे ता राज्य गर्थे, यदि जय नभए वीर भै स्वर्ग पुग्थे ॥२२०॥

शौर्यशाली = शूरा

## राणाका दुष्कीर्तिको प्रचार

कैले साह्रा र कैले नरम भइदिँदा चन्द्रका ज्येष्ठ पुत्र
हामी राणाहरूको सबतिर फिँजियो खालि दुष्कीर्ति मात्र ।

हाम्रा पुर्खाहरूको पनि रगत बग्यो देशरक्षानिमित्त,
त्यो सारा पन्सिहाल्यो परतिर अहिले भैदिँबा यो कुकृत्य ।।२२१।।

चन्द्रका ज्येष्ठ पुत्र = श्री ३ मोहन

कुकृत्य = बदमाशी

राणाको राज्यभन्दा अघि कुन विधिले चल्दथ्यो राजकाज,
राणाको हातले भो कतितक कुभलो वा भलो कामकाज ।
यो जान्नालाइ कोही पनि मनुज यहाँ तम्सँदै तम्सदँ न,
राणाका दोष भन्नाकन मनुज भने आज क्वै बिर्सँदैन ।।२२२।।

मनुज = मानिस

राणाका कीर्तिलाई जुन कवि उहिले लेख्तथे वारवार,
राणादुष्कीर्तिलाई सबतिर अहिले गर्दछन् ती प्रचार ।
राणाका दोष मात्रै सकल जन सुनून्, यै कुरामा छ जोड,
राणाद्रोहीहरूका प्रिय हुन अहिले यो कुरो भैरहेछ [५७] ।।२२३।।

विद्वच्छिरोमणि कुलचन्द्र गौतम, कविशिरोमणि लेखनाथ पौडेल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, कवि बालकृष्ण सम आदि कवि पहिले राणाजीको पालामा राणाजीको स्तुति लेख्थे, पछि राणाजीको राज्य गएपछि यिनै कविहरू राणाको निन्दा लेख्ने भए ।

राणाका आप्त मान्छे पनि अब उनका शत्रुका आप्त बन्छन्,
राणाका कीर्तिलाई छलकपट गरी लुप्त नै पारिदिन्छन् ।
राणा पाऊन् घृणा नै सकलतिर भनी जाल फैलीरहेछ,
राणाद्रोहीहरूको रुचिकर अहिले काम यै भैरहेछ ।।२२४।।

---

५७. वि. सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १३ अङ्कमा छापिएको *शुल्बसूत्र (वैदिक रेखागणित )* को एक झलक भन्ने मेरो निबन्ध, सो अङ्कका ५९–६० पृ.

वि. सं. २०२७ मा प्रकाशित *पूर्णिमा* २४ अङ्कका ३३१–३३५ पृष्ठमा छापिएको *के पढ्ने ?* भन्ने मेरो निबन्ध

आप्त = आफन्त
रुचिकर = मनपर्ने

## काङ्ग्रेसी शासन[५८]

ऐले मन्त्री भएका जनकन अघिका कामको ज्ञान छैन,
गर्ने राज्यव्यवस्थातिर पनि तिनको ज्ञान राम्रो थिएन ।
आयो तत्काल जस्तो हृदयबिच त्यही काम तत्काल हुन्छ,
त्यल्ले राज्यव्यवस्था सबतिर अहिले भाँडिदै गैरहेछ ।।२२५।।

राणाको द्वार कुर्ने जनकन उहिले मिल्दथ्यो एकमाना,
राणालाई नटेर्ने जन जनमभरी पाउँथ्यो दुःख नाना ।
भन्थे आफन्तलाई चतुर जनहरू राम्ररी सम्झ बाबु,
यौटा ढोका समाऊ, अनिपछि सुखको साथमा माम खाऊ ।।२२६।।
द्वार = ढोका

जल्ले सम्बन्ध जोड्यो दलसँग त्यसले मान औ माम पायो,
जल्ले राखेन वास्ता दलसँग त्यसले भैरहेको गुमायो ।
यस्तो प्रत्यक्ष देख्ता जनहृदयमहाँ भाव आईरहेछ,
राणाको द्वारको झै प्रतिनिधि दलले काम गर्दो रहेछ ।।२२७।।

पायो मन्त्रित्व जल्ले सबतिर उसले मोज मारिरहेछ,
जल्ले पाएन मन्त्री हुन मन उसको खूप पाकीरहेछ ।

५८. वि. सं. २००६ मा काठमाडौँबाट प्रकाशित डिल्लीरमण रेग्मीको *ह्विद्रअर् नेपाल्* (नेपाल कता) *त्रिभुवन स्मृति ग्रन्थ*का १०१–१०३ पृष्ठमा छापिएको चन्द्रबहादुर थापाको *राष्ट्रपिता श्री ५ त्रिभुवन* भन्ने निबन्ध

यल्ले काङ्ग्रेसभित्रै प्रतिदिन झगडा बढ्न लागीरहेछ,
बिस्तारै राज्यशक्ति प्रतिदिवस त्यसै भासिँदै गैरहेछ ।।२२८।।

प्रतिदिवस = दिनकादिन

## थुप्रै दलको उत्पत्ति

राणा ठचाहा मठचाहा दलबिच उहिले तीव्र सङ्घर्ष आयो,
ऐले नेताहरूमा अझ बिकसित भै रोग त्यो सर्न लाग्यो ।
जल्ले मन्त्रित्व पायो निजदल त्यसको निम्ति भो काम गर्ने,
जल्ले पाएन भैगो त्यसकन दल सो काम केही नगर्ने ।।२२९।।

तीव्र = कडा

आफ्नो अस्तित्व राख्नाकन दल अहिले चाहिने भैरहेछ,
नेतापीछे भने झैँ दिनहुँ दल यहाँ खुल्न लागीरहेछ ।
भिन्नै सिद्धान्तवाला दल हुनु त पृथग् भन्दछन् लोकतन्त्र,
यौटै सिद्धान्तवाला दल हुनु त पृथग् ह्वैन केही सुतन्त्र ।।२३०।।

पृथग् = छुट्टै
लोकतन्त्र = प्रजातन्त्र
सुतन्त्र = राम्रो शासन

हाम्रो यो देशमा यी दलहरु अहिले च्याउ झैँ उम्रँदा छन्,
यौटाको बात अर्को दल मुखर भई काट्न लागीरहेछन् ।
के हो साँचो भनेर प्रतिदिन जनता खूप अन्योल पर्छ,
केही लाग्दैन टुङ्गो, सबतिर अहिले भ्रान्ति नै फैलिँदो छ ।।२३१।।

मुखर भई = ठूलो स्वर गरेर

ऐलेको यो अवस्था हितकर कहिल्यै राष्ट्रको निम्ति हुन्न,
राष्ट्रस्वातन्त्र्यलाई पनि अहित कुरो पर्नु क्यै बेर छैन ।

### अहिलेको अवस्था राजाले मात्र सह्याल्न सक्छन्

राजालाई अझै नै बहुमत जनता मान्छ देवावतार,
राजाले बुद्धि ख्याई विषय बुझिदिए हुन्छ केही सुधार ।।२३२।।

### आशीर्वाद

राजामा स्वास्थ्य आओस्, मन पनि उनको होस् सदैव प्रसन्न,
हेरी आफ्नो अवस्था समुचित रचियोस् देशको संविधान ।
हाम्रा नेपालवासी जन मधुर प्रजातन्त्रको स्वाद पाऊन्,
होओस् स्वातन्त्र्यरक्षा, प्रभुवर भगवान् रामले यो गराऊन् ।।२३३।।

२०३४।४।३२।३

# १ परिशिष्ट

## श्री ३ पद्मबाट राजकाजमा सुधार गर्नेबारे नेपालका मुख्य–मुख्य भारादारसँग गरिएका प्रश्न

संसारभर जहाँ पनि डिमक्रसि[१] वा रिस्पन्सिब्ल् गभ्अर्न्मेन्ट्[२] प्रचलित भएको र २।४ मुलुक जहाँ हाल छैन तहाँ पनि डिमक्रसि नै आखिर खडा गर्न पर्छ भन्ने भाव र विचार सारा जगत्मा फैलिएका सबैलाई विदितै हुन पर्छ । फेरि हिन्दूस्थानमा पनि अब परिस्थिति चाँडै निक्कै बदलिने पक्का भई इन्डिअन् स्टेट्स्[३]मा समेत धमाधम कन्स्टिटच्युशनल् रिफर्म्ज् इन्ट्रडच्युस् गरिरहेकाले[४] हामीले मात्र यो फोर्स्[५] कति दिन रोक्न सकौंला भन्ने लाग्दछ । तसर्थ हामीले पनि हालैमा राजनैतिक सुधार केही नगरेमा पछि बाहिरबाट या भित्रैबाट पनि कर लागी गर्न परेमा कुन् नराम्रो नतिजा होला ।

१) केही चेन्ज्[६] वा रिफर्म्[७] गर्ने कि नगर्ने ?

२) गर्नुपर्ने ठह्राउँछौ भने कुन प्रकारको गरे हाम्रो देश र परिस्थितिलाई सुहाउँदो होला ?

३) हाम्रो विचारमा त हाललाई एउटा बड्इ कन्सिस्ट्इङ अफ् नम्इनेट्इङ् यान्ड् इलेक्ट्इङ् मेम्बर्ज्[८] खडा गरो सो बड्इमा शुरूको लागि–

| | |
|---|---|
| क) मदेशबाट जेठ रैती र जिमिदारले छानेको सदस्य | ४ |
| ख) पहाडबाट जेठ रैती र जिमिदारले छानेको सदस्य | ४ |
| ग) राजधानीबाट भाइभारादारले छानेको सदस्य | २ |
| घ) राजधानीबाट पढेलेखेका भलाद्मीले छानेको सदस्य | २ |
| ङ) राजधानीबाट महाजनहरूले छानेको सदस्य | २ |
| | १४ |
| च) नम्इनेट्इङ् मेम्बर्ज्[९] | १४ |

जम्मा २८ राख्न कसो होला ?

---

१. डिमक्रसि = प्रजातन्त्र । २. रिस्पन्सिब्ल् गभ्अर्न्मेन्ट = जवाफदेही सरकार । ३. इन्डिअन् स्टेट्स् = हिन्दुस्थानी राज्यहरू । ४. कन्स्टिस्टच्युशनल् रिफर्म्ज् इन्ट्रडच्युस् गरिरहेकाले = संविधानसम्बन्धी सुधार अघिल्तिर ल्याइरहेकाले । ५. फोर्स् = बल । ६. चेन्ज् = फरक । ७. रिफर्म् = सुधार । ८. बड्इ कन्सिस्टइङ् अफ् नम्इनेट्इट् यान्ड् इलेक्ट्इड् मेम्बर्ज् = आफैँले राखेका र चुनिएका सदस्यहरू भएको समूह । ९. नम्इनेट्इ मेम्बर्ज् = आफैँले राखेका सदस्यहरू ।

४) पहिले शुरूमा यिनीहरूलाई ल अफ् द ल्यान्ड्[१०] को रिफर्म्ज्बारे डिस्कस्[११] गर, हाल यो काम तिमीहरूलाई तालिम दिन सुम्पिएको हो, पछि कामको बाफिक हुँदै गए पछि अरू मोर् रिस्पन्सिब्ल्[१२] काम पनि दिनेछु भनी अनाउन्स्[१३] गर्ने । तर राजकाजी र जङ्गी ऐनमा हाल डिस्कस् गर्न नदिने ।

५) यहाँका र जिल्ला जिल्लाका म्युनिस्इपल्इटिज्[१४] इलेक्ट्इड् बड्इज्[१५]द्वारा चलाई पूरा जिम्मा उनीहरूलाई नै दिने बन्दोबस्त गर्ने ।

६) सिभ्इक् राइट्स्[१६]– फ्रीडम् अफ् स्पीच्, प्रेस् यान्ड् असोशिएशन्[१७]मध्ये कतिसम्म दिन ठीक पर्ला ?

७) यो रिफर्म्ज्को नतिजा हेरी २।२ वर्षबाद रिभाइज्[१८] गरी बढी अखत्यारी दिनेछु भन्ने पनि अनाउन्स् गर्नुपर्ला ।

भूमिकाको एक जवाफ र अरू दफा–दफाको एक जवाफ लेखी महत्त्वपूर्ण कुरा हुनाले राम्रो विचार गरी १५ दिनभित्र चढाउनू ।

माघ २००३

**[वि. सं. २०२७ मा प्रकाशित *नेपाली* (*त्रैमासिक*)को ४६ पूर्णाङ्कमा छापिएको नरेन्द्रमणि आचार्य दीक्षितको *नेपाली इतिहासको एक टुक्रा* भन्ने निबन्ध, सो अङ्कका ७८–७९ पृ., *डायरीका पाताबाटका* ५३–५४ पृ. । ती पुस्तकमा अङ्ग्रेजी शब्द रोमन लिपिमा छन् । ]**

---

१०. ल अफ् द ल्यान्ड् = मुलकी ऐन । ११. डिस्कस् = छलफल । १२. मोर् रिस्पन्सिब्ल् = बढी जवाफदेही । १३. अनाउन्स् = घोषणा । १४. म्युनिस्इपलइटिज् = नगरपालिकाहरू । १५. इलेक्ट्इड् बड्इज् = चुनिएको समूह । १६. सिभिक् राइट्स् = दुनियाँका अधिकार । १७. फ्रीडम् अफ् स्पीच्, प्रेस् यान्ड् असोसिएशन् = बोल्ने, लेख्ने र सङ्घ संस्था खोल्न पाउने स्वतन्त्रता । १८. रिभाइज = संशोधन । ]

२ परिशिष्ट

*श्री:*

नेपालसरकारको

# वैधानिक—कानून

संवत् २००४

गोरखापत्र छापाखानामा मुद्रित

मूल्य ।२५

# श्री ३ महाराजको भाषण

भाइ भारादार, सज्जनवर्ग, भाइ बहिनीहरू !

प्यारी मातृभूमि नेपालको समयानुकूल सुधारद्वारा समृद्धि र कल्याणमा कुन प्रकारबाट उत्तरोत्तर उन्नति हुन सक्ला औ देश र दुनियाँमा सुख शान्ति बढ्ला भन्ने प्रश्नको बारेमा मैले विचार गर्न थालेको धेरै काल भैसक्यो। सो तिमीहरूलाई थाहै छ। धेरैकालदेखिको मुलुकको शासनव्यवस्थामा सुधार गर्ने मेरो अभिलाषालाई कार्यरूपमा परिणत गर्न भनी अनेक विचार र सल्लाहबाट तैयार भएको राजनैतिक सुधारको योजनाको घोषणा गरू भनी आज तिमीहरू सबैलाई यहाँ बोलाउँदा मलाई कत्तिको आनन्द लागेको होला सो तिनीहरू अनुमान गर्न सक्नेछौ। श्री राम र श्री पशुपतिनाथको कृपाले मात्र राष्ट्रको गौरव बढ्ने छ, दुनियाँको सुख शान्तिमा अटल बृद्धि हुनेछ भन्ने दृढ निश्चयले आजको घोषणा गर्नेअघि वहाँहरूको पाउ संझी देश र दुनियाँउपर आशीर्वादका निमित्त प्रार्थना गर्दछु।

यो प्रिय भूमिको शासनभार उठाएदेखि नै मुलुकलाई कुन किसिमबाट उन्नत गराऊँ भनी मैले कोशिश गरेको तिमीहरूलाई थाहै छ। आर्थिक, सामाजिक, राजनैतिक प्रश्नहरू, शिक्षाको प्रचार, देशको उद्योग व्यवसाय र खेती बारीको उन्नति, स्वाथ्य सुधार, सबैतर्फ एकैसाथ दृष्टि पुऱ्याउनु परेको छ। तिनमध्ये राजनैतिक सुधार ता अरू विषयभन्दा पनि बढ्ता र पूरा विचार गरेर मात्र, राष्ट्रको हरेक अङ्ग प्रत्यङ्गका उपर पर्ने प्रभाव र गुण दोषको खयाल राखी, गर्नुपर्ने भएकोले यस्तो जटिल विषयमा सकभर विचार गरीकन मात्र काम गर्नालाई केही समय लाग्न-जानु स्वाभाविकै हो। अब आज प्रकाश हुने नयाँ विधानका विशेष विषयहरूका बारेमा तिमीहरूलाई केही भन्नेअघि हाम्रो मुलुकको वर्तमान शासनपद्धतिको एक छोटकरी बर्णन र इतिहास सुनाउन चाहन्छु।

यस मुलुकमा वारवार हलचल भै रक्तपातले गर्दा शान्ति सुख हराई यो राज्य डुब्न लाग्यो, हाम्रो स्वाधीनतासमेत हराउन आँटचो भनी दुनियाँ भारादार र सरकारको सम्मतिले हाल चलिरहेको थिति चलाई राणाजीलाई राज्यको मुख्य अभिभार सुम्पिन गएको हो। राणाजीको हातमा हुकुम आएको सय वर्ष नाघ्यो। यो सय वर्षमा ऐनकानून र स्थिति, शान्ति सुरक्षा र अभय, भित्र बाहिरको सलतनत, र देशोन्नति के कति भयो मैले भन्नुभन्दा इतिहासले बताउनेछ।

एकतर्फ बिशाल चीन साम्राज्य, अर्कोतर्फ अंग्रेजी शक्तिको उर्लंदो बाढी उठेर आएको समयमा समेत बीचमा पर्न गएको यो सानु पहाडी देशको स्वतन्त्रता कायम रही संसारमा नेपालले स्वाधीन राष्ट्रहरूका बीचमा आफ्नो स्थान कायम गरी राख्न सक्नु यो पनि देशका शासक राणाजीहरूले न्यायोचित गर्व लिन सक्ने कुरा हो ।

सरकारलाई शिरमा, दुनियाँलाई काखमा राखी शास्त्रोक्त हिन्दू वैधानिक राज्यको झण्डा फर्फराई हामीले राजा रैतीको धर्म थितिबाट काम चलाइआएका छौं । दुनियाँकै भलाइको खातिर हामी खडा हुन आएका व्हौं । दुनियाँको खातिर जो पनि गर्नुपर्ला सो गर्नालाई तयार र तत्पर छौं, यो राम्ररी बुझी दिलजमी गर ।

यति लामु अवधिभरी दुनियाँलाई राज्यब्यवस्थामा सरीक गराउने प्रयत्न हुँदै नभएको होइन, तर समय नआइपुगेकाले ती सबै प्रयत्न निष्फल भए । जस्ता कि संवत् १९०८ मा वसन्तपुरमा पार्लिमेण्टरी कचहरी खडा भयो । सरकारलाई बेलायतको थिति बेस लागी यहाँ पनि प्रजाहरूको सम्मति सरीक गराई सोही पार्लिमेण्टरी विधान चलाउनाको इच्छा भयो । तर दुनियाँहरूले पहिले बहुनायक भै बिग्रेको यो नेपाललाई अनेक देशी चाला झिकी डुबाउन लागे भन्ने प्रष्ट नामंजूरी देखाएकोले सो पार्लिमेण्टरी योजना छोड्न करै लाग्यो । फेरि १९७५ सालमा, सोही मुराद ली पहिलो खुडकिलाको स्वरूपमा, म्यूनिसिपलिटीमा निर्वाचनको प्रथा चलाउनाको चेष्टा भयो । तर शहरमा सदस्यको चुनाव हुँदा बहुतै हलचल भयो । शहरका बाशिन्दामा परस्पर मेल र सहयोग भैरहेको ठाउँमा साम्प्रदायिक झगडा र अशान्ति फैलियो र सरकार आफैले सदस्य चुनी काम चल्ने प्रबन्ध भयो ।

हाम्रो मुलुकका अधिकांश जनताले यसरी वारंवार हामीमा पत्यार र स्नेह देखाई हामीलाई शोभित गराए तापनि कालानुसार तिमीहरूले पनि शासनप्रबन्धमा हिस्साली हामीलाई मद्दत नगरेदेखि संसारमा तिमीहरू नसक्ने, हामीहरू नदिने, भन्ने अपवाद फैलिने भयो । मेरो आफ्नो उद्देश्य के हो तिमीहरूले विधानको भूमिकाबाट थाहा पाउने छौ ।

सुधारको विषयमा मैले तिमीहरूलाई पहिलो सूचना २००३ सालको फालुन २ गतेका दिन निम्नलिखित शब्दमा गरेको थिएँ । "एक अर्को कुराको सूचना तिमीहरूलाई भन्न चाहन्छु । संसारमा हालै धेरजसो चलिआएको व्यवस्थानुसार हाम्रो यहाँको राज्यव्यवस्थामा पनि प्रजालाई अहिलेभन्दा पनि बढी सरीक गराउने प्रबन्ध बसाल्नाले देशको उन्नतिमा ठूलो मद्दत हुन जाला भन्ने लागी भाइछोरा र भारादारहरूको राय लिनलागेकोछु । यस्तो जटिल कुरामा राम्रोसँग सबैतिरको विचार पुऱ्याईकन मात्र ठेगान गर्नु पर्ने हुनाले झट्टै हुन नसक्ने तिमीहरूलाई थाहै छ । सबैसँग छलफल गरी यस बारेको ठेगान लाग्नासाथ तिमीहरूलाई फेरि जम्मा गरी सो सबैको सल्लाहले ठेगान भएको ठहर सुनाउनेछु ।" सोही साल पौषदेखि नै तीस बर्ष नाघेका

रोलवाला भाइछोराहरूको राय बुझ्न शुरू गरेको थिएँ । उनीहरूले पनि मेरो विचारलाइ समर्थन गरी मलाई पूरा सहायता दिए त्यस पछि अरू भाइभारादारलाई पनि सोध्ने काम गरें । उनीहरूले केही ता गरिवक्सनु पर्ला तर हामी चार वर्ण छत्तिस जात छौं, थिति नखल्वलिने गरी क्रमैसँग तालिम गरिवक्सनु पर्ला भने । यी सव कुराहरूउपर विचार गर्न र पेश भएका बिभिन्न राय केलाउन भनी सुधारसमिति २००४ वैशाख मैन्हाको शुरूमा खडा भएको हो । सुधारसमितिका सदस्यले आफूमा छलफल गरी हिन्दुस्थानबाट आएका विशेषज्ञहरूसँग परामर्श पनि गरे । विधानको तर्जुमा चाँडै नै तयार भए तापनि त्यसलाई चालु गराउनलाई चाहिने नियम र उप नियमहरू बनाउनालाई निज विशेषज्ञहरूले समेत सहसा गर्न नसकी ठाउँ ठाउँका पुस्तकालयहरूबाट मरमद्दत लिनुपर्‍यो । सवैं कुराको बिचार गर्दा यस्तो कठिन काम हाम्रो यहाँ वेसै चाँडो र सुलभसाथ भएको रहेछ भन्ने म देख्तछु अब नयाँ तरजुमा भएको विधानको ऐन सुन ।

. . . . . .

आशा गर्छु कि तिमीहरू सवैले वैधानिक ऐन ध्यान पूर्वक सुनेका होउला । यसका विशिष्ट अङ्गहरूका बारेमा पनि यो ऐनको उद्देश्य र अर्थका बारेमा प्रकाश दिन चाहन्छु ।

ऐनको भूमिकाबाट हाम्रो लक्ष्य र अभिप्राय के रहेछ सो बुझिसक्यौ होउला, हेर, यही शासनप्रणाली नै सबभन्दा उत्तम हो भन्ने कुरामा संसारको इतिहासभरीमा पनि एक राय भएको देखिन्न, न ता संसारभरीका राष्ट्रहरूका प्रतिष्ठित व्यक्तिहरू जम्मा भई बनेको सम्मिलित राष्ट्रसंघले पनि सो कुराको ठेगान गर्न खोजेको वा सकेको छ । संसारमा भिन्न भिन्न समयमा भिन्न भिन्न प्रकारको शासनव्यवस्था प्रचलित थिए, कहिले साम्यवाद, कहिले राजतंत्र, र बीचबीचमा ऐकाधिपत्य पनि चलेको थियो । अहिले पनि भिन्न भिन्न देशमा भिन्न भिन्न राज्यप्रणाली चलिरहँकै छन् । सुशासनको एक मात्र लक्षण के हो भने यसबाट सवभन्दा बढी दुनियाँको सबभन्दा बढो हित हुनुपर्दछ, अथवा जुन शासनबाट थिति राम्रो हुन्छ, शान्ति र सुखको उन्नति हुन्छ, त्यही शासनप्रबन्ध बेस हो ।

मौलिकहकका बारेमा, संसारका प्रमुख राष्ट्रहरूमा ती जुन प्रकारसँग प्रचलित छन्, हामीले पनि तिनलाई सोही ढंगमा तर्जुमा गरेकाछौं । अगि यस विषयमा हाम्रा ऐन कानून अपूरा थिए, अहिले हामीले तिनलाई हिन्दुस्थान र अरू उन्नत मुलुकका सरह पार्ने उद्योग गरेका छौं । आमश्रृङ्खला र सदाचारको चरम आवश्यकताको हद भित्र रही सवै जनाले चलन पाउने कुरामा केही बन्देज रहनुपर्दछ भन्ने तिमीहरूले बुझेकै छौ । दुनियाँको हक र कर्तव्य दुवै हुन्छन् । औ दुवै आम भलाइका निमित्त व्यवहृत हुन्छन् । कुनै दुइ देशको चलन र आवश्यकता पनि एकनास हुँदैन, तसर्थ हाम्रो देशलाई सुहाउने, औ आवश्यकीय खास गरी धर्मको कुरामा बाहेक, अरू विषयमा अरू मुलुकहरूमा चलिरहेको भन्दा बढ्ता बन्देज हाम्रो मुलुकमा लगाउने

सरकारको इरादा छैन ।

मन्त्रीमण्डलको सृजना र त्यसमा निर्वाचित सदस्यहरूका प्रतिनिधिहरूलाई समेत स्थान दिएको र शासन–समितिको स्थापनाबाट समेत शासनकार्यमा दुनियाँलाई सरीक गराउने हाम्रो अभिप्राय स्पष्टै छ ।

केन्द्रीय–सभाको लागि प्रतिनिधि चुन्ने विषयमा एक मौलिक योजना तयार भएको छ । पाश्चात्य देशको चुनावको ढंगलाई परम्परादेखि चलिएको हाम्रो संस्कृतिलाई सुहाउने पञ्चायती प्रणालीमा ढाल्नाको उद्योग भएको छ । उमेर पुगेका सबैलाई चुनावको हक दिइएको छ, तर यसमा सरकारले एक कुरा विशेष ध्यान दिनुपर्ने देखिन्छ । मुलुकभरका असल, लायक र जेहनदार निर्वाचित प्रतिनिधि केन्द्रमा आई सरकारलाई मद्दत गरून् भन्ने अभिलाषा सरकारको छ, तर यो निर्वाचन वा चुनावको सिलसिलाले गर्दा मुलुकमा झैंझगडा र अशान्ति फैलिन गयो भने बडो नराम्रो कुरा हुन जानेछ, सो सरकारले कदापि हुन दिनेछैन । मुलुकलाई दल पद्धतिको भुवँरीमा धकेली उम्मेदवारको योग्यताबाट भन्दा दल वा समूहको बन्दोबस्तको जोरले निर्वाचन हुन जाने प्रथालाई सरकारले कुनै हालतमा पनि प्रोत्साहन दिनेछैन । निर्वाचनपद्धतिले गर्दा सबभन्दा योग्य व्यक्तिलाई अगाडि ल्याउदामा मद्दत हुने हुनाले सो प्रारम्भ गरिएको हो, तर त्यसका साथसाथै चुनाव गर्दाको अधिक खर्च, दिक्कत र पीर, र कलहलाई पनि सँगसँगै हाम्रो राजनैतिक जीवनमा घुस्न दिन हुँदैन ।

केन्द्रमा दुइ सभा हुनु पनि एक सर्वस्वीकृत सिद्धान्त हो । संसारका प्रायः सबै देशमा दुइ सभा भएका व्यवस्थापक समुदायहरू रहेको सबैले थाहा पाएकै छन् । हाम्रा दुबै सभाहरूमा नियुक्त सदस्यहरू पनि राखिएका छन् । मुलुकमा मानिसहरूमा प्रशस्त मात्रामा राजनैतिक शिक्षा हुन नगएसम्म यस किसिमका प्रतिनिधिहरू रहनु राज्यको कामकाजको लागि आवश्यक छ । निर्वाचनमा राम्रो स्थान पाउन नसक्ने विशेष स्वार्थहरूलाई पनि व्यवस्थापकसभामा स्थान दिइएको छ । यो सभाको अख्तियारी प्रायः हिन्दुस्थानसरकारको सन् १९३५ को विधानमा रहेको अख्तियारीबमोजिम छ ।

मुलुकको आम्दानीखर्चको विषयमा पनि धेरैलाई भ्रम परिरहेको छ । अब ता यो कुरा पनि व्यवस्थापक सभाको अख्तियारीभित्र परेकोले सो भ्रम हट्नजाला भन्ने उम्मेद गरेको छु । विधानमा एक प्रधान जाँचकी राख्ने प्रबन्ध भएकोबाट पनि यस विषयको संदेह हटाउने हाम्रो उद्देश्य बुझ्नेछौ ।

सरकारको विशेष अख्तियार र थिति नै तोडिन जाने अपरझटको संकट अवस्था परिआएमा त्यसको सामना गर्नेलाई प्राइमिनिष्टरले नयाँ विधान खिच्ने अख्तियारको बारेमा मैले केही भन्नुपर्ने होइन । विशेष अवस्थालाई विशेष अख्तियार जुनसुकै देशको विधानमा पनि रहेको हुन्छ ।

सकेसम्म स्वाधीन न्यायाधिकार खडा गर्ने हाम्रो प्रयत्न यो घोषणाबाट देखिहाल्यौ। कोही बिलकुल बिरानो प्रणाली आफ्नो मुलुकमा सार्नुभन्दा आफ्नै पुरानो थितिलाई चाहिएको सुधार गरी सपार्नु बेस ठानी हाम्रो प्राचीन पंचायती अदालतलाई नै न्यायको जग पारेकाछौं। त्यसबाट धेरै सानातिना कचिंगल शुरूमै मिल्न जाने भै दुनियाँमा झगडाको बोझ कम पर्न जाला भन्ने उम्मेद राखिएकोछ। माथिल्लो तहमा न्यायपूर्णतया स्वाधीन र राष्ट्रको कार्यकारिणीबाट पृथक् राखिएको समेत बुझ्ने छौ। न्यायाधीशहरूलाई उमेरको हदभित्रसम्म व्यवस्थापक सभाले दोषी नठहराई नझिक्ने, उनीहरूको तलपमा पनि जथाभाबी घटबढ नहुने, आफ्नू धर्म र कर्तव्य सम्झी उनीहरूले गरेको काममा अन्त कतैबाट दबाउ अथवा बात नलाग्ने प्रबन्ध भएकोबाट पनि यो मुराद सफल हुनेछ भन्ने अनुमान गरिएको छ।

अर्को एक मुख्य कुरा पनि तिमीहरूले बिचार गऱ्यो होउला। हाम्रो विधानलाई अरू धेरै मुलुकमा भएजस्तो निश्चल र अशिथिल बनाएका छैनौं। अहिलेलाइ मुलुकको वर्तमान परिस्थितिलाइ सुहाउँदो जो जति गर्नुपर्ने मुनासिब ठहऱ्यो सोबमोजिम गरेकाछौं। हाम्रो विधानमा कुनै कुनै कुरा बिलकुल मौलिक परेको छ, कुनै कुनै कुरामा बिभिन्न मुलुकको विभिन्न समयको स्थितिअनुसारको बन्दोबस्तको अनुकरण भएको छ। हाम्रो मुलुकलाइ यसबाट कतिसम्म फाइदा हुन्छ, कतिसम्म हाम्रा दुनियाँले यसलाइ अपनाउन सक्तछन्, सो हेरी समय समयमा विधानको परिवर्तन र विकाशको ठाउँ पनि राखिएको छ।

अब तिमीहरूलाइ भन्न पर्ने धेरै केही छैन। अरु अरु राष्ट्र र हाम्रा छिमेकी राष्ट्रमा पनि दुइ तीन सिंडीमा लामुलामु अन्तरपछि भएको वैधानिक सुधार हामीले यहाँ पहिल्यै फड्कामा गर्न लागेकाछौ। यो स्नेहप्रेरित प्रयत्न कतिको सफल हुन्छ सो तिमीहरु यस पद्धतिबमोजिम काम गर्ने र अभिमारा बोक्ने सज्जनवर्गमाथि निर्भर छ। मानिसले गरेको कुनै कुरा पनि पूर्णतया दोषरहित हुन सक्तैन, खोट जुन कुरामा पनि झिक्न सकिन्छ, तर पाठ्यपुस्तकमा रहने प्रकारको समालोचनाले हाम्रो राष्ट्रनिर्माणको महान प्रयत्नमा के सहायता हुन्छ! सो ता स्कूल कलेजमा हिन्दुस्थान र अरु राष्ट्रहरूका राजनैतिक बिधानको अध्ययन गर्ने प्रत्येक विद्यार्थीले पनि कण्ठाग्र दोहऱ्याउन सक्तछ। तर मलाई हाम्रा नागरिकहरूको सुबुद्धि र सदभावमा पूरा विश्वास छ। खोट झिक्ने र टीका टिप्पणीको अभ्यासले आफ्नो ध्येय कदापि लाभ गर्न सकिन्न। यस्तो विशाल र महान् काममा मेहनत र सहयोगद्वारा सरकारलाई मद्दत गर्दै आफ्नू योग्यता बढाउँदै र देखाउँदै लगी कुन् कुन् बढ्ता जवाफदेहीको लायक बन्दै जाने सुमार्ग समात्ने छन् भन्ने मैले पूरा भरोसा गरेको छु। त्यसो भएमा मात्र मुलुकमा शान्ति र थिति कायम भै उन्नतिमार्गमा अग्रसर हुन सकिन्छ।

हेर, कति मुलुक छन् जहाँ सरकार र दुनियाँ सबै मिली उन्नति हुन र समृद्धि बढाउन-

लाई निरन्तर चेष्टा गरिरहेका छन्, तर कलह र घरझगडाले गर्दा कतिको उन्नतिमार्गको वेग काटिएर दुःख र अभावसमेतमा रङमङिनु परिरहेछ । यस्तो अवस्थाबाट हाम्रो प्यारो मुलुकलाई बचाउनु शासकहरूको प्रथम कर्तव्य हो । अहिले पनि थुनुवामा रहेका मानिसहरूलाई छोडिदिने हाम्रो मनसाय थियो, उनीहरुमध्ये कम कसुर देखिएका जति त छुटी पनि सके बाँकी रहेकाको हकलाई उनका सहयोगीहरूले हाम्रो छिमेकी मुलुकमा सन १९४२ मा राजनैतिक आन्दोलनले गोलमाल र रक्तपातको रूप लिएको दृष्टान्त देखाई धमकी दिने गरेकोले यस्तो अवस्थामा दया र सद्भाव देखाउने मौका छैन भन्ने मेरा भाइहरुको सल्लाह र पुलिसविभागको रिपोर्टसमेत भएकोले अहिले तिनलाइ रिहाई दिन सकिएन ।

यो नयाँ सुधारबाट फायदा उठाई शान्ति र शृङ्खलाको बाटोबाट राजा प्रजा सबै उन्नति र ऐश्वर्यको शिखरतिर बढ्न जाऊन्, भूलचूकमा परेकाहरूको पनि उद्धार भएको देख्न र सुन्न पाउँला भन्ने आशा राखेको छु । मेरो ता उमेर पुगिसकेको छ, स्वास्थ्य पनि ठीक छैन, यो नयां विधान भाई कम्याण्डरइनचीफ र कम्यांडिङ्ग जर्नेलहरु बसी छलफल गरी उनीहरूले पनि ठहराए-बमोजिम बनेको हो । यसको कार्यक्रम र फल राम्ररी देख न अलि वर्ष लाग्नेछ । आफैले देख्न नसके ता पनि सुचारुरूपले चलेको अवश्य सुन्न पाउँला भन्ने आशा राखेको छु मेरा भाइहरू सुयोग्य र बुद्धिमान् छन् । मैले जुन जे जति काम गरेको छु सो सबैमा उनीहरुको सहमति र सहयोग पाएको छु । तसर्थ अहिले मैले प्रारम्भ गरेको सिद्धान्त र पद्धतिको उनीहरूबाट पनि अनुकरण मात्र होइन कि त्यसको विकास र उन्नति पनि जरुरै हुनेछ । यसमा मैले केही सन्देह मानेको छैन, औ तिमीहरुले पनि मान्नुपर्दैन ।

मेहनत र तत्परतासाथ यो विधान तैयार गराउन मद्दद गर्ने सुधारसमितिका सदस्यहरूलाई धन्यवाद गर्दछु ।

जसको कृपा र सुदृष्टिले आफ्ना प्यारा दुनियाँको हितको लागि आजको घोषणा सुनाउने मौका पाएँ वहाँ श्री राम र श्री पशुपतिनाथको जय पुकारा गरी तिमीहरु सबै जम्मा भएकालाई धन्यवाद दी आजको कार्रवाई समाप्त गर्दछु । वहींहरुबाट देशका सम्पूर्ण वाशिन्दाहरुलाइ आज प्रकाश भएको विधानद्वारा राष्ट्र र दुनियांको उत्तरोत्तर हित र कल्याण गराउने सुबुद्धि मिलोस् ।

मैले गर्न आँटेको कुरा आज तिमीहरु सबैलाइ सुनाउन पाउनाले आज मेरो दिल जति खुशी भएको छ त्यति खुशी मेरो जिन्दगीमा कहिल्यै भएको थिएन न पछि कैल्यै होला ।

# प्रस्तावना

आगे नेपाल भरमुलुकका भाइभारादार साहुमहाजन रैयत दुनियाँ गैन्हके यथोचित उप्रान्त संबत् १९०३ सालदेखि श्री ५ महाराजाधिराजहरूबाट समय २ मा पाला पालाका श्री ३ महाराजहरूलाई बक्सेको भरमुलुकको शासनसंबन्धी अख्त्यारको पंजापत्रबमोजिम हामीबाट मुलुकको हाल हुकुम पाई काम चलाई आएकोमा श्री पशुपतिनाथसुरक्षित यो पुण्यभूमि नेपाललाई सामाजिक, आर्थिक, राजनैतिक, सबै सुधारद्वारा संसारका अग्रगामी राष्ट्रहरूको उन्नतिको दाँजोमा पुऱ्याउने हाम्रो गाढा इच्छा भएको हुनाले,

र परंपरादेखि चलिआएको आफ्नो संस्कृतिको अनुकूल पंचायतप्रणाली र अरू सोही प्रकारका संस्थाको पुनरुत्थानद्वारा हाम्रा प्यारा प्रजालाई राजप्रणालीको हरेक अङ्गमा क्रन् क्रन् बढी मात्रामा सम्मिलित गराई मुलुक र दुनियाँको उत्तरोत्तर वृद्धि गराउने हाम्रो इदमित्थ नीति भएकोले,

र यस किसिमको बृद्धिक्रमशः यथासमय मात्र हुन सक्ने औ नयाँ अख्तियारी अनुसार काम गर्नेहरूको सहयोग र नयाँ अविभारा चलाइएको कुशलतावाट थप अधिकारको निर्णय हुनुपर्ने भएकोले,

र हामीबाट यस कुरामा तुरुन्त कदम बढाइबक्सने बखत आयो भन्ने ठहराइबक्सेकोले,

स्वस्तिश्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाह गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधवीरूदावलीविराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वलनेपालतारा ॐराम अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपतीनाम् सदा समरबिजयिनाम्बाट,—

यस नेपालराज्यको सिंहासनारुढ होइबक्सेको छत्तीसौं वर्षमा हामी स्वस्तिश्री ३ महाराज मर्दतिप्रचण्डभुजदण्डेत्यादि ओजस्वी राजन्यप्रोज्ज्वल नेपालतारा ॐराम अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखा दक्षिणबाहु पृथुल धीश नेपालप्रतापवर्धक पद्मशमशेर जङ्गबहादुर राणा जी. सी. यस. आई; जी. वी. ई; के. सी आई. ई; यस. टी. आर. के; जी. सी. यल. यम. थ. चुङ्ग त्हा. सु, पावटिङ्ग शुन च्याङ्ग, सैनिक दीर्घ सेवा पट्ट, आनरेरी लेफटेन्यान्ट जनरल बृटिश आर्मी आनरेरी कर्णेल अफ अल दि गोरखा राइफल रेजिमेन्टस अफ अल दि ईन्डियान आर्मी लुह चुयान श्याङ्ग च्याङ्ग प्राइमिनिष्टर याण्ड सुप्रीम कम्यान्डरइनचीफबाट,—

यो नयाँ बिधानको ऐन जारी गरिबक्सेको छ ।

—○—

भाग १

# भूमिका

१. यो घोषणा संबत् २००४ सालको "नेपालसरकार वैधानिक कानून" को नामबाट उल्लेख गरिनेछ।

२. यो कानून संबत् २००५ साल वैशाख १ गतेदेखि जारी हुनेछ, तर स्थानीय परिस्थिति वा अरू कारणबाट यो विधानका सबै दफाहरू एकै पटक सबै ठाउँमा चालु हुनु श्री ३ महाराजबाट सम्भव देखिबक्सेन भने जुन २ दफा जुन २ ठाउँमा जस २ बखत चालु हुन सक्छ सोहोबमोजिम गर्न गराउन लगाइबक्सिनेछ तर २००५ सालको अन्तसम्ममा सबै दफा मुलुकभर जारी भैसक्नेछन्।

३. श्री ५ महाराजाधिराज र श्री ३ महाराजको गद्दी रोलको उत्तराधिकार क्रमपरम्परादेखि चलिआएको रीत रिबाज बन्देज कानूनबमोजिम कायम रही सधैंको निमित्त अपरिवर्तनीय र अविच्छेद्य रहनेछ।

भाग २

# मौलिक हकहरू

४. लोकनीति र सदाचारका सिद्धान्तहरूको बखिलाप नगरी र मौलिक हकहरुका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक्स्वतन्त्रता, प्रकाशनस्वतन्त्रता, सभा वा संघस्वतन्त्रता, धार्मिकस्वतन्त्रता, ऐनकानूनी पूर्णसमानता, छिटो र सुलभसाथ पाइने इन्साफ मुलुकभर, अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले वोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्तिसंरक्षणका हकहरू दिने काम भएको छ।

५. शारीरिक, मानसिक र आर्थिक क्षमतानुसार मुलुकको सुरक्षा र कल्याणको निमित्त

शारीरिक र मानसिक परिश्रम गर्नमा तत्पर रहने, सरकारलाई दिनुपर्ने कर रकम दिने, लोकहित हुने काममा सहायता दिने, श्री ५ महाराजाधिराज र श्री ३ महाराजहरूमा सच्चा राजभक्तिका साथ साथ नेपालराज्य र नेपालराज्यको विधानपद्धतिमा इमानदारीसाथ सद्भाव राख्ने काम प्रत्येक नागरिकको कर्तव्य हुनाले सो बमोजिम सबैले गर्नुपर्नेछ ।

भाग ३

## कार्यकारिणी सभा

६. यस कानूनमा लेखिएबमोजिम नेपालको शासन अधिकार श्री ३ महाराजमा रहेको हुनाले शासनसम्बन्धी सबै काम मौसुफबाटै वा आफनू अधीनका कर्मचारीहरूद्वारा संचालन हुनेछ.

७. (क) मुलुकको शासन अधिकार संचालन गर्ने काममा श्री ३ महाराजलाई मद्दत र सरसल्लाह दिनानिमित्त व्यवस्थापक सम्मेलनका सदस्यहरूबाट एउटा मंत्रिमण्डल मुकरर हुनेछ ।

(ख) सो मंत्रिमण्डलमा ५ जनामा नघटाई श्री ३ महाराजबाट बखत २ मा तोकिबक्सेबमोजिम सदस्यहरू रहने छन् । सो सदस्यहरूमध्ये कमसेकम २ जना व्यबस्थापकसम्मेलनका निर्वाचित सदस्यहरूबाट मुकर्रर हुनेछन् ।

(ग) व्यवस्थापक सम्मेलनमा ओहदाको हैसियतले सदस्य हुने पंचायतहरूका सभापति र उप-सभापतिहरू पनि निर्वाचित सदस्यहरूसरह मानिने छन्.

८. (क) मंत्रिमण्डलको बैठकमा श्री ३ महाराज वा मौसुफको अनुपस्थितिमा मुखत्यारबाट सभापतिको आसन ग्रहण गरिबक्सने छ । मंत्रिमण्डलका सबै सदस्यहरू श्री ३ महाराजबाट यस विषयमा बनाइबक्सेको नियममा रही श्री ३ महाराजप्रति उत्तरदायी हुनेछन् ।

(ख) श्री ३ महाराजबाट मंत्रिमण्डलका सदस्यहरूलाई विभिन्न विभागको कामको बाँडफाँड र त्यससम्बन्धी स्थानको क्रमसमेत मुकर्रर गरिवक्सने छ ।

९. (क) श्री ३ महाराजबाट नियुक्त भएपछि मन्त्रिमण्डलका सदस्यहरूले तोकिएको धर्म भाकी चार वर्षसम्म काम चलाउनेछन् ।

(ख) सो समयभन्दा अगाडि मंत्रिमण्डलका सदस्यहरूमध्ये कसैले:--

(१) आफ्नू कामको अविभाराको राजिनामा लेखी श्री ३ महाराजमा चढाए भने वा

(२) श्री ३ महाराजको तजवीजमा विश्वासपात्र ठहरिएन भने वा

(३) उनीहरूले कुनै किसिमको बेकाइदा गरेको स्वीकार गरे वा सो गरेको मंत्रिमण्डलको गोप्य बोटले ठहरायो भने

मात्र आफ्नू कामबाट झिकिने छन् ।

(ग) तर (१) र (२) दफाबमोजिम झिकिएका सदस्यहरू आफ्नो म्यादभित्रसम्म व्यवस्थापक सभामा भने बस्न पाउनेछन् ।

१०. श्री ३ महाराजबाट समय २ मा निश्चित गरिबक्सेमुताबिक मंत्रीहरूले तलव र भत्ता पाउनेछन् ।

११. (क) मन्त्रिमण्डलबाट मुलुकको सबै काममा रेखदेख पुऱ्याइनेछ, तर व्यवस्थापक सभाको हद-बाहिरका विषयहरूमा विशेष ध्यान दिइनेछ । सबै शासनविभागको नीति कायम गरी यसलाई दरकार हुने अनजामी आमदानी खर्चको फाँट निरीक्षण गरी सरकारतर्फबाट व्यवस्थापक सभामा रहने कानूनका मसौदाहरूको छलफल र हरेक शासनविभागमा सहयोग र संगठन कायम गर्नेछ ।

(ख) हरेक विभागका मंत्रीहरूले यो ऐनका हदभित्र र मंत्रिमण्डलले कायम गरेको नीतिभित्र रही आफ्नो विभागको शासन चलाउन आफ्नै तजबीजले काम गर्नेछन् र आफ्ना विभाग-हरूलाई चाहिने आम्दानी खर्चको फाँटवारी कायम गरी मन्त्रिमण्डलमा पेस गर्नेछन् । सो काम गरेकोमा मंत्रिमण्डलप्रति जवाफदेही हुनुपर्नेछ औ श्री ३ महाराजबाट चाहिबक्सेका सबै कागजातहरू पेस गर्नु पर्नेछ ।

१२. (क) कानूनी विषयमा समय २ मा सरकारलाई आवश्यक परेको राय सल्लाह पेस गर्नलाइ एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ महाराजबाट नियुक्त हुनेछ ।

(ख) प्रधान कानूनी सल्लाहकारको हरएक अड्डा अदालतमा गई सरकारतर्फबाट छलफल गर्ने अधिकार रहने छ ।

(ग) उसको बहाली र तलब भत्ता श्री ३ महाराजको तजवीजबाट हुनेछ ।

१३. सरकारको शासन नीति कायम हुँदा व्यवस्थापक सभाको रायसमेत पेस भई काम कार्वाई चलोस् भनी विभिन्न विभागलाइ सहायता र सरसल्लाह दिनानिमित्त व्यवस्थापक सभाका सदस्यहरूबाट शासनसमितिहरू खडा गराइबक्सने छ ।

१४. (क) व्यवस्थापक सभाले पाएको अखत्यारीभित्रका र अरू बिभागहरुमा समेत श्री ३ महा-राजको तजबीजबाट यी समितिहरु रहनेछन्.

(ख) यसको लागि व्यवस्थापक सभाबाट सदस्यहरू छान्नाका लागि राष्ट्रसभाबाट एक समिति श्री ३ महाराजबाट नियुक्तगरिबक्सिनेछ.

(ग) हरेक शासनसमितिमा कमसेकम ४ सदस्यहरू रहनेछन् र जुन विभागको निमित्त खडागरि-एको छ सोही बिभागको मंत्री त्यस शासनसमितिको सभापति हुनेछ ।

(घ) आफूलाई तोकिएका विषयहरुको शासन नीति, काम कार्वाई यी समितिहरुले संचालन गर्नेछन् । तर दैनिक कार्यक्रम बहाली वर्खासी र रोलमा भने बिभाग मंत्रीको पूरा अधिकार रहने छ ।

१५, यी समितिहरुका कार्यक्रम र नियमहरू सरकारबाट बन्ने छन् ।

## भाग ४

## व्यवस्थापक सभा

# (क) पंचायती सभा

१६. सरकारबाट बनेका नियमानुसार योग्य ठहरिएका उमेर पुगेका जनताको बोट द्वारा ५ देखि १५ निर्वाचित सदस्यहरुको एक "ग्राम पंचायत" हरेक ग्राम वा ग्रामसमूहमा रहने छ । यिनीहरुले आफ्नै प्रधान पंच चुन्ने छन् ।

१७. हरेक शहर वा बजारको नागरिक क्षेत्रमा पनि त्यस्तै किसिमबाट १० देखि ५० निर्वाचित सदस्यहरूको एक 'नगर पंचायत" रहने छ.

१८. हरेक ग्रामपंचायत र नगरपंचायतका सभापतिहरुले आफसबाट र आवश्यक परेमा आफ्ना सदस्यहरुबाट १५ देखि २० सदस्य छान्ने छन् । यिनीहरु र नियममा उल्लेख गरिएका बिशेष प्रतिनिधिसमेत भै तिनीहरुको समूहबाट सरकारले तोकिदिएका स्थानहरुमा एक एक 'जिल्लापंचायत' रहनेछ । यिनीहरुले पनि आफ्नै प्रधान पंच चुन्ने छन्.

१९. सरकारको रेखदेख अधीनमा रही आफ्ना आमदानीले भेट्टाएसम्म ग्राम नगर र शहर पंचायतलाई आफ्ना इलाकाभित्रको जनताको समृद्धि कल्याण र शिक्षासम्बन्धी कामहरू सुघर, सफाई, सडक, ढल, पूल, पौवा, पाटी, धर्मशाला, बाँध पैन बनाउने, गौचर राख्ने, बत्ती, पानीको इन्तजाम, हाट, बजारको बन्दोबस्त, प्रारम्भिक र आधार शिक्षा, घरेलु इलमद्वारा बेइलमीलाइ रोजगारको बन्दोबस्त इत्यादि जनताको आर्थिक सामाजिक उन्नति र सुख शान्ति हुने काम गर्ने अधिकार दिइएकोछ । ग्राम र नगर पंचायतहरुले जिल्ला पंचायतको रेख देख अधीनमा रही माथि लेखिएको काम गर्नेछन् ।

२०. जिल्ला पंचायतहरूले आफ्नो आफ्नो जिल्लाको निमित्त सरकारबाट पाएको पूँजो

(रुपियाँ) आफ्नो कामको निमित्त आधा राखी बाँकी आधा आफ्ना मातहतका पंचायत-हरूलाई बाँडनेछन् । सो बाँडि दिंदा पंचायतहरूले आफ्ना इलाकाबाट जति रुपियाँ उठाउन सक्दछन् सकेसम्म उत्ति नै दामासाइले जहाँसम्म हुन्छ मिलाई बाँडिदिनुपर्छ, इलाका इलाकाका पंचायतहरूले सो रुपियाँ सरकारबाट बनाएको नियमबमोजिम खर्च गर्नु पर्ने छ ।

२१. जिल्ला पंचायतले आफ्नो मातहतभित्रका ग्राम र नगर पंचायतहरूको काममा सहयोग र संगठन कायम गर्ने र बडाहाकिमलाई जिल्लाको तरक्कीविषयको नीति कायम गर्न सर-सल्लाह र चाहिएको मदद दिनेछ । सरकारबाट समय २ मा तोकिदिएका अरू कामहरू पनि जिल्ला पंचायतले गर्नेछ ।

# (ख) केन्द्रिय सभा

२२. (क) श्री ३ महाराज, राष्ट्रसभा र भारादारीसभाबाट नेपालको ब्यवस्थापकसभा बन्नेछ ।

(ख) राष्ट्रसभामा फेहरिस्त 'क' बमोजिमका निर्वाचित र सरकारबाट नियुक्त भएका सदस्यहरू गरी ६० मा नघटाई र ७० मा नबढाई सदस्यहरू रहनेछन् । यी २ किसिमका सदस्यमा ३ र २ को दामासाईले ( वा सोभन्दा सकेसम्म नजीक अनुपातमा) सदस्य मुकर्रर हुनेछन् ।

(ग) भारादारी सभामा सकभर सबै संस्था, पेशा, रोजगार र विशेष योग्यताद्वारा मुलुकको गौरव बढाएका ब्यक्तिहरूको ख्याल राखिबक्सी श्री ३ महाराजको तजबीजबाट घटीमा २० र बढीमा ३० सदस्य नियुक्त गरिबक्सिनेछ ।

(घ) यो व्यवस्थापक सभाका लगभग चतुर्थांश सदस्यले प्रत्येक वर्ष पद त्याग गर्ने छन् र तिनीहरूको स्थानमा नयाँ सदस्य निर्वाचित वा नियुक्त हुनेछन् । पहिला ३ वर्षमा साल-सालै बदली हुने सदस्यका फेहरिस्त शुरुसै सभापतिद्वारा मुकर्रर हुने छ ।

२३. (क) ब्यवस्थापक सभाका दुवै सभाको बैठक कमसेकम वर्षको दुइ पटक हुनेछ ।

(ख) सोबाहेक यस विषयमा बनेको नियमअनुसार अरू बखत पनि श्री ३ महाराजको तजवीज-अनुसार एक वा दुबै सभालाई ठाउँ र समय तोकी बोलाउने वा सभालाई स्थगित वा खारेज गरिबक्सिनेछ ।

२४. श्री ३ महाराजबाट आफ्नो तजबीजअनुसार कुनै एक वा दुबै वा संयुक्त सभालाइ कुनै

भाषण बक्सिने वा सन्देश पठाइबक्सिनेछ । त्यस्तो भाषण वा सन्देशको विषयमा सभाले सकेसम्म चाँडो छलफल गरी काम पूरा गर्नुपर्नेछ ।

२५. हरेक मन्त्री, प्रबन्धसभाको सभापति वा उनीहरु नभएको बखत विभागसचिव र सरकारी कानूनी सल्लाहकारले एक वा दुवै सभाको वैठक वा उपसमितिमा बोल्न, बहस गर्न र अरू किसिमबाट सम्मिलित हुन पाउनेछन् तर बोट भने आफू सदस्य भएको सभामा मात्र दिन पाउनेछन् ।

२६. (क) राष्ट्रसभाको सभापति श्री ३ महाराजबाट मुकर्रर हुने र उपसभापति सबै सदस्यका चुनावद्वारा सदस्यहरुमध्येबाट हुनेछ । सभापति वा उपसभापतिको पद खाली भएमा अर्को तोकिने वा निर्वाचित जो हुनुपर्ने हुनेछ ।

(ख) (i) सभापति र उपसभापतिले आफ्नो कामको राजीनामापत्र श्री ३ महाराजका हजुरमा चढाउन पाउनेछन् । नियमावलीअनुसार कारण देखिएमा श्री ३ महाराजका हुकुमबाट झिकिनेछन् । यसरी खाली भएको पदमा जो हुनुपर्ने निर्वाचन वा नियुक्तिद्वारा नयाँ भर्ना हुनेछ ।

(ii) सभाको सदस्य हुन छोडेपछि उनीहरुले आफ्नो पद त्याग गर्नुपर्नेछ । सभाका द्वितृतीयांश सदस्यका रायले पेस भएको प्रस्ताव उल्किँ बोटको बहुमत द्वारा पास भएमा उनीहरु आफ्नो पदबाट हटाइनेछन् ।

(ग) भारादारी सभाको सभापति कम्याण्डरइनचीफहोइबक्सिनेछ । सो सभाको उपसभापति श्री ३ महाराजबाट नियुक्त गरिबक्सनेछ ।

## व्यवस्थापिक सभा

२७. (क) यो 'ऐनमा' प्रत्यक्ष खुलेको विषयमा बाहेक अरु सबै कुरामा कुनै एक वा संयुक्त सभाको छलफलमा सबै प्रश्नको निर्णय उपस्थित र वोट दिने सदस्यहरुका बहुमत द्वारा हुनेछ । सभापति वा कायम मुकायमले पहिलो पटक आफ्नो बोट नदिई बोट बराबर भएमामात्र आफ्नो वोट द्वारा कुराको टुङ्गो लगाइदिनेछन् ।

(ख) सदस्यहरुमध्ये कसैको स्थान खाली भएको बखत कार्वाई भएकोमा वा उपस्थित भएका सदस्यमध्ये कुनैले योग्यता नभए ता पनि वोट दिए वा अरू कार्वाईमा सम्मिलित भएको पछि थाहा भएमा पनि सभाको काम सदर ठहरिनेछ बदर हुनेछैन

(ग) सभा वा सभाहरुको कुनै बैठकमा जम्मा सदस्यहरूमध्ये चार खण्डको एक खण्डसम्म पनि मौजुद भएनन् भने सभापतिबाट चाहिएजति सदस्यहरु जम्मा नभएसम्म सभा स्थगित राखिनेछ ।

२८. हरेक सदस्यले सभामा बहाल गर्नुभन्दा अगि सरकारबाट तोकिदिएबमोजिमको धर्म भाक्नुपर्नेछ ।

२९. (क) दुवै सभाको लागि एउटै मानिस चुनाबको निमित्त खडा हुन पाउने छैन ।

(ख) तल ३० दफामा तोकिएको अयोग्यताद्वारा वा आफुले लेखी श्री ३ महाराजका हजूरमा राजीनामा चढाएमा सदस्यको ठाउँ खाली भएको ठहरिनेछ ।

(ग) सभाको लगातार दुई पटकको बैठकसम्म पनि हाजिरै नहुने वा सभापतिको इजाजत नलिई सभाको छलफलमा लगातार ४५ दिनसम्म हाजिर भएन भने पनि सदस्यको ठाउँ खाली भएको ठहरिनेछ ।

३०. (क) तपसीलबमोजिमका मानिसहरु व्यवस्थापक सभामा निर्वाचित हुन र सदस्य बन्न अयोग्य ठहरिनेछन् ।

(१) सरकारले लिन हुन्छ भनी तोकेको बाहेक अरु सरकारी काम गर्नेहरु.

(२) हावा विग्रेकाहरु ।

(३) टाट उल्टी ऋण तिर्न नसकेकाहरु

(४) चुनावविषय सरकारबाट जारी भएको नियम भंग गर्नेहरु । यस्तोमा आयोग्यताको हदम्याद तोकिने छ ।

(५) यो जारी नहुँदै वा जारी भएपछि एक वर्ष र सोभन्दा बढी कैदको सजाय पाएकाहरु । यसमा सजाय पाई छुटकारा पाएको ५ वर्ष वा सोभन्दा अगि सरकारबाट यो अयोग्यता हट्न सक्नेछ ।

(६) निजामती वा जंगी जागीरबाट वर्खास भएकाहरु । यसमा सजाय भुक्तान गरेको ५ वर्ष वा सोभन्दा अगि सरकारबाट यो अयोग्यता हट्न सक्नेछ ।

(ख) कैद भै थुनुवामा परिरहेका मानिसहरु सदस्य भै निर्वाचित हुन अयोग्य ठहरिने छन् ।

(ग) सदस्य हुन अयोग्य ठहरिने मुद्दा लागेमा सो मुद्दाको अन्तिम किनारा नलागेसम्म ठाउँ खाली ठहरिनेछैन ।

(घ) माथि (क) (१) दफामा लेखिएका तपसीलका कुरोहरु लिन गर्न हुने ठहरिनेछन् ।

(१) कुनै सरकारी अड्डाको तालुक ।

(२) सरकारी काम गरेर बाहेक दर्जा वा अरु कुनै किसिमको ओहदाद्वारा भत्ता पाउन् ।

(३) गाउँको काम गर्ने थरी मुखिया इत्यादि जस्ता सरकारी खान्गी जागीर पाएकाहरु

३१. कुनै सभामा बस्न वा वोट गर्न नहुने वा अयोग्य ठहरिएका मानिसले वसे वा बोट गरेमा

दिनैपिच्छे मोरु १०० जरिमाना भैं सरकारी असूल हुने रकमसरह ठहरिनेछ ।

३२. (क) यो ऐनको हद र सभाविषय नियमभित्र रही सबै सदस्यहरुले सभाको बखत वाक्स्वतंत्रता पाउनेछन । सभा वा त्यससम्वन्धी समितिभित्र भनेको वा वोट दिएको कुरालाई लिएर वा सो सभाको नियमवमोजिम सभामा भए गरेको कुरा प्रकाश गरेकोमा समेत सदस्यलाई कुनै तरहबाट पनि बात लाग्ने छैन ।

(ख) सभाको बखत सभागृहमा जुनसुकै मुद्दामा पनि र सभाको अधिवेशनको म्यादभित्र देवानी मुद्दामा कुनै सदस्यलाइ पनि कसैले छेकथुन गर्न पाउने छैन ।

(ग) अटेरी सदस्यलाई यसविषय बनेका नियमबमोजिम निकाल्न पाउने बाहेक सभापतिले सदस्यहरूलाई अरू सजाय दिन पाउने छैन ।

३३. हाल पहिला पटकलाई सरकारबाट र पछि व्यवस्थापक सभाबाट तोकिएको तलव भत्ता सबै सदस्यले लिन पाउने छन् ।

३४. (क) यो कानूनसम्वन्धी बनेका शर्त र बन्देजको नियमबमोजिम दुवै सभाका सदस्यहरूले सभाको बैठकमा नेपाल भरमुलुक वा कुनै खण्डको लागि विदेश वा यहाँ जहांसुकै रहेका नेपाली प्रजाको हित र शासनव्यवस्था बारे कानूनको मसौदा, प्रश्न वा प्रस्ताव पेस गर्न पाउने छन्, तर लोकहितको निमित्त हानिकारक ठहराईबक्सेका जुनसुकै कानूनको मसौदा प्रस्ताव वा प्रश्न जुनसुकै अवस्थामा पनि श्री ३ महाराजबाट रोक्न वा खारेज गरिबक्सिन हुने छ ।

(ख) श्री ५ महाराजाधिराज र श्री ३ महाराजका उत्तराधिकारी ओह्दा, पदबी र विशेष अधिकारसम्बन्धी परम्परादेखि चलिआएका रीत रिवाज कानून बन्देजमा खलबल हुने कुनै कुराको पनि प्रश्न प्रस्ताव वा कानूनको मसौदा पेस गर्न वा यस्तै अरू कुरा गर्न हुँदैन.

(ग) व्यवस्थापक सभामा कुनै मानिसको व्यक्तिगत चरित्रविषय वा कुनै न्यायाधीशले आफ्नो अखत्यारीभित्र अदालतमा गरेको कामविषय कुरा उठाउने वा छलफल हुने छैन ।

३५. (क) आर्थिक कानूनको मसौदाविषय तल छुट्टै लेखिएको हुनाले त्यसबाहेक जुनसुकै कानूनको मसौदा पनि यस विषयमा बनेको नियममा रही दुवै सभामा जसले पेस गरे पनि हुन्छ ।

(ख) दुबै सभाबाट मंजुरी भए पछिमात्र कानूनको मसौदा स्वीकृत भएको ठहरिने छ.

३६. (क) एक सभाबाट मंजुर भै कुनै कानूनको मसौदा वा अरू कुनै विषय अर्को सभामा गएकोमा

(१) अर्को सभाले प्रस्तावित कानून नामंजूर गर्‍यो भने, वा

(२) कानूनको मसौदा अदल बदल गर्ने बिषय सभाहरूको राय मिलेन भने वा,

(३) अर्को सभामा वर्ष दिनसम्म पनि श्री ३ महाराजबाट सदर गराइन सो मसौदा पेस नभै रह्यो भने,

श्री ३ महाराजबाट दुवै सभाको संयुक्त सभा बोलाई छलफल गराईबक्सिने छ ।

(ख) योसंयुक्त सभाले मंजूर गरेको कुरा यो ऐनबमोजिम स्वीकृति भएको ठहरिने छ ।

(ग) यस्तो संयुक्तसभामा भारादारी सभाको सभापति बा निजको अनुपस्थितिमा श्री ३ महाराजबाट नियुक्त गरिबक्सेको मानिसले सभापतिको आसन ग्रहण गर्नेछ ।

३७. (क) व्यवस्थापक सभाबाट स्वीकृत भएको कानूनको मसौदामा श्री ३ महाराजबाट सदर गरिबक्सी खड्गनिशाना लागेपछि मात्र कानून बन्ने छ ।

३८. (क) श्री ३ महाराजबाट हरेक वर्षको अनजामी आमदानी खर्चको फेहरिस्त दुबै सभामा पेस गराउन लगाइबक्सिने छ ।

(ख) यो फेहरिश्तमा तपसीलबमोजिमका भिन्न २ रकम देखाइनेछ

(१) मुलुकको आमदानीउपर खर्च गर्नैपर्ने सालबसाली खर्च र

(२) मुलुकको आमदानीबाट पुगेसम्म खर्च हुने पटके खर्च

(ग) माथिको सालबसाली खर्चमा तपसीलबमोजिमका रकम राखिनेछन्

(१) श्री ५ महाराजाधिराज र श्री ३ महाराजको सालियाना दरबन्दी रकम

(२) जंगीतर्फको खर्च.

(३) श्री ३ महाराजबाट भर्ना भएका निजामतीतर्फको तलब पेन्सन भत्ताविषय खर्च

(४) प्रचलित वा पछि हुने अह्द समझौटाद्वारा हुनुपर्ने समेत परराष्ट्रसम्वन्ध विषयको खर्च.

(५) मुलुकमा कतै पनि अशान्ति हुन नदिने आर्थिक मजबुती कायम राख्ने सानातिनाहरूलाई ठालूहरूको थिचोमिचोबाट बचाउने सरकारको विशेष जवाफदेही कार्यमा र अरू श्री ३ महाराजको तजवीजबमोजिम खर्च गर्नाको निमित्त छुट्टचाइएको रकम कुनै भए सो रकमसमेत

(६) मन्त्रिमण्डलका सदस्यहरू, सरकारी कानूनी सलाहकार र प्रधान जाँचकीको तलब भत्ता

(७) धर्मकार्य गुठीको खर्च

(८) सरकारबाट लिने ऋण र ऋण तिर्नानिमित्त जगेडा राख्नुपर्ने रकम सूद इत्यादि

(९) यो ऐन वा अरू कानूनबाट यो फेहरिश्तमा रहनु पर्ने ठहराइएको कुनै रकम

(घ) कुनै खर्चका रकम मुलुकको आमदानीउपर खर्च गर्नैपर्ने सालबसाली रकमभित्र पर्छ पर्दैन भन्ने कुरामा निर्णय श्री ३ बाट गरिबक्सिनेछ ।

३९. (क) माथि लेखिएका मुलुकको आमदानीउपर खर्च गर्नैपर्ने सालबसाली रकमविषय व्यवस्थापक सभामा बोट वा छलफलको लागि कुनै किसिमको कुरा उठ्न सक्ने छैन । तर (७) (८) (९) भने छलफलसम्मको लागि पेस हुनेछ ।

(ख) पश्चायतको कामलाई तोकिएको अंजामी अङ्कमा व्यवस्थापक सभाले घटाउन पाउने छैन ।

(ग) माथि ३८ (ख) दफामा लेखिएको घटके खर्चको निमित्त अन्जामी अङ्क कायम गरी पहिले राष्ट्रसभा र त्यसपछि भारादारीसभा पेस गरिनेछ । यी रकमहरुमा पुरा छलफल भै अनजामी अङ्क मन्जूर गर्ने, इन्कार गर्ने वा थप घट गर्नेसमेत सभाहरूलाई अख्तियारी रहनेछ ।

(घ) श्री ३ महाराजको मन्जूरीविना कुनै अंजामी अङ्कहरू पेस गरिने छैनन् ।

४०. व्यवस्थापक सभाबाट निकासा भएको रुपैयाँको फेहरिश्तमा श्री ३ महाराजको बाहुली निशाना लागेपछिमात्र ती रकमहरू कानूनी निकासा ठहरिने छन् ।

४१. व्यवस्थापक सभाले मन्जूर गरेका रकमहरूमा पछि कुनै बर्ष बढी खर्च गर्नुपर्ने परिआएमा माथि दफा दफामा लेखिएबमोजिम कारवाई गरी सो अङ्क मन्जूर गराए हुनेछ ।

४२. (क) तपसीलबमोजिमका विषयमा कानूनको मसौदा वा संशोधन सरकारतरफबाट मात्र पेस हुनेछ ।

(१) कुनै रकम वा कर महसूल लगाउन वा थपघट गर्ने विषय

(२) सरकारी टक विषय

(३) सरकारले कुनै देशी वा विदेशी कर्जा उठाउने विषय

(४) हात हतियार राख्ने र प्रयोग गर्ने विषय ।

(ख) कुनै जाति वा संस्थाको धार्मिक आचार विचार परिवर्तन हुने प्रस्तावको बिचार हुँदा जम्मा भएका तीन खण्डको दुइ खण्ड सदस्यको राय भए मात्र परिवर्तन हुनेछ ।

४३. (क) व्यवस्थापक सभाको काम राम्ररी बेलाबेलामा चलोस्, कुनै किसिमबाट पनि अडकाउ बाधा नपरोस् भन्नानिमित्त सरकारबाट बनेका नियमबमोजिम कार्यक्रम चल्नेछ ।

(ख) यसभा कुनै किसिमको बाधा अडकाउ पऱ्यो भनी आधा सदस्यहरूले राय पेस गरे भने सरकारबाट बनाइएका नियममा अदल बदल गरिबक्सिन बिचार हुनेछ

४४. व्यवस्थापक सभामा सबै कुराकानी छलफल इत्यादि राष्ट्रभाषा नेपालीमा नै हुनेछ ।

४५. (क) व्यवस्थापक सभामा भएका कारबाईबारे वा त्यसका कर्मचारी द्वारा सवालबमोजिम त्यहांभित्र भएको कारवाईविषय कुनै अदालतमा पनि मामिला वा मुकदमा चल्ने छैन.

(ख) कार्यक्रममा सानातिना त्रुटि भयो भन्दैमा व्यवस्थापिका सभामा भएको कारवाई बदर हुने कुरा उठाइने छैन.

४६. मुलुकभर कतै पनि शान्तिभङ्ग नहोस भन्ना निमित्त श्री ३ महाराजबाट मंत्रि मण्डलको सल्लाहले चाहिएको अस्थायी कानून जारी गरिबक्सन हुन्छ तर यस्ता अस्थायी कानून छ महीना भन्दा बढी जारी रहने छैन. अवस्था सुध्रियो भन्ने ठानिबक्सेमा श्री ३ महाराजबाट बीचमा जुनसुकै वेला पनि सो कानून खारीज गरिबक्से हुनेछ ।

४७. (क) मुलुकमा कुशासन वा अशान्ति वा दुवै भै यो ऐनबमोजिम शासनपद्धति चलाउने अवस्था

छैन भन्ने श्री ३ महाराजबाट कुनै बखत ठहराइबक्स्यो भने इश्तिहार जारी गरी तपसील-बमोजिमको कारवाइ गरिबक्सिने छ .

(१) यो कानूनबाट कुनै व्यक्ति वा सभाले पाएको काम वा अख्त्यारी आफैंमा खिचिबक्सिने छ.

(२) यो ऐनद्वारा हुने कारवाईहरू यस २ किसिमबाट हुनेछ भनी तजवीजबमोजिम तोकिदिबक्सिने ।

(ख) यसरी जारी गरिबक्सेका इश्तहार अर्को इश्तिहार द्वारा खारेज हुन वा बदलिन सक्नेछ.

(ग) यो दफाबमोजिम इश्तिहार भएमा छ महीना भित्र फेरि श्री ३ बाट उही वा तजवीजले अर्को व्यवस्थापक सभा बोलाइबक्सिने छ .

## भाग ५

# न्यायप्रबन्ध

४८. इन्साफ शीघ्र र सुलभ हिसावसँग दिइने प्रबन्ध हुनेछ । शुरुका देवानी र फौजदारी मुद्दाहरू ऐन र नियमले तोकिने बन्देज र देखरेखमा रही, ग्राम पन्चायतहरूले हेर्नेछन् ।

४९. इन्साफको निमित्त खडा भएका आम अड्डा अदालतहरूमा न्यायाधशहरूबाट इन्साफ गरिनेछ । शुरूको र अपील सुन्ने अड्डाहरू अदालत गनिनेछन्

५०. यस ऐनमा लेखिएबमोजिम अड्डा अदालतको नियम र बन्दोबस्त अदालत र न्यायाधीशहरू-मा काम र हदको बाँडफाँड भर्नाको नियम, नोकरीको हद, नोकरीलाई चाहिने ल्याकत र योग्यता र अरू सबै न्यायप्रबन्धसंबन्धी विषयहरू ऐनमुताबिक हुनेछन् ।

५१. कुनै अपर्झट परिस्थिति पर्न आएमा स्थापित भैरहेका साधारण अदालतहरूका कार्यक्रमद्वारा मुलुकको जनतामा शान्ति कायम राख्ने कारवाइ हुन नसकेको देखियो भने श्री ३ महा-राजबाट बिशेष अदालतहरू खडा गरिबक्सनेछ ।

५२. (क) श्री ३ महाराजका व्यवस्थापक सभाका सदस्यहरूमध्येबाट एक न्यायाधिकारी समिति खडा गरिबक्सनेछ यसमा १२ जनाभन्दा नवढाई सदस्य रहनेछन् । यीमध्ये दुइ जनासम्म बिशेष योग्यता भएका व्यबस्थापक सभावाहिरका मानिसलाई पनि श्री ३ महाराजबाट नियुक्त गरिबक्सिनेछ ।

(ख) यो समितिले तपसीलबमोजिमको अख्त्यारी पाउनेछ ।

(१) तोकिएका बिशेष मुद्दाहरु हेर्ने सर्बोच्च अपील अड्डाको काम यस ऐनबमोजिम बनेको सबालसनदभित्र रही गर्ने ।

(२) अदालतहरुले कुन कुन मुद्दामा कति कति न्यायाधीश बसी कुन किसिमबाट मुद्दा हेरी कारवाई चलाए सबैमा न्याय पर्न जान्छ भन्ने विचार गरी नियम र सवालहरू बनाउने

(३) यो ऐनको ६ र ७ दफाबमोजिम कारवाई गर्ने .

(ग) यो ऐनको हदभित्र रही यो समितिको रचना र कार्यक्रमबिषय नियमहरू समय २ मा सरकारबाट बन्नेछन् ।

५३. (क) नेपालमा एक प्रधानन्यायालय रहनेछ ।

(ख) प्रधान न्यायालयमा एक प्रधान न्यायाधीश र अरू १२ न्यायाधीशमा नबढाई श्री ३ महाराजबाट आवश्यकअनुसार समय २ मा भर्ना गरिबक्सने छ ।

तर प्रधान न्यायाधीशले शिफारिस गरेमा दुइ वर्षको निमित्त श्री ३ महाराजबाट थप न्यायाधीशहरू भर्ना गरिवक्सनेछ । यस तरीकाले भर्ना भएका न्यायाधीशहरुको बहाली रहेसम्म अरू प्रधानन्यायालयका न्यायाधीशहरूसरह नै अख्त्यार हुनेछ ।

५४. प्रधान न्यायालयको हरएक स्थायी न्यायाधीशको उमेर पैंसठ्ठिबर्ष ननाघेसम्म बहाली कायम रहनेछ ।

तर–

(क) न्यायाधीशले आफैले श्री ३ महाराजमा राजीनामा चढाई पद त्यागगर्न पाउनैछ ।

(ख) ब्यवस्थापिका सभाका दुबै सम्मेलनको सम्मिलित बैठकबाट कुनै न्यायाधीश प्रमाणित बदचलन भएको वा काम चलाउन अयोग्य नठहरिएसम्म श्री ३ महाराजबाट बर्खास्त हुने छैनन् ।

(ग) न्यायाधीशले ठूलो कसूर गरेमा वा मानसिक बा शारीरिक अयोग्यताको कारणबाट श्री ३ महाराजबाट सोधनी हुँदा न्यायाधिकारी समितिले कसूर वा अयोग्यताको समर्थन गरेमा नालायक वा कामगर्न नसक्ने ठहरिएको न्यायाधीशलाई श्री ३ महाराजबाट खारीज गरिबक्सनेछ

(घ) प्रधान न्यायालयका न्यायाधीशहरूले श्री ३ महाराजबाट तोकिबक्से मुताबिक तलव पाउनेछन् । तर बाहाली रहेसम्म यिनीहरूको तलव घट बढ हुनेछैन ।

५५. मुद्दाहरूको फाँट र लगत राख्ने काम प्रधान न्यायलयको हुनेछ र मातहतका अदालतहरूमाथि र इन्साफसंबन्धी बिषयमा ऐनकानूनले तोकिएको अखत्यारी प्रधान न्यायालयले पाउनेछ ।

५६. आफ्नो अखत्यारभित्रका सबै अदालतहरूमाथि प्रधान न्यायालयको तालुक रहनेछ र तपसिलमा लेखिएको काम प्रधान न्यायालयले गर्नेछः–

(क) कुनै मुद्दा झिकाई हेर्ने वा हेर्न लाउने—

(ख) कुनै मुद्दा वा अपील परेको मुद्दा एउटा अदालतबाट सम अखत्यारवाला अर्को अदालत वा त्यसभन्दा बढी अखत्यार भएको अदालतमा सार्ने—

(ग) आफ्नो मातहतका अदालतहरूको नियम र सिलसिला बसाई सो जारी गर्ने—

(घ) अदालतहरूले स्याहा स्रेस्ता राख्ने र मुद्दा मिसिलहरूको लगतकिताब खडा गर्ने तरीका तोक्ने—

तर चालु रहेको ऐनमा बाधा नखाने गरी नियमहरू र फार्महरूता खडा हुनुपर्छ.

५७. यस ऐनमुताबिक हुनुपर्ने कुनै न्यायसम्बन्धी काम नचलेसम्म भइरहेकै ऐन र नियमहरू कायम रहनेछन् ।

५८. ऐन र आफ्नो अखत्यारभित्र धर्म संझी कर्तव्यपालननिमित्त न्यायसंबन्धी काम गर्दा गराउँदा न्यायाधोश र अदालतका कर्मचारीहरूलाई बात नलागोस् भन्नानिमित्त बचाउको लागि चाहिंदो ऐन बन्नेछ ।

५९. यो ऐनभित्र परेको कुनै कुराले श्री ३ महाराजबाट अपराधीहरूलाई माफी, मिनाहा मोजरा र सजाय घटाईबक्सने अधिकारमा असर पर्नेछैन ।

## ६ भाग

# विविध

६०. यो कानूनबमोजिम काम आरम्भ भएपछि शकभर चाँडो र अवस्थाले दिएसम्म भरमुलुकमा प्रारम्भिक शिक्षा निःशुल्क अनिवार्य गरिदिन र मातृभूमिको सेवालाई चाहिने शिल्प-शिक्षा र उच्च शिक्षाको प्रबन्ध सरकारबाट हुनेछ । साथसाथै निरक्षरता हटाउने व्यवस्था पनि जतिसक्यो उति हुनेछ। शिक्षाको मुख्य लक्ष्य नैतिक उपदेश व्यक्तिगत योग्यता र कार्यकुशलता राष्ट्रप्रेम र अन्तर्राष्ट्रिय मैत्रीभाव फैलाउने हुनुपर्दछ ।

६१. मुलुकको उन्नति सम्बन्धी काम निमित्त र संकट परिआएका वखत सरकारबाट ऋण लिने वा उठाइनेछ । तर सो ऋण लिएको कुरा व्यवस्थापक सभाको अर्को सभामा पेस

गरी थाहा दिनुपर्नेछ ।

६२. (क) सरकारबाट बनेको नियमबमोजिम मुलुकको आमदानी खर्चको हरहिसाब जाँच्नलाई एक प्रधान जांचकी श्री ३ महाराजबाट भर्ना गरिबक्सनेछ । निजले सरकारबाट तोकिबक्से-बमोजिम तलब खाई काम गर्नेछ । निजको बहाली बर्खासी प्रधान न्यायालयको न्यायाधीश-सरह हुनेछ ।

(ख) मुलुकको आमदानी खर्चको तेरीज बनाई हरेक सालतमाम पछि निज प्रधान जांचकीले सो फेहरिस्तविषयक रिपोर्ट व्य वस्थापक सभाको दुवै सभामा पेस गर्नाको निमित्त श्री ३ महाराजमा चढाउनेछ ।

६३ मंत्रिमण्डलले गरेको काम पट्टा कबुलियतहरू सबै नेपालसरकारतर्फबाट भएका मानिने छन् ।

६४. (क) मौलिकहरूको विषय; पंचायतको काम; न्यायप्रबन्ध जांच (अडिटर) जंगी निजामती नोकरीसम्बन्धी भर्ती सरुवा बढुवा, शिक्षा, जंगी निजामती कर्मचारीहरूको स्वार्थको संरक्षण र यो विधान पद्धतिमा नजनाइएका कुराहरू खुलाउने र सोबमोजिम कारवाइ गर्ने नियमहरू सरकारबाट बनाइने छन् ।

(ख) हरेक कक्षाको निर्वाचित विषय नियमहरू, बोट दिन पाईने र चुनिन पाउनेहरूको योग्यता, सदस्यहरू आउने इलाका छुट्टयाउने इत्यादि विषय पनि सबै कुरामा सरकार-बाट नियमहरू बन्नेछन् ।

६५. (क) मुलुकभर सबै ठाउँमा योग्य कर्मचारीहरू भर्ना हुन् भनी श्री ३ महाराजबाट एक "दरखास्त–परिषद" खडा गरिबक्सनेछ ।

(ख) यसमा श्री ३ महाराजका तजवीजबाट खटिएका सदस्यहरू र जुन विभागमा भर्ना गर्नु छ सोही विभागको एक प्रतिनिधिसमेत रहनेछन्.

(ग) यस बिषयमा बन्ने नियमबमोजिम सरकारी नोकरीका उम्मेदवारहरुको दरखास्त आएमा यस परिषदले योग्यता वा ल्याकत जाँच बुझ गरी सरकारमा शिफारिस पेस गर्नेछ ।

६६. यो ऐनबाट काम गर्दा पहिला पटकलाई चुनाब गर्ने विधिभा वा अरु कुनै कुरामा अडकाउ देखियो भने श्री ३ महाराजबाट सो बाधा अडकाउ हटाउने जरुरी आडर बक्सी कानूनको मनसाय पुग्ने कारवाइ गर्ने गर्ने लगाइबक्सनेछ ।

६७. यो कानूनको दफा र सो दफाबमोजिम बनाइएका नियमहरुको अर्थ खुलासा नबुझी राय बाझिन गएमा सरकारी कर्मचारी वा कुनै सरोकारवाला व्यक्तिले विन्तिपत्रद्वारा प्रधान न्यायाधिकारिणी समितिमा त्यसवारेको उजूरी दिनुपर्छ । उजूर परेको दुइ महीनाभित्र सो उजूरको फैसला हुनेछ र सो फैसला अन्तिम निर्णय मानिनेछ ।

६८. यो विधानपद्धति जारी भएको सात बर्ष अथवा श्री ३ महाराजको तजवीजअनुसार हुन सके

सोभन्दा अगावै शासनपद्धतिको काम शिक्षा र उत्तरदायी संस्थाहरुको प्रचार इत्यादिबारे जाँच बुझ गर्नानिमित्त एक परिषद मुकर्रर गरिनेछ। सो परिषदका सदस्यहरुमा लगभग आधा व्यवस्थापक सभाले आफ्नो सदस्यहरुमध्येबाट छान्नेछ सो परिषदले अहिले स्थापित भएको शासनपद्धतिमा कतिसम्म थप घट वा अदल बदल गर्न मनासिब हुन्छ सो बारे जाहेरी पेस गर्नेछ। यो परिषद श्री ३ महाराजबाट हुकुमबक्सेबमोजिम अरु कुराहरुबारेमा पनि जाँच बुझ गरी रिपोट गर्नेछ। सो परिषदले गरेका रिपोटमा श्री ३ महाराजबाट विचार भै परिषदको शिफारिशमा उचित ठहरिएको कारवाइ गरिबक्सनेछ।

# फेहरिश्त "क"

## "राष्ट्रसभा" को रचना

१ निर्वाचित सदस्यहरू: ———— ४२

क. तपसीलका जिल्ला पंचायतका प्रधान पंचहरू: ———— ३२

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्व १ नं. | ७ | प. १ नं. | १३ | सल्ल्यान | १९ | जुम्ला |
| २ | पूर्व २ नं. | ८ | प. २ नं. | १४ | प्यूठान | २० | चिसापानी |
| ३ | पूर्व ३ नं. | ९ | प. ३ नं. | १५ | दैलेख | २१ | चारभंज्यांगभित्र |
| ४ | पूर्व ४ नं. | १० | प. ४ नं. | १६ | डोटी | | |
| ५ | धनकुटा | ११ | पाल्पा | १७ | डंडेलधुरा | | |
| ६ | इलाम | १२ | गुल्मी | १८ | वैतडी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | बारा पर्सा | २५ | सर्लाही | २८ | मोरंग र झापा | ३१ | बाँके र बर्दिया |
| २३ | रौतहट | २६ | सप्तरी | २९ | पाल्ही र माझखण्ड | ३२ | कैलाली र कंचनपूर |
| २४ | महोत्तरी | २७ | सिरहा | ३० | खजहनी र स्यूराज | | |

ख. तपसीलका नगरपंचायतका प्रधान पंचहरू: ———— ४

३३ काठमाडौ ३४ ललीतपुर ३५ भक्तपुर ३६ वीरगंज

टिप्पणी:— जनसंख्या वा क्षेत्रफल को हिसाबबाट इलाकाको बाँडफाँड भएमा जम्मा संख्यामा

फरक नपारी माथि तोकिएका ठामठामबाट आउने सदस्यको संख्यामा घटबढ हुन सक्दछ।

ग. तपसीलबमोजिमका विशेष काम वा योग्यताद्वारा भरमुलुकमा विशेष प्रतिनिधिबाट सदस्य हुन पाउने ६

१ साहु महाजन व्यापारीहरूबाट १

सरकारलाई सालियाना रु. १०० वा सोभन्दा बढी अङ्क भन्सार वा बजारमहसूल ३ वर्षसम्म लगातार बुझाउनेहरूले आपसबाट प्रतिनिधि छान्ने।

२ विर्तावाल जिमिन्दारहरूबाट १

२० रोपनी वा १० पाथी व्यू जाने वा १० विगाहा वा सोभन्दा बढी जग्गाका धनीहरू वा रु. १०००। सम्म वा बढी मालपोत तिर्नेहरुले आपसबाट प्रतिनिधि छान्ने।

३. लेखपढ गरेकाबाट २

म्याट्रिक वा मध्यमा र सोभन्दा बढी योग्यता हुनेले ग्र्याजुएट, आचार्य वा नेपालीमा सोही सरह योग्यता भएकाहरूलाई सदस्य छान्नेछन्।

४. सरकारी कर्मचारीहरूबाट १

५. श्रमजीवीबाट १

४ र ५ दफा विषय नियम सरकारबाट बन्नेछ।

२ नियुक्त सदस्यहरू: २८

श्री ३ महाराजबाट यी सदस्यहरू नियुक्त हुने छन्।

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध | पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|---|---|
| १६४ | २३ | १८८६ | १८६८ | १६६ | २० | १२६ | १३२ |
| १८३ | ५ | स्कुल | स्कूल | १८३ | १६ | नाति | नाती |
| १६१ | १६ | आराधना (चम्पु) | आराधन (चम्पू) | २०५ | ५ | यो | गो |
| २०७ | ७ | केहो | केही | २०८ | १३ | भरत वसुमतीपालले | भरतवसुमतीपालले |
| २१२ | १७ | हाम्रो हठसँग, | हाम्रो, हठसँग | २१३ | ४ | नियमहरू | नियमहरु |
| २२८ | ६ | तन | प्रयतन | २२६ | १ | हून् | हुन् |
| २३४ | २१ | ३६६–४३० | ३६६, ४३० | २३५ | १ | नै | भै |
| २४२ | ८ | नजर पर्दा | नजर | | | | |

# राणाजीका स्वास्नीमान्छेहरूले कल्की लाउने विषयमा

– महेशराज पन्त

एक सय चार वर्षसम्म राजा र प्रजालाई दबाई नेपालको हालीमुहाली चलाएर बसेको राणावंशको इतिहास अर्को शब्दमा भन्ने हो भने त्यस समयको नेपालकै इतिहास हो । राणाजीहरूका विषयमा जति जति कुरा प्रकाशमा आउँदै जान्छन्, त्यस समयको प्रामाणिक इतिहास तयार पार्न त्यति त्यति सजिलो पर्दै जान्छ, यो कुरा स्पष्टै छ । एक शताब्दीभन्दा बढी समयसम्म राज्य गर्ने राणाकुलका मानिसहरूले आफ्नो वा आफ्नो वंशको विषयमा लेखेका कुराको पनि अलग महत्त्व छ र ती लेखबाट अन्त कतै नपाइने इतिहाससम्बन्धी साधन ऐतिहासिकले भेट्टाउन सक्छ । केही साल यतादेखि केही राणाजीहरूले यतातिर दृष्टि दिएको देखिएको छ । यो निकै राम्रो कुरा हो । बालकृष्ण समको मेरो कविताको आराधन,◈ प्रमोदशमशेर राणाको एकजना राणाजीको दृष्टिमा राणाकालको नेपाल,▨ दमनशमशेर जङ्गबहादुर राणाको नेपाल शासन र कुशासन◇ यही कोटिका ग्रन्थमा पर्न आउँछन् ।

प्रस्तुत निबन्धमा प्रमोदशमशेर राणाको उपर्युक्त ग्रन्थ पढ्दै जाँदा उठेको एउटा शङ्काको विषयमा कलम कोरिएको छ ।

श्री ३ महाराज रणोद्दीपसिंहको पालामा उनकी रानी हरिप्रियादेवीको प्रभाव बढेको विषयमा प्रमोदशमशेरले यस्तो लेख्नुभएको छ—

हरिप्रिया देवी, द सेक्अन्ड् वाइफ् अफ् रणउदीप् सिङ्ग, वज् अ मोस्ट् यार्अगन्ट् वुम्अन् । शी वज् हट् टेम्पर्ड् यान्ड् पजेस्ड् अफ् कन्सिड्अरेब्ल् फिज्इकल् स्ट्रेङथ् यान्ड् करेज् । हर् इनर्डिनट् लभ् अफ्

---

◈ वि. सं. २०२३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित बालकृष्ण समको मेरो कविताको आराधन (चम्पू) उपासना १

वि. सं. २०२९ मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित बालकृष्ण समको मेरो कविताको आराधन (चम्पू) उपासना २

▨ वि. सं. २०३४ मा काठमाडौँबाट आर. राणाद्वारा प्रकाशित प्रमोदशमशेर राणाको राणा नेपाल्–यान् इन्साइडअर्'ज् भ्यू (एकजना राणाजीको दृष्टिमा राणाकालको नेपाल)

◇ वि. सं. २०३५ मा नयाँ दिल्लीबाट राजेश पब्लिकेशन्जद्वारा प्रकाशित दमनशमशेर जङ्गबहादुर राणाको नेपाल् रूल् यान्ड् मिस्रूल् (नेपाल शासन र कुशासन)

पाउअर्, हर् वुमअन्लि भ्यान्इटि यान्ड् हर् सटल् डिभाइस्इज् ट मेक् द प्राइम् मिन्इस्टर् हर् स्लेभ् लेड् ट ट्रब्ल् यान्ड् ईभ्न् थ्रेट्न्ड् द लाइफ् अफ् पूर् रणउदीप् सिङ्ह् । शी सम्टाइम्ज् इन्टर्फीर्ड् यान्ड् इन्टर्भीन्ड् इन् म्याट्अर्ज् अफ् स्टेट् अड्मिनिस्ट्रेशन् अल्सो । द जगत् जङ ग्रूप् ट्राइड् टु एक्स्प्लइट् द सिट्युएशन् बाइ विन्इङ हर् ट देर् साइड् । दे फ्ल्याट्अर्ड् हर् बाइ सेइङ् द्याट् शी पजेस्ड् अ स्ट्रङ् यान्ड् भिर्ग्राइल् इन्टिलेक्ट् यान्ड् कुड् अन्डर्स्ट्यान्ड् यान्ड् सोल्भ् मोस्ट् इन्ट्रिकट् पलिट्इकल् प्रब्लेम्ज् । दे ईभ्न् सजेस्ट्इड् द्याट् शी शुड् वेर् अ हेड् ड्रेस् सिम्इलर् ट द्याट् अफ् अ महाराजा यान्ड् हेल्प् हर् स्पाउज् ट रन् दि अड्मिनिस्ट्रेशन् अफ् द स्टेट् । दिस् प्राउड् यान्ड् इलिट्अर्ग्रट् वुम्अन् कुड् नट् अन्डर्स्ट्यान्ड् द पलिट्इकल् मोटिभ् अफ् हर् सिक्-अफन्ट्स् यान्ड् इन्सिस्ट्इड् द्याट् हर् हज्बन्ड् मेड् अ हेड् ड्रेस् फर् हर् । रणउदीप् वज् पुट् इन् अ डिलेम्अ । ही कुड् नाइदर् अग्री टु हर् रिक्वेस्ट् नर् रिजेक्ट् इट् आउट्राइट् । ही इन्स्टेड् कम्प्रमाइज्ड् बाइ सजेस्ट्इङ द्याट् शी वोर् द फेद्अर्ज् अफ् द बर्ड् अफ् प्यार्अडाइस् अन् हर् टिआर । शी वज् स्याट्इस्फाइड् बाइ पुट्इङ् द फेद्अर्ज् अफ् द बर्ड् अन् हर् टिआर । हर् पोर्ट्रट्स् अर् फाउन्ड् विथ् ए प्लम्ड् टिआर ओभर् हर् हेड् । शी वज् द ओन्लि लेडि इन् द राणा हाउस् ट वेर् अ प्लम्ड् टिआर ।

(६९ पृष्ठ)

[ रणोद्दीपसिंहकी माहिली पत्नी हरिप्रियादेवी निकै घमण्डी थिइन् । तिनी छिटै रिसाइहालिथिन् र निकै बलियी र आँटिली पनि थिइन् । अधिकार हत्याउने तिनको अदम्य इच्छा, आइमाईमा हुने तिनको चुरिफुरी र प्रधानमन्त्रीलाई दास बनाउने तिनका चलाकीले गर्दा गडबडी हुन गयो र बिचरा रणोद्दीपसिंहको जिन्दगीमा समेत खतरा पर्न गयो । तिनी कहिलेकहीँ राजकाजमा पनि चासो लिने र हात हाल्ने गर्थिन् । तिनलाई आफूपट्टि मिलाएर जगत्जङ्गको पक्षले परिस्थितिबाट फाइदा उठाउन खोज्यो । हजुरको जेहन बलियो र मर्दाना छाँटको छ, हजुरको बुद्धिले राजकाजसम्बन्धी गाह्रासेगाह्रा कुरा बुझेर सुल्झाउन सक्छ भनी तिनीहरूले हरिप्रियादेवीलाई फुरफुऱ्याए । हजुरबाट महाराजको जस्तै श्रीपेच पहिरिबक्सनुपर्छ र हजुरका स्वामितलाई राजकाज चलाउन हजुरबाट मदत बक्सनुपर्छ भनेर समेत तिनीहरूले भने । यी घमण्डी र अपढ आइमाईले आफ्ना चापलूसहरूले भित्र मनमा राजनीतिसम्बन्धी के कुरा राखेर यसो भनेका हुन् भन्ने बुझ्न सकिनन् र हजुरले मलाई श्रीपेच बनाइदिइ-बक्सनुपऱ्यो भनी लोग्नेसँग जिद्दी गरिन् । यताबाट रणोद्दीपसिंह अफ्ठ्यारामा पर्न गए । स्वास्नीले भनेको कुरामा उनले नत मञ्जूरी दिन सके नत हुँदै हुँदैन भनी स्याट्टै भन्न सके । टायरा ( गहनारूपको रत्नजडाउ मुकुटबान्कीको आइमाईले लाउने फूल ) मा हुमाउ चराको कल्की हालेर तिनीले लाउनू भनेर भनेर उनले कुरा मिलाए । आफ्नो टायरामा कल्की हाल्न पाएर तिनको पनि चित्त बुझ्यो । शिरमा कल्कीवाल टायरा लाएका तिनका तसवीर पाइन्छन् । राणावंशमा कल्कीवाल टायरा लाउने एक मात्र स्वास्नीमान्छे तिनी नै हुन् ।]

श्री ३ रणोद्दीपसिंहकी रानी हरिप्रियादेवीले मात्र राणाजीका स्वास्नीमान्छेहरूमा कल्की लाएकी हुन् भनी यहाँ प्रमोदशमशेरजीले लेख्नुभएको छ । उहाँले आफ्नो पुस्तकका ६४ र ६५ पृष्ठका बीचमा हरिप्रियादेवीले कल्की लाएको फोटो पनि छपाउनुभएको छ ।

अब राणाजीका आइमाईहरूमा कल्की लाउने एक मात्र हरिप्रियादेवी हुन् कि होइनन् भन्ने विचार गरौं ।

इतिहासरसिक वंशावलीज्ञ श्रीबखतमानसिंह बस्नेतले राणाकालका निकै फोटोहरूको सङ्ग्रह गर्नुभएको छ । उहाँको सो सङ्ग्रहमा श्री ३ जङ्गबहादुरकी बुहारी प. क. ज. पद्मजङ्गकी रानीले हुमाउ कल्की लाएको फोटो छ । यसको अतिरिक्त उहाँको सङ्ग्रहमा राणा किशोरीहरूले हुमाउ कल्की लाएका दुइटा फोटो छन् ।

यताबाट हरिप्रियादेवी मात्र राणाजीका आइमाईहरूमा कल्की लाउने हुन् भनी प्रमोदशमशेरजीले लेख्नुभएको कुरामा शङ्का उठ्न गएको छ ।

पुनश्च

श्रीकमल दीक्षितले वि. सं. २०३१ मा मदनपुरस्कारगूठीद्वारा प्रकाशित नेपाली त्रैमासिकको ६२ पूर्णाङ्कमा त्यसै वेलाको गोरखापत्रमा छापिएको श्री ३ देवशमशेरको राज्याभिषेकको बयान उतार्नुभएको छ। त्यस बयानमा देवशमशेरकी बडामहारानीले पनि राज्याभिषेकमा श्रीपेज पहिरेको कुरा पनि परेको छ—

ऋत्विगादी हरू ले अभिशेष भै श्री ३ महाराज बाट सेतो तासको जमारा गहना हरूर ललाटमा पट्टर शिरमा श्री पेच् पहिरी बक्सीयो श्री ३ बडा महारानी बाट पनी पट्टर श्री पेच् पहिरी बक्सीयोर सिंहासन राखी ये को डवली मा सवारी भै विधीपूर्वक दाहिने बुढी औंला समाती आचा र्य्यले सो सिंहासनमा श्री ३ बडामहारानी का दाहिनेतर्फराज गराया ....

(२, ४२ पृ.)

यसरी श्री ३ देवशमशेरकी बडामहारानीले श्रीपेच पहिरेको बयान पाइएकोले यस विषयमा अरू बढी खोजी गर्नुपर्ने भएको छ ।

# हाम्रा प्रकाशित कृति

### संशोधन–मण्डलतर्फबाट

| | | |
|---|---|---|
| १. | पूर्णिमा १ देखि ४० अङ्कसम्म | १५७।५० |
| २. | अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. | इतिहास–संशोधन | १३। |
| ४. | सावधान–पत्र | ६। |
| ५. | विद्या–रक्षा | ६। |
| ६. | व्याकरण–संशोधन | ३।५० |
| ७. | पञ्चाङ्ग–संशोधन | ३।५० |

(यी पुस्तक साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् ।)

| | | |
|---|---|---|
| ८. | बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. | पञ्चाङ्ग–संशोधन (१३–१५ सङ्ख्या) | १७५ |
| १०. | सावधान–पत्र (१८–३० सङ्ख्या) | २।८५ |
| ११. | रत्नदीप (करणग्रन्थ) | २।५० |
| १२. | वृत्तशतक (प्रसिद्ध गणितज्ञ भास्कराचार्यका पिता महेश्वराचार्यले बनाएको मुहूर्तग्रन्थ) | ३। |

### नेपाल–सांस्कृतिक–परिषद्तर्फबाट

| | | |
|---|---|---|
| १. | जयरत्नाकरनाटक | ८। |
| २. | त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. | ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| ४. | ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

### जगदम्बा–प्रकाशनतर्फबाट

| | | |
|---|---|---|
| १. | गल्लीमा पर्याकिएका कसिङ्गर | ६।२५ |
| २. | इतिहास–संशोधनको प्रमाण–प्रमेय | १८। |
| ३. | श्री ५ पृथ्वीनारायण शाहको उपदेश (५ खण्ड) | ४१। |

### त्रिभुवन–विश्वविद्यालय पाठ्यक्रम–विकास–केन्द्रतर्फबाट

| | | |
|---|---|---|
| १. | गोलबोध | १३।७२ |
| २. | सुमतितन्त्र (त्रिभुवन–विश्वविद्यालय संस्कृतअध्ययनसंस्थानको आयोजनामा तयार भएको) | |

कार्यालय-

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३५ चैत्र

यस अङ्कको मूल्य रु. १२।

मुद्रक-

लुष प्रेस

पुलचोक, ललितपुर, नेपाल